सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ पुस २०८२, मंगलबार (13 Jan 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कर्नर किक

● रवि मिश्र



चार महिनामा पनि भएन जेन-जी आन्दोलनका सबै घाइतेको वर्गीकरण

जिल्ला प्रशासनले विवरण नपठाउँदा समस्या

हालसम्म २२७ जनाको मात्रै वर्गीकरण, २२ सय ९६ घाइतेबारे सरकार बेखबर





● **आनन्द काफ्ले**
प्रवक्ता, गृह मन्त्रालय

सामान्य प्रकृतिका लागि त फरक पर्दैन, तर गम्भीर घाइतेलाई उपचारमा समस्या हुन्छ, गम्भीर रूपमा अपांगता भएकालाई भत्ता दिने भनिएको छ, त्यसबाट पनि वञ्चित हुने अवस्था हुन्छ। परिचयपत्र नलिने र वर्गीकरणमा समेत नपर्नेलाई सरकारले घाइते भनेर चिन्दैन, त्यसकारण घाइतेहरूलाई सम्पर्कमा आउन अनुरोध गरेका छौं।

(विस्तृत पृष्ठ ३)

कांग्रेसमा 'युद्धविराम'

विशेष महाधिवेशनको बन्दसत्रले नेतृत्व परिवर्तनसहितको कार्यविधि पारित गरेपछि सम्भावित पार्टी विभाजन रोक्न कांग्रेसका दुवै समूहले बनाए वार्ता टोली, आज निर्णायक छलफल

नेतृत्वले विशेष महाधिवेशनको स्वामित्व नलिए वा नीतिगत प्रस्तावलाई मान्यता नदिए इतरपक्ष मंगलबार नयाँ नेतृत्वको निर्वाचन प्रक्रिया थाल्ने तयारीमा, कार्यवाहक सभापति खड्काले आज बिहान ११ बजेका लागि बोलाए केन्द्रीय कार्यसमिति बैठक

■ जसले पाए कांग्रेस मिलाउने जिम्मा



पूर्णबहादुर खड्का | बालकृष्ण खाण | रमेश लेखक | प्रदीप पौडेल | गुरुराज घिमिरे | मधु आचार्य | देवराज चालिसे

पर्शुराम काफ्ले/नयाँ पत्रिका

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा सुरु भएको विशेष महाधिवेशनमा नेतृत्व परिवर्तनसहितको कार्यविधि पारित भएपछि विभाजन रोक्न कांग्रेसभित्र 'युद्धविराम' भएको छ। वार्ताका लागि सभापति शेरबहादुर देउवाले कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेका छन् भने महामन्त्रीद्वयले चार सदस्यीय समिति बनाएका छन्। दुवै पक्षका वार्ता समितिबिच मंगलबार वार्ता हुने तय भएको छ।

विशेष महाधिवेशनको दोस्रो दिन सभापति देउवाले निकटस्थ पदाधिकारीदेखि इतर समूहका नेता डा. शेखर कोइरालासमेतसँग

» पृष्ठ २ मा क्रमशः



● **बद्री पाण्डे**, सहमहामन्त्री

विशेष महाधिवेशनमा पारित कार्यविधिमा नयाँ नेतृत्वको निर्वाचन पनि रहेको विषयले संस्थापनलाई गम्भीर बनाएको छ। दुवैतर्फ चिन्ता बढ्दै गयो भने मिलनविन्दु भेटिएला। तर, अहिलेसम्म सहमतिको मिलनविन्दु भेटिएको छैन।



● **डा. प्रकाशशरण महत**, प्रवक्ता

विशेष महाधिवेशन वैधानिक छैन, आधिकारिकता दिँदैनौं र स्वामित्व पनि लिँदैनौं। भेलामा पार्टी नेतृत्व सहभागी हुने प्रश्न छैन। उहाँहरूको सुझाव नकार्ने अवस्था आउँदैन। नेतृत्व परिवर्तन नियमित महाधिवेशनभन्दा अगाडि सम्भव छैन।



● **अजयबाबु सिवाकोटी**, केन्द्रीय सदस्य

विशेष महाधिवेशनबाट पारित कार्यविधि, नीति र नेतृत्व परिवर्तनको एजेन्डाबाट एक इन्च पनि पछि हटेका छैनौं, यसमा परिवर्तन हुँदैन। नेतृत्व विशेष महाधिवेशनको स्वामित्व लिन तयार हुनुपर्छ र महामन्त्रीको प्रस्ताव कार्यान्वयन गर्ने प्रतिबद्धता चाहिन्छ।

■ कांग्रेसलाई 'रिबिल्डिङ' र 'रिब्रान्डिङ' गर्ने महामन्त्रीद्वयको प्रस्ताव



सोमबार विशेष महाधिवेशनको बन्दसत्र। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

यस्ता छन् प्रस्ताव

● कांग्रेस सरकारमा रहँदा सुशासन र सेवा प्रवाहमा पहलकदमी अपूर्ण भयो, अब त्यस्ता कमी-कमजोरी दोहोरिनेछैन। राज्यका संवैधानिक, नियामक अंग, विशिष्टीकृत अनुगमनकारी संस्थाहरूको स्वायत्तता सुनिश्चित गर्ने र दलीय राजनीतिक प्रभावबाट पूर्ण मुक्त गरिनेछ।

● निर्वाचन विजय हासिल गर्ने प्रयोजनका लागि वा पराजित हुने त्रासले जोसँग जहाँ र जहिले पनि गठबन्धन वा सहकार्य गर्ने र अर्को पार्टीलाई मत माग्ने प्रवृत्तिको अन्त्य गर्छौं, खारेज गर्छौं। कांग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनमा निर्वाचनपूर्व गठबन्धन गर्नेछैन। मतदातालाई चुनावचिह्न रुखमा मात्रै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्छौं। कांग्रेस सत्ता र लेनदेनको राजनीति त्यागेर आदर्श, सिद्धान्त, मूल्यमा आधारित राजनीति गर्नेछ।

● सार्वजनिक पद धारण गरेका व्यक्ति कानुनको अधीनमा रहने, नीतिगत निर्णयको ठोस परिभाषा तय गरी त्यसबाहेकका मन्त्रिपरिषद्का बैठकका निर्णयलाई पनि अख्तियारको

» पृष्ठ २ मा क्रमशः

बाह्य शक्ति नै लागेका हुन् भने त पार्टी मिल्दैन : देउवा

कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टी विभाजन हुने अवस्था आए त्यसमा अन्तर्राष्ट्रिय शक्ति केन्द्रको भूमिकाले काम गर्ने बताएका छन्। दिनभर निकट नेताहरूसँग संवादमा बसेका देउवाले महामन्त्रीहरू विवेकमा चल्छन् वा परिचालित हुन्छन् भन्ने गम्भीर प्रश्नसमेत उठाएका छन्। 'हामी संकटमा छौं। पार्टी मात्र नभएर देश नै बचाउनुपर्नेछ। तपाईंहरू प्रयास गर्नुस्,' देउवालाई उद्धृत गर्दै छलफलमा रहेका केन्द्रीय सदस्य रामहरि खतिवडाले भने, 'अरू नै शक्ति लागेको भए पार्टी फुट्छ, अन्यथा पार्टी फुट्छ जस्तो मलाई लाग्दैन। अरू नै लागेका हुन् भने त के मिलाउलान् र!' देउवाले कार्यवाहक सभापति खड्कालाई दिइसकेको अवस्थामा आफूलाई दुईतिहाइ महाधिवेशन प्रतिनिधिले मात्रै हटाउन सक्ने पनि बताएका थिए। महामन्त्रीद्वयले बोलाएको विशेष अधिवेशनको कुनै वैधानिकता नरहने देउवाको भनाइ थियो। 'परिस्थिति जटिल भएको छ। एक ढिक्का भएर निर्वाचन र आगामी नियमित महाधिवेशनको तयारी गर्नुस्। विशेष महाधिवेशन वैधानिक छैन, त्यसकारण यसको भ्रममा नपर्नुस्,' देउवाको भनाइ उद्धृत गर्दै छलफलमा सहभागी कांग्रेसका निवर्तमान प्रमुख सचेतक श्याम घिमिरेले नयाँ पत्रिकासँग भने, 'दुवै महामन्त्रीहरू भविष्य भएका मानिस हुन्। उनीहरू पनि संवेदनशील होलान्। फुटसम्म त पुऱ्याउँदैनन् कि।'

नेपाल-भारत अन्तरदेशीय अनलाइन भुक्तानी

१५ महिनामा चार अर्ब ५३ करोडको कारोबार



भारतीय पर्यटकले नेपालमा क्युआरमार्फत मासिक १३ करोडदेखि ४४ करोडसम्म भुक्तानी गरेको राष्ट्र बैंकको तथ्यांक

नेप्से पुनर्संरचनासम्बन्धी प्रतिवेदन अर्थ मन्त्रालयमा

रणनीतिक साझेदार भित्र्याउन सुझाव

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

४ माघदेखि राष्ट्रिय सभाको अधिवेशन

जेन-जी आन्दोलनपछि पहिलोपटक राष्ट्रिय सभा बैठक बस्दै

सिंहदरबारस्थित तत्कालीन कृषि समितिको हलमा बैठक



नयाँ पत्रिका

प्रतिनिधिसभा विघटन भई २१ फागुनका लागि निर्वाचन तयारी भइरहेको वेला संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभाको अधिवेशन आह्वान भएको छ। मन्त्रिपरिषद्को बैठकले सिफारिस गरेअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले अधिवेशन आह्वान गरेका छन्। पौडेलले आगामी ४ माघको बिहान ११ बजे पहिलो बैठक बस्ने गरी आह्वान गरेका हुन्।

» पृष्ठ २ मा क्रमशः

■ समानुपातिक बन्दसूची हेरफेर

१७ दलका ८५ जनाले फिर्ता लिए उम्मेदवारी

पार्टी एकता वा विभाजनको समीकरण मिलाउन र आन्तरिक असन्तुष्टि व्यवस्थापन गर्न उम्मेदवारको नाममा हेरफेर

● कांग्रेस २, एमाले ५, नेकपा ३, रास्वपा १७, जसपा नेपाल २१, राप्रपा १२ र बाँकी दलबाट २५ ले लिए नाम फिर्ता

● २ माघसम्म दलले फिर्ता लिएको ठाउँमा नयाँ उम्मेदवारको नाम पेस गर्ने र ४ माघमा बन्दसूचीको प्रारम्भिक नामावली सार्वजनिक गर्ने निर्वाचन आयोगको कार्यतालिका छ।



प्रेम गौतम/नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि १७ वटा दलका तर्फबाट समानुपातिक बन्दसूचीमा समावेश ८५ जनाले आफ्नो नाम फिर्ता लिएका छन्। निर्वाचन आयोगले सोमबार बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म नाम फिर्ता लिने समय तोकेको भए पनि राति अबेरसम्म निवेदन पर्ने क्रम जारी छ। पार्टी एकता वा विभाजनको समीकरण मिलाउन र आन्तरिक असन्तुष्टि व्यवस्थापन गर्न दलहरूले समानुपातिक बन्दसूचीमा रहेका उम्मेदवारको नाममा हेरफेर गरेका हुन्।

» पृष्ठ २ मा क्रमशः

फास्ट ट्र्याककै जटिलमध्येको पुल तयार

७०.९७ किमि फास्ट ट्र्याकमा रहने ८९ पुलमध्ये मकवानपुरको लेनडाँडामा बनेको योसहित नौ सम्पन्न



● **सहायक रथी राजाराम बस्नेत**, सूचना अधिकारी, सेना

फास्ट ट्र्याकअन्तर्गत सबैभन्दा आग्लो पुल करिब-करिब तयार भएको छ। निर्माणमा संलग्न गाडीहरू अहिले सोही पुलमाथि गुड्न थालेका छन्। अबको केही दिनभित्रै उद्घाटन गर्ने योजना छ। यो फास्ट ट्र्याक निर्माणअन्तर्गत अर्को ब्रेक थ्रु हो।

टेकराज थामी/नयाँ पत्रिका

बहुप्रतीक्षित काठमाडौं-निजगढ द्रुतमार्ग (फास्ट ट्र्याक)अन्तर्गत सबैभन्दा अग्लो पुल तयार भएको छ। मकवानपुरको लेनडाँडा क्षेत्रमा ८२ मिटर उचाइ र ३३९ मिटर लम्बाइ रहेको पुल निर्माण भएको हो। फास्ट ट्र्याक निर्माण गरिरहेको सेनाका अनुसार यो पुल एसियाकै जटिलमध्येको हो।

सेनाका सूचना अधिकारी सहायक रथी राजाराम बस्नेतले फास्ट ट्र्याकअन्तर्गतको सबैभन्दा अग्लो पुलको निर्माण कार्य पूर्ण रूपमा सम्पन्न हुने चरणमा पुगेको र केही दिनमै उद्घाटन गरिने बताए। 'फास्ट ट्र्याकअन्तर्गत सबैभन्दा अग्लो पुल करिब-करिब तयार भएको छ। निर्माणमा संलग्न गाडीहरू अहिले सोही पुलमाथि गुड्न थालेका छन्। अबको केही दिनभित्रै उद्घाटन गर्ने योजना छ। यो फास्ट ट्र्याक निर्माणअन्तर्गत अर्को ब्रेक थ्रु हो।'

» पृष्ठ २ मा क्रमशः

■ उद्घाटन गर्ने तयारीमा सेना

१६ पिलर रहेको पुलको उचाइ ८२ मिटर, लम्बाइ ३३९ मिटर



तस्बिर सौजन्य : नेपाली सेना

बैतडीमा जिप दुर्घटनामा एकै वडाका तीनसहित चारको मृत्यु

■ चालकसहित ६ घाइते

■ बैतडी सदरमुकाम हिँडेको गाडी थप यात्रु पाएपछि लागेको थियो डडेलधुरातिर

बैतडीमा **लोकेश साउद**

बैतडीको पाटन नगरपालिका- ८, विजयपुरनजिकै सोमबार बिहान बोलेरो जिप दुर्घटना हुँदा एउटै वडाका तीनसहित चारजनाको मृत्यु भएको छ। ६ जना घाइते भएका छन्। सुर्नया गाउँपालिका- ६, मोतीनगरबाट डडेलधुराका लागि छुटेको म.१ज २२४ नम्बरको जिप सडकबाट करिब दुई सय मिटर तल खस्दा तीनजनाको घटनास्थलमा र एकजनाको उपचारका क्रममा मृत्यु भएको बैतडीका डिएसपी दीपककुमार रायले बताए।

दुर्घटनामा डडेलधुराको आलिताल गाउँपालिका- ३ का १३ वर्षीय राकेश

» पृष्ठ २ मा क्रमशः



दुर्घटनाग्रस्त बोलेरो

१७ दलका...

पृष्ठ १ बाट क्रमशः

एमालेका खस-आर्यतर्फ ठाकुरप्रसाद शर्मा र लालबहादुर रावल, आदिवासी जनजातितर्फ विजयसिंह लामा र हिरूसरा राना, मधेशीतर्फ अंशु सिंहले नाम फिर्ताका लागि निवेदन दिएका छन् । कांग्रेसबाट खस-आर्यतर्फ ध्रुवबहादुर मल्ल र सिर्जना मल्लले नाम फिर्ताका लागि निवदेन दिएका छन् ।

नेकपाबाट मधेशीतर्फ अरबिन्द दास र कमलराय यादवको उम्मेदवारी फिर्ताको निवेदन परेको छ । नेकपाबाट रञ्जिता श्रेष्ठसहितको नाम संशोधित सूचीमा पारेको छ । पञ्चा सिंहको नाम फिर्ता लिएर नागरिक उन्मुक्तिबाट नेकपा प्रवेश गरेकी रञ्जिताको नाम समावेश गरिएको हो ।

यस्तै, रास्वपाबाट सुनीता न्हेमाफुकीले नाम फिर्ता लिन निवेदन दिएकी छिन् । विपिन आचार्य, कुलमान पक्षका रिमा विश्वकर्माबाहेक १७ जनाको नाम सम्बोधन गरेर पठाएको रास्वपा नेता गणेश पराजुलीले बताए । जसपा नेपालबाट २१ जना उम्मेदवारले नाम फिर्ताका लागि निवेदन दिएका छन् । लोसपाका उम्मेदवारको नाम समेट्ने गरी उनीहरूले नाम फिर्ता लिन निवेदन दिएका हुन् ।

राप्रपाबाट १२ जनाले बन्दसूचीबाट नाम फिर्ताका लागि निवेदन दिएका छन् । राष्ट्रिय परिवर्तन पार्टीको उज्यालो पार्टीसहित ४९ जनाको संशोधित बन्दसूची पेस भएको छ । जसमा अनुपकुमार उपाध्याय, सीतादेवी पाण्डेय, देवकी पौडेल, दिनेशचन्द्र खनाल, सूर्यबहादुर खत्री, भुवनेश्वरी खरेल, महेन्द्र लावती, ज्योतिका राई, अजयकुमार चौधरी, बालिका चौधरी, चुनावकुमार बल, लक्ष्मी चुनारा, राजेश प्रतेल, तेजनारायण यादव, सनिलकुमार साह, डकेन्द्रसिंह लिम्बू, तुलासा वाइबा, माया डोल्मा लामा, अम्बिकाकुमारी मगरलगायतको नाम समेटिएको छ ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार निवेदन दिएका दलहरूलाई मंगलबार नाम फिर्ता लिएको जानकारी दिइनेछ ।

४ माघदेखि...

पृष्ठ १ बाट क्रमशः

'सरकारको सिफारिसमा माघ ४ गते आइतबारका दिन ११ बजे संघीय संसद् सचिवालय सिंहदरबारमा राष्ट्रिय सभाको अधिवेशन आह्वान भएको' राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले सोमबार जारी गरेको विज्ञप्तिमा छ । सरकारको सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान र अन्त्य गर्ने व्यवस्था छ । सभाको बैठक सिंहदरबारस्थित तत्कालीन कृषि समितिको बैठक बस्ने हलमा बस्दै छ । जेन-जी आन्दोलनको क्रममा नयाँ बानेश्वरस्थित संसद् भवनमा आगजनी भएकाले सिंहदरबारमा बैठक बस्ने गरी बोलाइएको हो । जेन-जी आन्दोलनपछि पहिलोपटक राष्ट्रिय सभा बैठक बस्न लागेको हो । जेन-जी आन्दोलनपछि सुशीला कार्की नेतृत्वको सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी २१ फागुनका लागि निर्वाचन तोकेका छन् । सरकारको सिफारिसमा राष्ट्रपतिले गत ३१ भदौमा राष्ट्रिय सभाको अधिवेशन अन्त्य गरेका थिए ।

■ अधिवेशनमा के हुन्छ ?

संघीय संसद्ले कानुन बनाउने भएकाले एउटा सभाले मात्रै कानुन बनाउन सक्दैन । तर, जनप्रतिनिधिको भूमिका राष्ट्रिय सभाले खेल्न सक्छ । सरकारको कामको निगरानी र खबरदारी गर्न सक्छ । विभिन्न प्रस्ताव आउन सक्छन् । सांसदहरूले विषयगत र क्षेत्रगत विषय उठाउन सक्छन् । 'संघीय संसद्ले कानुन बनाउने हो । तर, एउटा सभाले मात्रै कानुन बन्दैन । राष्ट्रिय सभाले विचाराधीन विधेयक र अध्यादेश अगाडि बढाउन सक्छ । सरकारलाई निगरानी गर्न भूमिका हुन्छ, जनप्रतिनिधित्वको भूमिका खेल्छ र विभिन्न प्रस्ताव आउन सक्छन्,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने ।

अधिवेशनमा विचाराधीन विधेयक र अध्यादेशमाथि पनि छलफल हुनेछ । राष्ट्रिय सभामा पाँच विधेयक विचाराधीन छन् । सभामा विचाराधीन अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक छन् भने तीनवटा विधेयक विधायन समितिमा विचाराधीन छन् । जसमा पर्यटन विधेयक, चलचित्र विधेयक र सामाजिक सञ्जाल विधेयक छन् । यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश र नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश छन् ।

कांग्रेसलाई...

पृष्ठ १ बाट क्रमशः

छानबिनको दायराभित्र ल्याउने गरी भ्रष्टाचार निवारण ऐन र अख्तियार ऐन संशोधन गरिनेछ ।

● राज्यका संस्थाहरूलाई दलीयकरणबाट मुक्त गरिनेछ । यस्तो व्यवस्था विश्वविद्यालय, विद्यालय तथा अन्य सम्पूर्ण सार्वजनिक निकायमा पनि कार्यान्वयन गरिनेछ ।

● मन्त्री, सांसद र उच्चपदस्थ राजनीतिक व्यक्तिहरूले अनिवार्य रूपमा शपथ लिनुपूर्व आफ्नो सम्पत्ति सार्वजनिक घोषणा गर्ने, पदमा रहँदा र पद छाड्दा सम्पत्तिको तुलना गरिने व्यवस्था कडाइका साथ लागू गर्ने प्रणाली विकास गरिनेछ । आवश्यक कानुनको संशोधन गरिनेछ ।

● २०६३ पछि सार्वजनिक पदमा रहेका वा नरहेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गर्नका लागि उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गरिनेछ । आयोगलाई पूर्वन्यायाधीश, सेनाका



पूर्वअधिकारीलगायत सम्पूर्ण व्यक्तिको सम्पत्ति छानबिनको समेत अधिकार प्रदान गरिनेछ । पार्टीबाट सबै तहको सार्वजनिक पदमा जानुपूर्व सम्पत्ति सार्वजनिक गर्नैपर्ने बाध्यकारी बनाइनेछ ।

● अख्तियारको दुरुपयोग वा भ्रष्टाचार आरोप लागेका कुनै पनि तहका नेता र सदस्यलाई पार्टीले संरक्षण नगर्ने तथा औपचारिक रूपमा आरोप लागेको मितिदेखि पदबाट स्वतः निलम्बन हुनेछ ।

● सभापतिदेखि हरेक तहमा विभिन्न जिम्मेवारीमा रहेका सबै अनिवार्य रूपमा तल्लो तह (वडा)बाट निर्वाचित भएर आउनुपर्नेछ ।

● पार्टीभित्र सम्बन्धित तहका सदस्यबाट आन्तरिक प्रतिस्पर्धा (प्राइमरी निर्वाचन)को व्यवस्था गरी सबैभन्दा बढी मत ल्याउने महिलासहित तीनजना व्यक्तिमध्येबाट सम्बन्धित तहमा उम्मेदवार बनाउने प्रणाली लागू गरिनेछ ।

● समानुपातिक निर्वाचन प्रणालीबाट सांसद हुने अवसर एक व्यक्तिका लागि एकपटक मात्रै हुने गरी व्यवस्था गरिनेछ ।

● पेसागत र व्यावसायिक क्षेत्रका व्यक्तिलाई पार्टीको संरचनामा आबद्ध गर्न निर्वाचनमा निश्चित प्रतिशत उम्मेदवार बनाउने गरी छड्के प्रवेश (ल्याटरल इन्ट्री)को व्यवस्था गरिनेछ ।

● कांग्रेसले प्रमुख राजनीतिक दल तथा सरोकारवालाहरूसँग संवाद र परामर्श गरी संविधान संशोधन गर्न पहल गर्नेछ ।

● नो भोटको कानुनी सुनिश्चितता र विदेशमा रहेका नेपालीहरूको मतदानको अधिकार सुनिश्चित गरिनेछ । दलहरूलाई राज्यकोसमार्फत अनुदान उपलब्ध गराउने र दलहरूको आर्थिक गतिविधिमा कठोर वित्तीय अनुशासन कायम गर्ने व्यवस्था लागू गरिनेछ ।

● प्रधानमन्त्री दुई कार्यकाल मात्रै हुनेछ । कांग्रेसबाट कोही पनि व्यक्ति तेस्रोपटक प्रधानमन्त्री हुनेछैन ।

● देशव्यापी रूपमा देखिएको प्रियतावाद (पपुलिज्म) र अराजकतावादको प्रवृत्ति रोकी उदार तथा समावेशी लोकतन्त्र र बहुलवादी समाजको संवर्द्धन र प्रवर्द्धन गरिनेछ ।

● केन्द्रीय कार्यसमितिमा ३० वर्षमुनिका २० र ३०-४० का २० गरी ४० जनाको प्रतिनिधित्व रहने, जिल्ला, संघीय क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका कार्यसमितिमा न्यूनतम ६/६ जना, वडा कार्यसमितिमा न्यूनतम ४/४ जना रहने । केन्द्र र प्रदेश महाधिवेशन प्रतिनिधि हरेक विर्नाचन क्षेत्रबाट न्यूनतम २ महिला र न्यूनतम १ जना ३० वर्षमुनिको पर्ने गरी जम्मा ४ जना प्रतिनिधि सुनिश्चित हुने । प्रदेश कार्यसमितिमा दुवै उमेरका १०/१० जना रहने, केन्द्र र प्रदेश महाधिवेशन प्रतिनिधि हरेक निर्वाचन क्षेत्रबाट न्यूनतम २ महिला र न्यूनतम १ जना ३० वर्षमुनिको पर्ने गरी जम्मा ४ जना प्रतिनिधि सुनिश्चित हुने ।

● विदेशमा एक दशकभन्दा बढी बसेका र महाधिवेशनभन्दा २ वर्षअघि परिवारसहित फर्केका नेपालीहरूमध्ये वडादेखि केन्द्रसम्म प्रत्येक तहमा न्यूनतम १ महिलासहित ३ जनाको सहभागिता गराइनेछ ।

● देशको समयलाई कुनै वेला कांग्रेसले आफूअनुकूल बदलेको थियो, आज बदलिएको समयअनुकूल कांग्रेसले आफूलाई बदल्नुछ । हामी बदलिन सक्छौं, बदल्न सक्छौं, कांग्रेसलाई रिबिल्डिङ र रिब्रान्डिङ गर्नेछौं ।

कांग्रेसमा...

पृष्ठ १ बाट क्रमशः

चरणबद्ध छलफल गरेपछि सोमबार साँझ महामन्त्रीद्वयसँग संवादका लागि तीनजना नेतालाई जिम्मेवारी दिएका हुन् । सभापति देउवाले कार्यवाहक सभापति खड्का तथा नेताद्वय रमेश लेखक र बालकृष्ण खाणलाई उक्त जिम्मेवारी दिएका छन् ।

यस्तै, संस्थापन पक्षको यो जानकारीसँगै महामन्त्री थापा र शर्माले पनि संवादका लागि चार सदस्यीय टोली गठन गरेका छन् । वार्ता टोलीमा नेताहरू प्रदीप पौडेल, मधु आचार्य, गुरुराज घिमिरे र देवराज चालिसे छन् । दुवै पक्षको वार्ता टोलीबिच मंगलबार बिहान छलफल गर्ने सहमति छ ।

'विशेष महाधिवेशनको जारी प्रक्रिया कायम राख्ने गरी पार्टी नेतृत्वसँग छलफल गर्न चारजना नेताहरूलाई महामन्त्रीद्वयले जिम्मेवारी दिनुभएको छ,' महामन्त्री थापानिकट केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले नयाँ पत्रिकासँग भने ।

वार्ता समिति गठन भए पनि दुवै पक्षले आ-आफ्ना तयारी अगाडि बढाएका छन् । विशेष महाधिवेशन पक्षधरले नयाँ नेतृत्व चयनसम्मका कार्यसूचिसहित काम गरिरहेको छ । अर्कोतर्फ कार्यवाहक सभापति खड्काले मंगलबार बिहान पार्टीको केन्द्रीय कार्यसमितिको बैठक आह्वान गरेका छन् ।

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको आह्वानअनुसार आइतबार सुरु भएको विशेष महाधिवेशनको दोस्रो दिन नेतृत्व परिवर्तनसहितको कार्यविधि पारित भएको छ । यसले संस्थापन पक्षलाई भस्काएको छ ।

सभापति देउवा, कार्यवाहक सभापति खड्का र नेता डा. शेखर कोइरालालगायतका नेता पार्टीको संकट समाधानका लागि आपसी छलफल गरे पनि विशेष महाधिवेशनलाई मान्यता दिने विन्दुमा पुगेका छैनन् । नेतृत्वले विशेष महाधिवेशनको स्वामित्व नलिए वा नीतिगत प्रस्तावलाई मान्यता नदिए इतरपक्ष मंगलबार नयाँ नेतृत्वको निर्वाचन प्रक्रिया थाल्ने तयारीमा छ ।

सोमबार विशेष महाधिवेशनको बन्दसत्रको सुरुवातमै कार्यविधि पारित भएको थियो । जसमा नीति र नेतृत्व परिवर्तनसमेतका प्रावधान उल्लेख छन् । कार्यविधि पारित भएपछि महामन्त्रीद्वय थापा र शर्माद्वारा प्रस्तुत नीतिगत र सांगठनिक प्रस्ताव बन्दसत्रमा पेस भएको थियो । त्यसपछि प्रतिनिधिलाई नौ समूहमा विभाजन गरेर महामन्त्रीद्वयको प्रस्तावमा छलफल गर्न र आ-आफ्ना टोलीनेताबाट सुझाव पेस गर्न भनिएको थियो । तर, सोमबार साँझसम्म समूहगत छलफल नसकिएका कारण मंगलबार पुनः बन्दसत्र लम्ब्याइएको छ । नेतृत्वले त्यसवेलासम्म सहमतिका लागि अग्रसरता नलिए र नीतिगत प्रस्ताव पारित भएसँगै नयाँ नेतृत्व चयन अघि बढ्ने कार्यतालिका छ ।

विशेष महाधिवेशन प्रचारप्रसार समिति संयोजक सुवास पोखरेलका अनुसार मंगलबार ९ बजे छलफल हुने बन्दसत्रमा प्राप्त सुझावका आधारमा महामन्त्रीद्वयको राजनीतिक र सांगठनिक प्रस्ताव तथा संकल्प प्रस्ताव पारित हुनेछ । 'त्यसपछि कठोर प्रक्रिया सुरु हुन्छ, विशेष महाधिवेशनले निर्वाचनको प्रक्रिया अघि बढाउनेछ,' पोखरेलले भने, 'पारित गरेको नीतिका आधारमा पार्टी हाँक्ने गतिलो पाइलट छान्ने प्रक्रिया सुरु हुन्छ । यसका लागि हल बुक भइसकेको छ ।'

यद्यपि, केन्द्रीय समितिले विशेष महाधिवेशनको स्वामित्व लिएमा नेतृत्व परिवर्तन प्रक्रियाबारे छलफल हुने उनको भनाइ थियो । उनले ६३ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधि सहभागी भएको दाबी गरे ।

केन्द्रीय समितिले स्वामित्व नलिए वा नेतृत्वले रेस्पोन्स नगरे मंगलबार विशेष महाधिवेशनको बन्दसत्रमा पार्टीको निर्वाचन समिति, अनुशासन समिति र केन्द्रीय समिति भंग गर्ने तयारी छ । 'त्यसपछि निर्वाचन समिति गठन गरेर नयाँ नेतृत्व प्रक्रिया अघि बढाउँछौं,' विशेष महाधिवेशन सचिवालय प्रमुख नेता मनोजमणि आचार्यले भने, 'विशेष महाधिवेशनको समापनसम्म हलमा नेतृत्व आउनुपर्छ र यसको अपनत्व लिनुपर्छ । यदि नेतृत्वले अपनत्व लियो भने त्यहीअनुसार जान्छ । नेतृत्वले अपनत्व लिएन भने नेतृत्व परिवर्तनमा जाने हो । विशेष महाधिवेशनको हल नेतृत्व परिवर्तनको मुडमा छ ।'

कांग्रेस सभापति शेरबहादुर देउवा सोमबार दिनभरि निवासमा पार्टीका नेताहरूसँग चरणबद्ध छलफलमा थिए । देउवाले कार्यवाहक सभापति खड्का र नेता डा. कोइरालालाई महामन्त्रीद्वयसँग छलफल गर्न भनेका थिए । उनले पार्टीका निकटस्थ केन्द्रीय नेताहरूसँग पनि छलफल गरेका थिए ।

कार्यवाहक सभापति खड्काले मंगलबार बिहान ११ बजे केन्द्रीय कार्यसमितिको बैठक आह्वान गरेका छन् । सोमबार दिनभरि सभापति देउवा, नेता डा. कोइराला तथा महामन्त्रीद्वय थापा र शर्मासँग भेटवार्ता र छलफलमा रहेका खड्काले बैठक बोलाएका छन् ।

आगामी वैशाख अन्तिम साता नियमित महाधिवेशन गर्ने केन्द्रीय कार्यसम्पादन समितिको निर्णय सदर गराउन बैठक बस्न लागेको एक नेताले बताए । 'केन्द्रीय कार्यसम्पादन समितिको निर्णय अनुमोदन गराउनका लागि बैठक आह्वान भएको हो, पार्टीको आन्तरिक संकटका विषयमा पनि छलफल हुन्छ,' संस्थापन पक्षका एक नेताले नयाँ पत्रिकासँग भने ।

केन्द्रीय कार्यालयले बैठकसम्बन्धी सूचना जारी गर्नुअघि कार्यवाहक सभापति खड्काले अपिल जारी गरी पार्टी एकतामा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्न आह्वान गरेका छन् । 'देशको विषम परिस्थितिप्रति गम्भीर हुँदै पार्टीभित्र उत्पन्न असहज अवस्था समाप्त पार्न जरुरी छ । यस अवस्थामा पार्टी एकतामा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्न सम्बन्धित सबैमा हार्दिक अपिल गर्दै पार्टीमा सम्पूर्ण एकताका साथ अगाडि बढ्न हार्दिक अनुरोध गर्दछु,' खड्काले भनेका छन् ।

उनले प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरेपछि आगामी वैशाखमा १५औं महाधिवेशनबाट कांग्रेसको नीतिमा आवश्यक परिमार्जन र नेतृत्व सहज रूपले परिवर्तन गर्न सकिने अवस्था सुनिश्चित रहेको पनि ध्यानाकर्षण गराएका छन् । 'तसर्थ, अहिले प्रतिनिधिसभा निर्वाचनमा सम्पूर्ण पार्टीपंक्ति एकताबद्ध भई अभियानको रूपमा लाग्न आवश्यक छ,' उनले भनेका छन् ।

गर्जाङ उपत्यका हाइड्रो पावर लिमिटेड
विजुली बजार, थापागाउँ, काठमाडौं, फोन नं. ०१-५२४४३७७

बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२९)

आदरणीय शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८२/०९/०२ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको बाह्रौं वार्षिक साधारण सभा मिति २०८२/०९/३० गते बुधवार (तद्नुसार जनवरी १४, २०२६) बिहान ११ बजे श्री होटेल भादगाउँ एण्ड रिसोर्ट पब्लिक लिमिटेड, बाराहिस्थान-०४, भक्तपुरमा संचालन हुने बारे मिति २०८२ पौष ८ र ९ गतेको नयाँ पत्रिकामा सुचना प्रकाशित गरिएकोमा विशेष कारणवश सो मितिमा साधारण सभा गर्न कम्पनी असमर्थ भएको कारणले कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान :
मिति : २०८२/१०/१७ गते शनिवार (तद्नुसार जनवरी ३१ ,२०२६)
समय : बिहान ११:०० बजे
स्थान : श्री होटेल भादगाउँ एण्ड रिसोर्ट पब्लिक लिमिटेड, बाराहिस्थान -०४, भक्तपुर ।

(ख) वार्षिक साधारण सभाको लागि छलफलको विषयहरू :
सामान्य प्रस्ताव
१. संचालक समितिको तर्फबाट अध्यक्षजूले २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहित आ.व.२०८१/८२ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरू) माथि छलफल र पारित गर्ने ।
३. संचालक समितिको बैठकबाट नियुक्त गरेको संचालकहरूको अनुमोदन/चयन गर्ने ।
४. कम्पनीको आ.व. २०८२/८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरू अनुमोदन गर्ने ।
६. विविध ।

विशेष प्रस्ताव
१. प्रवन्धपत्र तथा नियमावली संशोधन वा परिमार्जन गर्नु परेमा संचालक समितिलाई अख्तियारी दिने ।
२. सर्वसाधारणलाई प्रारम्भिक सार्वजनिक निष्काशन (**IPO**) जारी गर्ने र सो निष्काशनबाट प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।
३. विविध ।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

Bagmati Rural Municipality
Office of the Rural Municipal Executive
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

Invitation for Electronic Bids for the Procurement of Works

Date of Publication: 2082/09/29 (13th Jan. 2026)

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible bidders for the procurement of following items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Makwanpur. Tel: 9849162772/9765744115/9866484834, website: http://bagmatimunmakawanpur.gov.np/ or may visit PPMO e-GP system: https://www.bolpatra.gov.np/egp/.

Contract ID/IFB No.	Description of Particulars	Cost of Bidding Document (NRs.)	Amount of Bid Security (NRs.)	Remarks
BRM/NCB/WORKS/007/2082/083	Construction of RCC Framed Administrative Building at Bagmati Rural Municipality	10,000/-	27,06,000/-	

Chief Administrative Officer

फास्ट ट्र्याककै...

पृष्ठ १ बाट क्रमशः

दुईतर्फ सुरुङमार्गलाई जोड्ने यो नेपालकै पहिलो र हालसम्मकै अग्लो पुल हो । छुट्टाछुट्टै दुई लेनमा निर्माण गरिएको पुलमा पिलर मात्रै १६ वटा हालिएका छन् । चिनियाँ कम्पनी पोली छड्दा इन्जिनियरिङ कर्पोरेसनले यो पुल निर्माण गरेको हो । प्याकेज २ र ४ अन्तर्गत निर्माण हुँदै गरेको यसलाई एसियाकै नमुना पुलको रूपमा लिइएको छ ।

फास्ट ट्र्याकअन्तर्गत सबै गरी ८९ पुल निर्माण हुने भनिएका छन् । जसमध्ये नौ पुलको निर्माण कार्य पूरा भइसकेको छ । सेनाका अनुसार निर्माणाधीनमध्ये अधिकांश पुलको फाउन्डेसन कार्य सकिएको छ । ती पुलको अहिले सुपरस्ट्रक्चर निर्माणको काम चलिरहेको सहायक रथी बस्नेतले बताए ।

६ किमि सुरुङमार्ग निर्माण सम्पन्न

सेनाले फास्ट ट्र्याकअन्तर्गत सात सुरुङमार्ग निर्माण गर्दै छ । जसको कुल लम्बाइ १०.९०१ किमि छ । मंसिर मसान्तसम्मको प्रगति विवरणअनुसार ६.०७७ किमि सुरुङमार्गको निर्माण कार्य पूरा भइसकेको छ । यो कुल लम्बाइको ५५.७४ प्रतिशत हो । बाँकी ४.८२४ किमि सुरुङमार्ग निर्माण भने जारी छ । सुरुङमार्गको अधिकांश भाग पनि पोली छड्दाले नै गर्दै आएको छ । बाँकी भागमा चाइना स्टेट कन्स्ट्रक्सन एन्ड इन्जिनियरिङ कर्पोरेसनले निर्माण गरिरहेको छ ।

सेनाका अनुसार निर्माणाधीनमध्ये महादेवटार खण्डको ३.३५५ किमि सुरुङमार्ग ब्रेक थ्रु हुने चरणमा पुगेको छ । मंसिर मसान्तसम्मको तथ्यांकअनुसार जसको कुलमध्ये ०.९६० किमि खण्ड मात्रै निर्माण हुन बाँकी छ । त्यस्तै, चन्द्राम भिरअन्तर्गतको २.२५० किमि सुरुङमार्गको दायाँ भागमा ०.३७० किमि र बायाँ भागमा ०.२६६ किमि प्रगति भएको छ । बाँकी देवीचौर, सिसौटार र मौरीभिर खण्डको सुरुङमा भने ट्र्याक खोल्ने कार्य हुँदै छ । जसको लम्बाइ क्रमशः १ किमि, ०.३९० किमि र ०.५९४ किमि छ । सैनिक सूचना अधिकारी बस्नेतले भने, 'हालसम्म ६ किमिभन्दा धेरै सुरुङमार्ग निर्माण सम्पन्न भएका छन् । अब करिब साढे ४ किमि निर्माण गर्न बाँकी छ । काम धमाधम भइरहेको छ ।'

फास्ट ट्र्याकको कुल भौतिक प्रगति करिब ४५ प्रतिशत

७०.९७ किमि फास्ट ट्र्याकको छुट्टाछुट्टै १३ प्याकेजमा काम भइरहेको छ । कुल भौतिक प्रगति ४४.४३ प्रतिशत मात्रै छ । अर्थात् ५५.५७ प्रतिशत भाग बाँकी नै छ । जसले निर्धारित समयभित्रै निर्माण सकिनेमा आशंका छ । सेनाले निर्माणका लागि हालसम्म पाएको समय अब १५ महिना मात्रै अर्थात् ०८३ चैतसम्मको समय छ ।

सेनाले फास्ट ट्र्याक निर्माणको जिम्मा २१ वैशाख ०७४ मा पाएको थियो । दुई वर्ष डिपिआर(विस्तृत परियोजना प्रतिवेदन) विनै काम गऱ्यो । कोरियन कम्पनीले बनाएको डिपिआर १ भदौ ०७६ मा बल्ल स्वीकृत भयो । सेनाले सोही दिनलाई फास्ट ट्र्याक निर्माणको प्रस्थान विन्दु मान्दै आएको छ ।

सोही दिनबाट गणना गर्दा पनि सेना फास्ट ट्र्याकमा संलग्न भएको ६ वर्ष भइसकेको छ । यस अवधिमा फास्ट ट्र्याक निर्माणको भौतिक प्रगति प्रतिवर्ष ७.४०५ प्रतिशत मात्रै भएको देखिन्छ । बाँकी ५५.५७ प्रतिशत काम अबका १५ महिनामा पूरा गर्नु मुस्किल देखिन्छ । निर्धारित समयमै काम सक्ने हो भने सेनाले प्रतिमहिना ३.७० प्रतिशतले कामको रफ्तार बढाउनुपर्ने हुन्छ, जुन सम्भव देखिन्न ।

फास्ट ट्र्याक निर्माणका लागि कुल बजेट दुई खर्ब ११ अर्ब निर्धारण भएको छ । जसमध्ये ४५.२२ प्रतिशत अर्थात् ९५ अर्ब ४१ करोड ४२ लाख खर्च भइसकेको छ । सेनाका सूचना अधिकारी बस्नेतले फास्ट ट्र्याकको भौतिक प्रगति आशालाग्दो ढंगले वृद्धि भएको र निर्धारित समयभित्रै सक्ने गरी काम भइरहेको दाबी गरे ।

'मंसिर मसान्तसम्म फास्ट ट्र्याकको भौतिक प्रगति ४४.४३ प्रतिशत पुगेको छ । वित्तीय प्रगति ४५.२२ प्रतिशत भएको छ । सबैभन्दा अप्ठ्यारो मानिएका काम सम्पन्न भएका छन् । कतिपय सम्पन्न हुने चरणमा छन् । त्यसैले निर्धारित समयमै निर्माण सक्ने गरी काम अघि बढेको छ,' उनले भने ।

सरकारले चार वर्षभित्र काम सक्न भन्दै २१ वैशाख ०७४ मा फास्ट ट्र्याकको जिम्मा सेनालाई दिएको थियो । निर्धारित समयमा काम भएको भए फास्ट ट्र्याक ०७८ को वैशाखमा नै सकिन्थ्यो । डिपिआरमा विवाद, सुरुङ तथा पुल निर्माणमा अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्तिमा ढिलाइलगायतका कारणले निर्माणले गति लिन सकेन । विवादकै कारण करिब दुई वर्ष त सेनाले डिपिआरविना काम गऱ्यो ।

१ भदौ ०७६ मा कोरियन कम्पनीले बनाएको डिपिआर स्वीकृत भयो । त्यसपछि मात्रै सेनाले डिपिआरअनुसार काम गर्दै आएको छ । सेनाले सम्झौता मिति पनि डिपिआर स्वीकृत भएको दिनलाई नै मानेको छ । त्यसवेला ५५.५ किमि सडक र ७१ वटा पुल निर्माणको लागत रकम एक खर्ब ७५ अर्ब १९ करोड लाग्ने भनिएको थियो । सात सुरुङ र १६ पुलको लागत रकम पनि यसैमा समेटिएको थियो । तर, निर्धारित समयभित्र फास्ट ट्र्याक निर्माण नभएपछि लागत रकम बढेर दुई खर्ब ११ अर्ब पुगेको छ ।

प्याकेज नम्बर ११ अन्तर्गत ६ किमिमा काम नै सुरु भएन

१३ प्याकेजमा काम भइरहेको फास्ट ट्र्याकमा प्याकेज १, २, ३, ४, ५, ६, ७, ८ (क), ८(ख), ९(क), ९(ख) र १० को काम निर्माणाधीन छ । तर, प्याकेज नम्बर ११ को काम सुरु नै भएको छैन । जसको लम्बाइ करिब ६ किमि छ । यो खण्ड ललितपुरस्थित खोकना-डुकुछाप क्षेत्रमा पर्छ । फास्ट ट्र्याकको प्रस्थानविन्दु मानिएको यो खण्डमा हालसम्म मुआब्जासमेत वितरण हुन सकेको छैन । रक्षा मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले खोकना खण्डमा केही समस्या रहेको र त्यसलाई समाधान गर्न सरकार लागिरहेको बताए । 'फास्ट ट्र्याकको काठमाडौंतर्फको प्रस्थानविन्दुमा केही समस्या देखिएका छन् । स्थानीयको माग सम्बोधन गर्ने प्रयत्न भइरहेका छन् । कतिपयले मुआब्जा लिइसकेका छन्, केहीको बाँकी छ,' उनले भने ।

खोकनाका स्थानीयले फास्ट ट्र्याकको प्रस्थानविन्दु परिवर्तन गरिनुपर्ने माग राख्दै आएका छन् । उनीहरूले यस विषयमा तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई समेत गत २६ जेठमा भेटेरै ज्ञापनपत्र बुझाएका थिए । फास्ट ट्र्याकको प्रस्तावित सुरुवाती विन्दुले खोकनाको परम्परागत सभ्यता र संस्कृति मासिने स्थानीयको दाबी छ । डुकुछापलाई प्रस्थानविन्दु बनाउन उनीहरूको प्रस्ताव छ । डुकुछाप हालको प्रस्तावित विन्दुभन्दा साढे पाँच किमि दक्षिणतर्फ पर्छ ।

बैतडीमा...

पृष्ठ १ बाट क्रमशः

रावल तथा बैतडीको सिगास गाउँपालिका- १ का २४ वर्षीय निशान्त बोहरा, २८ वर्षीय भानदेव भट्ट र २७ वर्षीया वसन्ती ऐरको ज्यान गएको हो । तीनजनाको घटनास्थलमै र ऐरको उपचारका क्रममा डडेलधुरा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा सिगास- १ की १९ वर्षीया विमला ऐर, चार वर्षीया पिन्सा ऐर, २५ वर्षीया लालमती बोहरा र जिपचालक २८ वर्षीय गणेश विष्ट घाइते भएका छन् । त्यस्तै, पाटन नगरपालिका- ८ की २५ वर्षीया कमला विष्ट र आलिताल गाउँपालिका-३ घर भई गाजरीमा रहेको सिगास माविका शिक्षक ३२ वर्षीय वीरेन्द्र बोहरा पनि घाइते भएका छन् । उनीहरूमध्ये तीनजनाको उपक्षेत्रीय अस्पताल डडेलधुरामा उपचार भइरहेको छ भने विमला र लालमतीलाई धनगढी रेफर गरिएको छ ।

बैतडी सदरमुकाम हिँडेको गाडी थप यात्रु पाएपछि लागेको थियो डडेलधुरातिर

दुर्घटनामा परेको जिप सुर्नया- ६ को मोतीनगरबाट सुरुमा बैतडी सदरमुकाम गोठालापानीका लागि छुटेको थियो । वृन्दावन बजारमा पुग्दा डडेलधुराका यात्रु भेटेपछि गन्तव्य मोड्दै डडेलधुरातिर लागेको थियो । डडेलधुरा जाने यात्रु बोकेर हिँडेको १० मिनेटमै दुर्घटनामा परेको स्थानीय ज्ञानेन्द्र ऐरले बताए ।

'बैतडी हिँडेका तीनजनालाई वृन्दावनमै उतारेको रहेछ, उनीहरू अर्को जिपमा बसेर बैतडीतर्फ जाँदै थिए,' ऐरले भने 'त्यहाँबाट हिँडेको १० मिनेटमै दुर्घटनामा पऱ्यो ।'

तीव्र गतिमा गुडिरहेको जिप विजयपुरनजिक पुग्दा अनियन्त्रित भएर सडकबाट सिधै भिरमा खसेको प्रत्यक्षदर्शी हिमाल ऐरले बताए । ज्याफूसम्म हिमाल पनि त्यही जिपको यात्रु थिए । जिपले रुट मोडेपछि उनी अर्को गाडीमा चढेर गन्तव्य तय गर्दै थिए । एकछिन अघिसम्म आफैं चढेको गाडी दुर्घटनामा पर्दा उनी अर्को गाडीमा पछिपछि थिए । 'सुरुमा मलगायत तीनजना त्यही जिपमा थियौं । तर, चालकले डडेलधुरा जाने भनेपछि ज्याफूबाट अर्को जिपमा चढेर पछिपछि हिँडिरहेका थियौं,' ऐरले भने, 'केही मिनेटपछि मोडमा अगाडिबाट मिनीटाटा आयो, बायाँ (भिर)तर्फ रहेको जिप हेर्दाहेर्दै भिरमा खस्यो ।'

राष्ट्रिय परिचयपत्र बनाउन बैतडी हिँडेका ऐर उद्धारपछि घाइतेसँगै डडेलधुरा अस्पताल हिँडेका छन् । 'अगाडिबाट मिनीटाटा आयो, क्रस हुने वेला जिपले सायद ब्रेक लगाएजस्तो लाग्छ, हेर्दाहेर्दै चिप्लेर भिरमा खस्यो,' उनले भने । जिपचालक गणेश विष्ट उपचारका क्रममा रहेको र दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको बैतडीका डिएसपी रायले बताए ।

चार महिनामा पनि भएन जेन–जी आन्दोलनका सबै घाइतेको वर्गीकरण

जिल्ला प्रशासनले विवरण नपठाउँदा समस्या, हालसम्म २२७ जनाको मात्रै वर्गीकरण, दुई हजार २९६ घाइतेबारे सरकार बेखबर



फाइल तस्बिर



● **आनन्द काफ्ले**
प्रवक्ता, गृह मन्त्रालय

जो-जो घाइते सम्पर्कमा आउनुभएको छ उहाँहरूको वर्गीकरण भएको छ, नआउनेको भएको छैन, कतिपय उपचार गराएर आआफ्नो घरमा फर्किएर पनि होला सम्पर्कमा नआएको, तर घाइतेहरूलाई प्रशासनले पनि खोज्नुपर्छ।



● **डा. सरोज शर्मा**, प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य मन्त्रालय

घाइतेको वर्गीकरण हामीले मात्रै गर्ने होइन, सम्बन्धित जिल्लाहरूबाट वर्गीकरणका लागि सूची आएकै छैन, समितिमा जेन-जी प्रतिनिधि पनि हुनुहुन्छ, जो घाइते हुनुहुन्छ उहाँहरू पनि सम्पर्कमा आउनुपर्‍यो।

शिवहरि घिमिरे / नयाँ पत्रिका

गत २३ र २४ भदौको जेन-जी आन्दोलनका घाइतेको वर्गीकरण पूरा हुनसकेको छैन। जिल्ला प्रशासन कार्यालयहरूले विवरण समयमै नदिँदा ढिलाइ भएको छ। स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार आन्दोलनका क्रममा दुई हजार ५२३ घाइते भएका थिए। तर हालसम्म २२७ जनाको मात्रै वर्गीकरण भएको छ। अन्य दुई हजार २९६ घाइते कहाँ छन् भन्नेमा गृह र स्वास्थ्य मन्त्रालय नै बेखबर छन्।

स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्म काठमाडौं, चितवन, झापा, धादिङ र ललितपुरबाट वर्गीकरण सूची प्राप्त भएको छ । काठमाडौंबाट १६९, कास्की र चितवनबाट सात-सात, धादिङबाट १६, ललितपुरबाट २८ जना छन्। सरकारले जेन-जी आन्दोलनमा भएका घाइतेहरूको वर्गीकरणका लागि गृह र स्वास्थ्य मन्त्रालयलाई जिम्मा दिएको थियो। तर, हालसम्म पनि दुई मन्त्रालयले घाइतेको वर्गीकरण गर्न सकेका छैनन्। आफैं सम्पर्कमा आएकाबाहेक अन्य घाइतेको खोजी गर्न दुवै मन्त्रालयले चासो नदिएको घाइतेहरूको गुनासो छ।

घाइतेको वर्गीकरणका लागि गत १२ असोजमा जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य मन्त्रालयअन्तर्गत एक-एकवटा समिति बनाइएको थियो। जसमा मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. सरोज शर्मा नेतृत्वको प्राविधिक वर्गीकरण समिति गठन भएको थियो। सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजक रहने गरी वर्गीकरण सहजीकरण समिति बनेको थियो। तर झन्डै साढे तीन महिनाको अवधिमा पनि समितिले २२७ घाइतेको मात्रै वर्गीकरण गरेको छ।

स्वास्थ्य मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. शर्माले जिल्ला प्रशासन कार्यालयबाट तथ्यांक नआएकाले ढिलो भइरहेको बताए। 'घाइतेको वर्गीकरण हामीले मात्रै गर्ने होइन, सम्बन्धित जिल्लाहरूबाट वर्गीकरणका लागि सूची आएकै छैन,' उनले भने, 'समितिमा जेन-जी प्रतिनिधि पनि हुनुहुन्छ, जो घाइते हुनुहुन्छ उहाँहरू पनि सम्पर्कमा आउनुपर्‍यो।' हालसम्म वर्गीकरण भएकाको तथ्यांकमध्ये ९८ जना अति गम्भीर घाइते छन्। अति घाइते हुनेलाई 'क' वर्गमा राखिएको छ। 'ख' वर्गका घाइतेको संख्या ५८ जना छ। मध्यम घाइतेको संख्या ३७ छ। त्यसबाहेक ३४ जना सामान्य घाइते (घ वर्ग) छन्। यसबाहेक केहीको वर्गीकरणका लागि नाम आए पनि पर्याप्त विवरण अपुग भएकाले थप विवरण माग गरिएको छ।

स्वास्थ्य मन्त्रालयको आकलनअनुसार कृत्रिम अंग राख्नुपर्ने र प्लास्टिक सर्जरी गर्नुपर्ने संख्या ४२ जना छन्। तर, यो संख्या थपिन पनि सक्ने मन्त्रालयले जनाएको छ।

गृह मन्त्रालयका अनुसार जिल्ला प्रशासन कार्यालयले घाइतेको वर्गीकरण गरेर स्वास्थ्य मन्त्रालयलाई तथ्यांक पठाउँछन्। घाइतेहरूलाई वर्गीकरणमा समावेश हुन अनुरोध गर्दै सबै जिल्ला प्रशासनले सार्वजनिक सूचनासमेत निकालेका छन्। गृह मन्त्रालयले यसमा सहजीकरण गर्न घाइते तथा सहिद राहत तथा उपचार समन्वय समितिसमेत बनाएको छ। गृह प्रवक्ता आनन्द काफ्लेका अनुसार घाइतेहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पुगेर वर्गीकरणमा समावेश हुन फाराम भर्नुपर्छ। औषधि उपचारको विवरणसमेत पेस गर्नुपर्छ।

घाइतेहरू प्रशासनको सम्पर्कमा नआउँदा वर्गीकरणमा समेत कठिनाइ हुने गरेको प्रवक्ता काफ्लेको भनाइ छ। 'जो-जो घाइते प्रशासनको सम्पर्कमा आउनुभएको छ उहाँहरूको वर्गीकरण भएको छ, नआउनेको भएको छैन, कतिपय उपचार गराएर आआफ्नो घरघरमा फर्किएर पनि होला सम्पर्कमा नआएको, तर घाइतेहरूलाई प्रशासनले पनि खोज्नुपर्छ,' उनले भने, 'बिरामी अस्पतालमा छ भने प्रशासनको टोली अस्पतालमा पुगेर वर्गीकरण गर्नुपर्छ भनेर हामीले भनिसकेका छौं।'

वर्गीकरणमा नपर्दा घाइतेलाई नै घाटा

गृह मन्त्रालयअन्तर्गत घाइते तथा सहिद राहत तथा उपचार समन्वय समितिको संयोजक सहसचिव निराजन घिमिरेका अनुसार जिल्ला प्रशासन कार्यालयको सम्पर्कमा नआएर र वर्गीकरणमा नपरेका घाइतेहरू सम्पर्कमा नआउँदा घाइतेलाई नै घाटा हुन सक्छ। 'सामान्य प्रकृतिका लागि त फरक पर्दैन, तर गम्भीर घाइतेलाई उपचारमा समस्या हुन्छ, गम्भीर रूपमा अपांगता भएकालाई भत्ता दिने भनिएको छ, त्यसबाट पनि वञ्चित हुने अवस्था हुन्छ,' काफ्लेले भने, 'परिचयपत्र नलिने र वर्गीकरणमा समेत नपर्नेलाई सरकारले घाइते भनेर चिन्दैन, त्यसकारण घाइतेहरूलाई सम्पर्कमा आउन अनुरोध गरेका छौं।' उनका अनुसार कतिपय घाइतेको हकमा अस्पताल भर्ना गरेको र जाँच गरेको रिपोर्ट प्राप्त गर्न कठिन हुने गरेको छ। वर्गीकरणपछि कृत्रिम अंग राख्नुपर्ने र प्लास्टिक सर्जरी गर्नुपर्ने अवस्थासमेत थाहा हुनेछ। यसबाहेक सरकारले अति गम्भीर र गम्भीर घाइतेलाई निर्वाह भत्तासमेत दिने तयारी गरेकाले वर्गीकरणमा नपर्नेहरूले उक्त भत्ता पाउनेछैनन्।

परिचयपत्र लिन आउनेको संख्या पनि थोरै

समितिका संयोजक जेन-जी आन्दोलनमा घाइते हुनेको संख्या धेरै भए पनि हालसम्म जम्मा ७३७ जनाले घाइते परिपयपत्र लिएका छन्। अरू घाइतेबारे स्वास्थ्य र गृह मन्त्रालय नै अनभिज्ञ छन्। सामान्य घाइते भएकाहरू निको भएर घर फर्किएकाले उनीहरू नआएको स्वास्थ्य मन्त्रालयको अनुमान छ। तर, परिचयपत्र नलिँदा सरकारबाट उपलब्ध हुने उपचार सेवालगायत अन्य सेवा-सुविधाबाट समेत वञ्चित हुने स्वास्थ्य मन्त्रालयले जनाएको छ।

केन्द्रीय सदस्यहरूको कार्यविभाजन गर्दै नेकपा



■ नेकपा संयोजक
प्रचण्ड भन्छन्-

हामी १७ वटा पार्टी पुगिसकेका थियौं। आज हामी दुइटा अलग-अलग समूहसँग पनि एकतामा गाँसिएका छौं। पर्सि अझ ठुलो कार्यक्रम हुँदै छ। व्यक्तिगत हैसियतमा पनि एमाले परित्याग गरेर नेकपामा प्रवेश गर्ने लहर चलेको छ।

■ नेकपा सहसंयोजक
माधव नेपाल भन्छन्-

बैठक र शपथग्रहण कार्यक्रम पनि हुनेछ। संगठनात्मक व्यवस्थापन गर्दै जाँदै छौं। संगठनात्मक एकीकरण र चुनावको तयारीमा लाग्नुपर्ने आवश्यकता छ।

नयाँ पत्रिका

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्यहरूको शपथ मंगलबार हुँदै छ। केन्द्रीय कमिटीका सदस्यहरूको शपथग्रहण र बैठक हुने सहसंयोजक माधवकुमार नेपालले जानकारी दिए। 'बैठक र शपथग्रहण कार्यक्रम पनि हुनेछ। संगठनात्मक व्यवस्थापन गर्दै जाँदै छौं। संगठनात्मक एकीकरण र चुनावको तयारीमा लाग्नुपर्ने आवश्यकता छ,' उनले भने।

केन्द्रीय सदस्यहरूको शपथ भौतिक उपस्थिति र डिजिटल माध्यमबाट समेत हुने भएको छ। कतिपय सदस्य राजधानीबाहिर भएकाले डिजिटल माध्यमबाट पनि शपथग्रहण गराउन लागिएको नेकपाले जनाएको छ। नेकपाको केन्द्रीय समितिको संख्या २५ सय हाराहारीको छ। सबै घटकका नेतालाई समेटून् पर्दा केन्द्रीय समितिको आकार ठुलो भएको नेकपाले जनाएको छ। केन्द्रीय समितिको संख्या ठुलो भए पनि केन्द्रीय कार्यसमिति भने ६०१ सदस्यीय हुनेछ।

नेकपामा संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक नेपाल छन्। बाँकी नेताहरूको कार्यविभाजन भएको छैन। सांगठनिक समायोजनका काम बाँकी हुँदा केन्द्रीय नेताहरूले समेत काम पाएका छैनन्। विगतमा साबिक दलका स्थायी समितिमा रहेका समेटेर पोलिटब्युरो, पदाधिकारीलाई समेटेर सचिवालय र शीर्ष नेताहरू समेटेर कार्यसंयोजन समिति गठन गर्ने तयारी छ।

नेकपा बनेयता सातै प्रदेशमा एकता सन्देश सभा भएको छ। गत १२ मंसिरमा सुदूरपश्चिमबाट सुरु भएको सन्देश सभा १३ मंसिरमा लुम्बिनी, १४ मंसिरमा गण्डकी, १५ मंसिरमा कोशी, २० मंसिरमा मधेश, २१ मंसिरमा प्रवास (भर्चुअल), २७ मंसिरमा कर्णाली र ५ पुसमा बागमती, समन्वय र उपत्यका प्रदेशमा सम्पन्न भएको छ। जिल्ला र पालिकामा पनि सन्देश सभा र भेला भएका छन्। नेकपाको तहगत कार्यकारी समितिहरूमा केन्द्र, भौगोलिक र गैरभौगोलिक प्रदेश, जिल्ला, पालिका र वडा कार्यकारी हुनेछन्। संघ र प्रदेश निर्वाचन क्षेत्रमा समन्वय समिति हुने र टोल तथा प्रारम्भिकस्तरका समिति संगठन समितिको रूपमा रहनेछन्।

जसपा नेपालका उपाध्यक्ष थापा नेकपामा प्रवेश

जसपा नेपालका उपाध्यक्ष शिवलाल थापामगरको नेतृत्वमा केन्द्रीय सदस्यसहितका नेता तथा कार्यकर्ता र मनीष लिम्बू नेतृत्वको लिम्बुवान क्रान्तिकारी पार्टी नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएका छन्। जसपा नेपालको थापा समूहसँग पाँचबुँदे र लिम्बुवान क्रान्तिकारीसँग दुईबुँदे सहमति भएको छ। पार्टी कार्यालय पेरिसडाँडामा सोमबार दुवै पक्षलाई नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाललगायतले पार्टीमा स्वागत गरे।

'हामी १७ वटा पार्टी पुगिसकेका थियौं। आज हामी दुइटा अलग-अलग समूहसँग पनि एकतामा गाँसिएका छौं,' प्रचण्डले भने, 'पर्सि अझ ठुलो कार्यक्रम हुँदै छ।' व्यक्तिगत हैसियतमा पनि एमाले परित्याग गरेर नेकपामा प्रवेश गर्ने लहर चलेको छ।' पछिल्लोपटक रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी नेकपामा समाहित भएको थियो। सहसंयोजक नेपालले पार्टी प्रवेशको लहर चलेको बताए। उनले भने, 'एकातिर सूर्य अस्ताउँछ, अर्कोतिर तारा चम्कन्छ। अब आशा भरोसाको केन्द्र यही पार्टी हो।'

जसपा नेपालको समूहसँगको सहमतिमा सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा गर्दै पहिचान र अधिकारसहितको संघीय समाजवादी गणतन्त्र प्राप्तिका लागि सडक, सदन र सरकार तीनवटै क्षेत्रमा संघर्षरत रहने उल्लेख छ। समाजवादका लागि नेपालको मौलिक विशेषता र संघीय शासन प्रणाली, लोकतान्त्रिक मूल्य-मान्यता, वर्गीय, क्षेत्रीय, जातीय र लैंगिक विभेदको अन्त्यका साथै समतामूलक न्यायपूर्ण, विभेदरहित समाजको निर्माण गर्ने उल्लेख छ।

यस्तै, पार्टीलाई सामूहिक नेतृत्व र समावेशी प्रतिनिधित्व तथा संघीयतालाई आत्मसात् गर्दै जनवादी केन्द्रीयताको संगठनात्मक पद्धतिअनुसार सञ्चालन गर्ने, देशका उत्पीडित जातजाति, समुदाय, श्रमिक वर्ग र उत्पीडित समुदायहरूको एकतामा जोड दिँदै समाजवादी क्रान्तिका लागि राष्ट्रिय शक्ति निर्माणका लागि विशेष पहलकदमी लिने सहमति छ। जसपा, नेपालका केन्द्रीय उपाध्यक्ष शिवलाल थापामगरको नेतृत्वमा उक्त समूहका केन्द्रीय कमिटी, प्रदेश, जिल्ला, जनवर्गीय संगठन, क्षेत्र तथा पालिका तहका समितिहरूमा आबद्ध नेता तथा कार्यकर्तालाई आपसी सहमतिका आधारमा नेकपामा समायोजन गर्ने सहमति भएको छ।

यस्तै लिम्बुवान क्रान्तिकारीसँग लिम्बुवानको मुद्दालाई नेकपाको आन्तरिक जनवादमा छलफल र बहसमार्फत टुंगो लगाउने सहमति भएको छ। लिम्बुवान क्रान्तिकारी पार्टीका सबै तहका समितिलाई सम्मानका साथ उपयुक्त ढंगले समायोजन गर्ने सहमति भएको छ।

काल्पनिक दुर्घटना खडा गरी बिमा ठगी

प्रहरी र इन्स्योरेन्सका कर्मचारीसहित ३१ जनाविरुद्ध मुद्दा दायर

नयाँ पत्रिका

काल्पनिक दुर्घटना खडा गरी प्रहरीसमेतको मिलेमतोमा बिमा कम्पनीलाई ठगी गरेको भेटिएको छ। ठगी गिरोहमा आबद्ध बिमा कम्पनीकै कर्मचारी र प्रहरीसहित ३१ जनाविरुद्ध सोमबार जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएपछि यस्तो तथ्य खुलेको हो। दुर्घटनासम्बन्धी प्रहरीको नक्कली पत्र बनाएर नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीलाई ठगी भएको हो। सो कम्पनीका कर्मचारी बिकेश कुँवर, प्रहरी हवल्दार धुव्र शाहीलगायतविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले लिखत किर्ते मुद्दा दायर गरेको हो।

सरकारी वकिल कार्यालयको अभियोगपत्रअनुसार उनीहरूले २९ वटा काल्पनिक दुर्घटना खडा प्रहरीको नक्कली पत्र बनाएका थिए। त्यसमध्ये २७ वटा पत्रअनुसार तीन लाख रुपैयाँका दरले ८१ लाख रुपैयाँ बिमा भुक्तानी लिइसकेका थिए।

ठगीका योजनाकार पर्सा घर भई हाल काठमाडौंको काँडाघारी बस्ने ४४ वर्षीय हरि बुढाथोकी हुन्। मुद्दा दायर गरिएका ३१ मध्ये बस व्यवसायी बस्नेतलाई मात्र प्रहरीले पक्राउ गरी उपस्थित गराएको छ। उनको बयानमा भनिएको छ, 'म जीविकोपार्जनका लागि बा२ख ७८१४ नम्बरको मिनिबस खरिद गरी गाडीमा ड्राइभर राखी चलाउन दिँदै आएको छु। सोही क्रममा नेपाल माइक्रो इन्स्योरेन्स फाइनान्सका कर्मचारी बिकेश कुँवरसँग एक वर्षअघि इन्स्योरेन्सकै सिलसिलामा चिनजान भएको थियो। निजसँग मेरो सल्लाह भई काल्पनिक दुर्घटना देखाई बिमा दाबी गर्ने योजना बनाएका थियौं।'

दुर्घटनाको सिफारिसका लागि हवल्दार धुव्र शाहीसँग उनीहरूले सेटिङ मिलाएका थिए। शाहीले प्रहरी वृत्त बानेश्वरका श्याम खनालको हस्ताक्षर भएको दुर्घटनासम्बन्धी सिफारिस बनाइदिने गरेका थिए। ठ्याक्कै प्रहरीले नै लेख्ने शैलीमा पत्र बिमा कम्पनी पुग्थ्यो र नक्कली दुर्घटनाको बिमा रकम भुक्तानी हुँदै आएको थियो। पछि शंका लागेर कम्पनीले प्रहरीमा उजुरी गर्दा सबै पत्र नक्कली भएको खुलेको थियो। तर, बिमाका कर्मचारी कुँवर र हवल्दार शाही पक्राउ नपर्दा यसमा संलग्न थप व्यक्तिबारेमा खुल्न सकेको छैन।

मुख्य आरोपी बुढाथोकीले विभिन्न व्यक्तिको ब्लु-बुक र बैंक खाता नम्बर दुरुपयोग गरेको भेटिएको छ। उनीहरूको पनि मिलेमतो रहेको भन्दै प्रहरीले प्रतिवादी बनाएको छ। जसमा मनोज आचार्य, गंगा महर्जन, सुसन घिमिरे, कृष्णबहादुर महर्जन, प्रवीण महर्जन, निरुसा महर्जन, विनोद डंगोल, पुकार महर्जन, निरोज महर्जन, सुशील अर्याल, दयानाथ धिताल, जबिर हुसेन अन्सारी छन्। त्यस्तै, सुजन पाण्डे, हरिप्रसाद गौतम, सुदीप कार्की, सुमित्रा अर्याल, प्रजुना भण्डारी, जयराम चापागाईं, रामेश्वरी भण्डारी, निरबहादुर बुढाथोकी, शिव खड्का, गौरीबहादुर बुढाथोकी, खिनबहादुर थपलिया, उर्मिला थापा, सफल सुवेदी, लक्षण तामाङ, पवन भट्ट, रामबहादुर कार्कीको पनि मिलेमतो रहेको भन्दै फरार प्रतिवादी बनाएर मुद्दा चलाइएको छ।

संक्षेप

जलेको अवस्थामा शव फेला

काभ्रे/ जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको भवनमा जले को अवस्थामा शव फेला परेको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार करिब ४५ वर्षीय पुरुषको शरीरको विभिन्न स्थानमा जलेको अवस्थामा सोमबार शव फेला परेको हो। धुलिखेल नगरपालिका- ७ सञ्जीवनी चो कनजिकै जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको भवनसँगै जिल्ला प्रशासन कार्यालयको प्रशासनिक भवन निर्माणको क्रममा मुद्दा परेपछि अलपत्र अवस्थामा थियो। भवनको दोस्रो तल्लामा जलेको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ। घटनास्थलको मुचुल्का गरी शव पोस्टमार्टमका लागि धुलिखेल अस्पताल पठाएको प्रहरीले जनाएको छ।

राप्ती राजमार्ग दैनिक ६ घण्टा बन्द हुने

सल्यान/ राप्ती राजमार्ग दैनिक ६ घण्टा बन्द हुने भएको छ। राप्ती राजमार्गअन्तर्गत दाङ-सल्यान खण्डको पैयाखरेदेखि राम्री सडक स्तरोन्नति तथा चौडा गर्न भन्दै ८ देखि २५ माघसम्म सडक पूर्णरूपमा बन्द हुने भएको हो। सडक डिभिजन कार्यालय दाङका अनुसार पैयाखेरेदेखि राम्रीसम्मको सडक खण्ड दैनिक बिहान ११ देखि साँझ ५ बजेसम्म सवारी आवागमन पूर्णरूपमा बन्द गरी निर्माण कार्य सञ्चालन गरिनेछ। सडक डिभिजन कार्यालय दाङका प्रमुख इन्जिनियर दीपेन्द्रबहादुर विष्टका अनुसार उक्त खण्डमा सडक चौडा गर्ने कार्य तीव्ररूपमा अघि बढिरहेको छ।

अस्पतालका जग्गादाता सम्मानित

लहान/ सिराहाको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालका जग्गादाता परिवारलाई नगरपालिकाले सम्मान गरेको छ। सोमबार आयोजित १७औं नगरसभामामा जग्गादाता परिवारका सदस्यद्वय मुरारीलाल मुरारका र पवनकुमार शारडासहितलाई सम्मान गरिएको हो। मुरारीलाल र पवनकुमारसहित दाता परिवारका सजन मुमारका, प्रदीप मुरारका, अमित शारडा, अनिल शारडा र प्रदीप शारडालाई नगरप्रमुख महेशप्रसाद चौधरीले सम्मान गरे। लहानका व्यावसायिक घरानाका दिवंगत रामकुमार शारडा र उमाप्रसाद मुरारकाको स्मृतिमा अस्पताल निर्माणका लागि दुवै परिवारले ०३५ मा एक बिघा १५ कट्ठा १० धुर जग्गा दान दिएका दिए। जग्गा उपलब्ध गराएसँगै ११ पुस ०३५ मा शिलान्यास भई १० माघ ०३९ मा उद्घाटन गरिएको अस्पतालले चर्चेको जग्गा करिब ४७ वर्षपछि अस्पतालको स्वामित्वमा आएपछि दाता परिवारले १० पुसमा जग्गाधनी दर्ता प्रमाणपूर्जा अर्थमन्त्री रामेश्वर खनाललाई हस्तान्तरण गरेका थिए।

निर्वाचनमा खटिन उत्साहित युवा

निर्वाचन प्रहरीका लागि आवेदन दिनेमा जेन-जी धेरै, जिल्ला प्रहरी कार्यालयमा भिड

● **प्रहरी उपरीक्षक गौतम मिश्र**, प्रवक्ता, सुदूरपश्चिम प्रहरी कार्यालय



कैलाली र कञ्चनपुरमा भिड छ, पहाडी जिल्लामा खासै उत्साह देखिएको छैन। अझै केही दिन बाँकी छ। माग गरेको संख्यामा भर्ना पुग्ला।



निर्वाचन प्रहरीमा भर्ना हुन सोमबार दिउँसो जिल्ला प्रहरी कार्यालयअगाडि लाइनमा बसेका युवायुवती।

धनगढीमा **तेजराज भट्ट**

निर्वाचन प्रहरीका रूपमा आगामी २१ फागुनको निर्वाचनमा खटिन युवाहरू उत्साहित देखिएका छन्। कैलालीमा निर्वाचन प्रहरीका लागि आवेदन दिन युवाहरूको भिड लागेको छ। धनगढीस्थित जिल्ला प्रहरी कार्यालयमा बिहानैदेखि आवेदन दिने युवाहरूको भिड लाग्ने गरेको छ। आगामी २१ फागुनमा हुने निर्वाचनमा खटाउन नेपाल प्रहरी र सशस्त्र प्रहरीले निर्वाचन प्रहरीको भर्ना खुला गरेका छन्।

छोटो अवधिका लागि रोजगारीसँगै देशको सेवा गर्ने अवसरका लागि निर्वाचन प्रहरीमा भर्ना हुन चाहेको आवेदन दिने युवाहरू बताउँछन्। सोमबार दिउँसो जिल्ला प्रहरी कार्यालयअगाडि लाइनमा बसेका कैलालीको लम्कीका दीपकजंग थापाले घरमा बेरोजगार बस्नुभन्दा एक महिना निर्वाचन प्रहरीका रूपमा काम गरे केही पैसा पाइएला भनेर भर्ना हुन चाहेको बताए। 'निर्वाचन सुरक्षामा खटिएर देशका लागि सेवा गर्ने अवसर पनि हो,' उनले भने, 'आवेदन दिँदै छु, हेरौं, छनोट भइन्छ कि भइँदैन।' १२ कक्षापछि पढाइलाई निरन्तरता दिन नसकेका २३ वर्षीय थापाले धेरै ठाउँ प्रयास गर्दा पनि काम पाउन नसकेको गुनासो गरे।

कैलाली पहलमानपुरका २४ वर्षीय पारस विश्वकर्माले छोटो अवधिका लागि भए पनि रोजगारी पाइने भएकाले आवेदन दिन लागेको बताए। काम नपाएको र आर्थिक अभावका कारण वैदेशिक रोजगारीमा जान नसकेको उनको भनाइ छ। 'नेपाली सेनामा काम गर्ने इच्छा थियो, तर पास हुन सकिनँ,' उनले भने, 'छोटो अवधिका लागि भए पनि निर्वाचन प्रहरीका रूपमा काम गर्ने इच्छा छ।' घरमा बेरोजगार बस्नुभन्दा थोरै भए पनि कमाइ होला भनेर पनि निर्वाचन प्रहरीमा आवेदन दिन आएको उनले बताए।

कैलालीमा चार हजार ९८ जना निर्वाचन प्रहरीका लागि आवेदन खुला गरिएको छ। नेपाल प्रहरीले तीन हजार ५७६ जना र सशस्त्र प्रहरीले पाँच सय २२ जना निर्वाचन प्रहरी भर्ना गर्दै छन्।

कैलालीमा सोमबारसम्म तीन हजार ३८८ जनाले निर्वाचन प्रहरीका लागि आवेदन दिएका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले जानकारी दिए। नेपाल प्रहरीमा १७०९ पुरुष र १३१५ महिला तथा सशस्त्र प्रहरीमा १९८ पुरुष र १६६ महिलाले आवेदन दिएको उनको भनाइ छ। भारतसँग एक सय एक किलोमिटर खुला सिमाना जोडिएको कैलालीमा २३७ मतदानस्थलमध्ये १०८ वटालाई अतिसंवेदनशील, १०६ वटा संवेदनशील र २३ वटालाई सामान्य भनेर वर्गीकरण गरिएको छ। कैलालीमा पाँचवटा निर्वाचन क्षेत्र छ।

निर्वाचन प्रहरीमा आवेदन दिनेको सख्या उत्साहजनक रहेको सिंहको भनाइ छ। सुरक्षा अधिकारीहरूका अनुसार निर्वाचन प्रहरीका लागि आवेदन दिनेमा जेन-जी उमेर समूहका युवायुवती धेरै छन्। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका अनुसार तराईका दुई जिल्ला कैलाली, कञ्चनपुरमा निर्वाचन प्रहरीमा आवेदन दिनेको संख्या धेरै छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक गौतम मिश्रले पहाडी जिल्लामा भने निर्वाचन प्रहरीमा भर्ना हुन खासै उत्साह देखिएको छैन।

आवेदन दिने समय १ माघसम्म रहेकाले पहाडी जिल्लामा पनि निर्धारित संख्याअनुसार निर्वाचन प्रहरी भर्ना हुने अपेक्षा गरिएको उनले बताए। 'कैलाली, कञ्चनपुरमा भिड छ, पहाडी जिल्लामा खासै उत्साह देखिएको छैन,' मिश्रले भने, 'अझै केही दिन बाँकी छ। माग गरेको संख्यामा भर्ना पुग्ला।' सरकारले निर्वाचनका लागि देशभर निर्वाचन प्रहरी भर्ना गर्न लागेको हो।

समानुपातिक समावेशी व्यवस्थाको अवमूल्यन

समानुपातिक प्रणाली सामाजिक न्यायको साधन बन्नुको साटो गुटगत शक्ति सन्तुलन र 'पारितोषिक' वितरणको माध्यम बन्दै गएको छ



● मेघराज शंकर

अग्रलेख

सरकारले २१ फागुन २०८२ का लागि तोकेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दलहरूले बुझाएको समानुपातिक बन्दसूचीमा लक्षित वर्गलाई उपेक्षा गरिएपछि संविधानको कार्यान्वयन र समावेशी लोकतन्त्रको अभ्यासबारे गम्भीर प्रश्न खडा गरेको छ। राजनीतिक दलले संविधानले सुनिश्चित गरेका लक्षित वर्ग, समुदाय र पहिचानका वास्तविक प्रतिनिधिभन्दा पनि पार्टी नेतृत्वसँग निकट व्यक्ति, नातागोता, आर्थिक रूपमा सबल वर्ग र सेलिब्रेटीलाई समावेश गरेको विषयमा विभिन्न तहबाट आलोचना भएको छ। यस लेखमा समानुपातिक समावेशी व्यवस्थाको अवमूल्यनका प्रमुख आयाम, यसको लोकतान्त्रिक प्रभाव र समाधानका उपायबारे विश्लेषण गरिनेछ।

समावेशी लोकतन्त्रको सैद्धान्तिक आधार र नेपालको संवैधानिक प्रतिबद्धतामाथिको प्रश्न : लोकतन्त्रको सबैभन्दा बलियो आधार नागरिकको विश्वास, सहभागिता र समान अवसर हो। समानुपातिक प्रतिनिधित्व प्रणाली त्यही विश्वासलाई संस्थागत गर्ने माध्यमका रूपमा विश्वभर विकास गरिएको हो, जहाँ प्रभुत्वशाली राजनीतिले पन्छाएका आवाजलाई पनि नीति-निर्माणको केन्द्रमा ल्याइन्छ। नेपालको संविधानले पनि यही सिद्धान्तलाई अंगीकार गर्दै निश्चित सिटमा समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रतिनिधित्व हुने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार राजनीतिक दलले महिला, दलित, आदिवासी जनजाति, थारू, मधेशी, मुस्लिम, पिछडिएका क्षेत्र, अपांगता तथा यौनिक अल्पसंख्यकलाई समावेश गरी बन्दसूची तयार गर्नुपर्ने हो।

तर, नेपालको व्यावहारिक अवस्था र यस सैद्धान्तिक आदर्शसँग तालमेल मिलेको देखिँदैन। प्रायः सबै राजनीतिक दलभित्र समानुपातिक सूची निर्माण प्रक्रिया दलगत सौदाबाजी, शक्ति सन्तुलन र नेतृत्व सन्तुष्ट पार्ने औजारजस्तो बन्न पुगेको छ। संविधानले निर्दिष्ट गरेको समावेशी मापदण्ड व्यवहारमा औपचारिकतामा सीमित भएको छ। दलहरूले लक्षित समुदायका वास्तविक प्रतिनिधिभन्दा पनि पहुँच, हैसियत, आर्थिक शक्ति र प्रसिद्धिलाई प्राथमिकता दिएको देखिन्छ। यसले गर्दा लोकतन्त्र केवल संख्या संयोजन मात्र जस्तो देखिएको छ। यसले जनविश्वास, आस्था तथा अपनत्वसहितको सहभागितालाई उपेक्षा गरेको छ।

लोकतन्त्र मतदानको प्रक्रिया मात्र होइन, नागरिकले आफूलाई राज्यको अंगका रूपमा अनुभूत गर्ने साझा विश्वास हो। जब संविधानले दिएको वाचा व्यवहारमा टुट्छ, तब नागरिकको लोकतन्त्रप्रतिको आस्था कमजोर हुन्छ। यस्तो अवस्थाले दीर्घकालमा निराशा, उदासीनता र अस्थिरता तथा आक्रोश जन्माउन सक्छ। समावेशिताको आवरणभित्र गरिएको बहिष्करण लोकतन्त्रकै आत्मघाती अभ्यास बन्ने खतरालाई नकार्न सकिँदैन।

राजनीतिक दलप्रति बढ्दो वितृष्णा र लोकतान्त्रिक विश्वासको संकट : नेपाली समाजमा राजनीतिक दलप्रतिको विश्वास कमजोर अवस्थामा पुगेको भनेर विभिन्न दृष्टिकोणबाट बहस हुन थालेको छ। समानुपातिक प्रणालीको गलत अभ्यासले यस अविश्वासलाई अझ गहिरो बनाउन मद्दत गरेको छ। सीमान्तकृत समुदायले आफ्नो नाममा सिर्जना गरिएको कोटा अन्ततः शक्तिशाली, प्रभावशाली वा नातागोताका व्यक्तिले ओगटेको देख्दा गहिरो निराशा महसुस गरेका छन्। यसले जनभावनामा स्पष्ट सन्देश दिएको छ- राजनीतिक दलहरू सामाजिक न्यायका संवाहक बन्न सकेनन्। सत्ता र स्वार्थको व्यवस्थापक मात्र बन्न खोजे। यस्तो धारणा लोकतन्त्रका लागि अत्यन्त खतरनाक हुन्छ। जब जनताले दलहरूलाई आफ्ना प्रतिनिधि होइन, स्वार्थी संरचना ठान्न थाल्छन्, तब लोकतान्त्रिक प्रणाली नै कमजोर हुन्छ।

यसको असर नेपालको लोकतान्त्रिक अभ्यासमा दीर्घकालीन रूपमा पर्न सक्छ। नागरिक सहभागिता घट्छ, मतदानप्रतिको रुचि कम हुन्छ र राजनीतिक प्रक्रिया सीमित समूहको नियन्त्रणमा जान थाल्छ। लोकतन्त्रमा राजनीतिक दल कमजोर हुनु राम्रो होइन, किनभने लोकतन्त्र दिगो रहनका लागि राजनीतिक संस्थाप्रति जनताको आस्था र विश्वास अनिवार्य छ।

सीमान्तकृत समुदायको संवैधानिक अधिकारमाथि प्रत्यक्ष प्रहार : नेपालको संविधानले दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, महिला र पिछडिएका क्षेत्रका नागरिकलाई ऐतिहासिक अन्यायको प्रत्युत्तरस्वरूप विशेष प्रतिनिधित्वको अधिकार दिएको छ। समानुपातिक प्रणाली त्यसैको संस्थागत रूप हो। तर, व्यवहारमा भने यो अधिकार खोसिएको देखिन्छ। दलहरूले सूची तयार गर्दा समुदायका वास्तविक, संघर्षशील र जनतासँग जोडिएका व्यक्तिलाई प्राथमिकता दिएको देखिँदैन। यस्तो अभ्यासले संविधानद्वारा सुनिश्चित अधिकारको प्रत्यक्ष उल्लंघन गरेको छ। यसले संविधान केवल कानुनी दस्ताबेज होइन, यो राज्य र नागरिकबिचको सामाजिक सम्झौता हो भन्ने मान्यतालाई कमजोर साबित गरेको छ। सो सम्झौता तोडिँदा समुदायको आवाज फेरि एकपटक सत्ता संरचनाबाट बाहिर धकेलिन्छ। यसले नीति-निर्माणमा उनीहरूको अनुभव, आवश्यकता र दृष्टिकोण समेटिने सम्भावनालाई कमजोर बनाउँछ र समावेशी लोकतन्त्रको जग नै हल्लाउन सक्छ।



समानुपातिक सिटहरू वास्तविक समावेशिताभन्दा पनि पार्टीको 'लक्जरी सिट' बन्दै गएका छन्, जसलाई प्रभावशाली व्यक्तिलाई 'राजनीतिक सम्मान' दिने माध्यम बनाउन खोजिँदै छ

स्वार्थप्रधान राजनीतिक संस्कृतिलाई बढावा : समानुपातिक प्रणालीको गलत अभ्यास गर्दा राजनीतिक दलभित्रको स्वार्थद्वन्द्वलाई अझ तीव्र बनाएको छ। यो प्रणाली सामाजिक न्यायको साधन बन्नुको साटो गुटगत शक्ति सन्तुलन र 'पारितोषिक' वितरणको माध्यम बनेको छ। कोटालाई दलभित्रको 'राजनीतिक मुद्दा'झैं प्रयोग गर्ने प्रवृत्तिले स्वस्थ प्रतिस्पर्धा र नीतिगत बहसलाई विस्थापित गरेको छ। यसले समग्र राजनीतिक संस्कृतिलाई नै गिजोल्न पुगेको छ।

> समावेशी कोटाका नाममा लक्षित वर्गलाई छलेर प्रभुत्वशाली वर्गका व्यक्तिलाई राज्य सञ्चालन तथा नीति-निर्माणमा भित्र्याउँदा संविधान र कानुनको मर्मभन्दा पनि स्वार्थ समूहको हित प्रतिबिम्बित हुन्छ

अहिले राजनीतिमा विचार र सिद्धान्तभन्दा स्वार्थ हाबी भएको छ। त्यसैले, राजनीति सेवा नभई लेनदेन र लाभको माध्यमजस्तो देखिन थालेको छ। समानुपातिक सिटहरू वास्तविक समावेशिताभन्दा पार्टीको 'लक्जरी सिट'जस्तो बन्दै गएको छ, जहाँ प्रभावशाली व्यक्तिलाई 'राजनीतिक सम्मान' दिने माध्यमका रूपमा प्रयोग गर्न खोजिएको छ। यसले समग्र राजनीतिक प्रणालीको गुणस्तर कमजोर पारेको मात्र छैन, मुलुकमा सुशासन कायम हुने कुरामा समेत शंका उत्पन्न गरेको छ। समावेशी कोटाका नाममा लक्षित वर्गलाई छलेर अन्य प्रभुत्वशाली वर्गका व्यक्तिलाई राज्य सञ्चालन तथा नीति-निर्माणमा भित्र्याउँदा संविधान र कानुनको मर्मभन्दा पनि स्वार्थ समूहको हित प्रतिबिम्बित हुने सम्भावना बढी हुन्छ।

यस्तो प्रवृत्तिले दीर्घकालमा राष्ट्र निर्माणको उद्देश्यलाई नै कमजोर बनाउँछ। जब राजनीतिक दलहरू सामाजिक समावेशिताभन्दा आन्तरिक शक्ति सन्तुलन र स्वार्थ समूहको गठजोडमा बढी केन्द्रित हुन्छन्, तब राष्ट्रिय एकताको भावना कमजोर बन्न पुग्छ।

सामाजिक आन्दोलनमा नकारात्मक प्रभाव : समानुपातिक व्यवस्थाको अवमूल्यनले सामाजिक संरचनामा पनि गम्भीर असर पारेको छ। यसले सीमान्तकृत समुदायभित्र नै नयाँ तहको विभाजन सिर्जना गरेको छ। जो व्यक्ति पहुँचशाली छन् वा नेतृत्वसँग नजिक छन्, उनीहरूलाई मात्र अवसर प्राप्त हुँदा समुदायभित्रै असमानता बढ्छ। यसले सामाजिक न्यायको आन्दोलनलाई नै कमजोर बनाउँछ, किनभने समुदायका वास्तविक आवाज संसद्मा पुग्न पाउँदैन। यसले समुदायबिच पनि विभाजन खडा गर्छ। संविधानले गरेको समावेशिताको वाचा पूरा नहुँदा सामाजिक अशान्ति, विघटनकारी तत्त्वहरूको उदय र राजनीतिक अस्थिरता बढ्ने सम्भावना रहन्छ। विशेषगरी, युवापुस्ता, जसले समावेशी लोकतन्त्रको आशामा संविधानलाई समर्थन गरेका थिए, उनीहरूमा निराशा बढ्न सक्छ। यसले मुलुकको राजनीतिक भविष्यलाई नै अन्योलग्रस्त नबनाउला भन्न सकिन्न।

संवैधानिक मर्मलाई जोगाउने उपाय : समानुपातिक प्रणाली तब मात्र प्रभावकारी हुन्छ, जब त्यसमा पारदर्शिता, जवाफदेहिता र नैतिक प्रतिबद्धता हुन्छ। नेपालले संविधानमार्फत व्यक्त गरेको समावेशी लोकतन्त्रको प्रतिबद्धतालाई अब आत्मसमीक्षा र सुधारमार्फत पुनर्जीवित गर्नु अपरिहार्य भइसकेको छ। यसका लागि केही आधारभूत कदम अनिवार्य छन्।

पहिलो, समानुपातिक सूची निर्माण प्रक्रिया पारदर्शी, समुदायकेन्द्रित र जवाफदेही हुनुपर्छ। दलहरूले समुदायको सहभागितामा सूची तयार गर्नुपर्छ, न कि गुटगत सौदाबाजीबाट। प्रत्येक दलले आफ्नो समानुपातिक उम्मेदवारको छनोट प्रक्रिया सार्वजनिक गर्नुपर्छ र समुदायसँग छलफल गरी उम्मेदवार तोक्नुपर्छ।

दोस्रो, निर्वाचन व्यवस्थापन तथा नियमन गर्ने निकायलाई संवैधानिक मापदण्ड कार्यान्वयन गराउने प्रभावकारी अधिकार दिइनुपर्छ। विधानमा उल्लिखित समावेशी मापदण्ड ऐन र नियममा स्पष्ट रूपमा परिभाषित गर्नुपर्छ र त्यसको उल्लंघन गर्ने दलहरूलाई दण्डित गर्ने तथा समानुपातिक सूची अस्वीकार गर्ने अधिकार सुनिश्चित गरिनुपर्छ।

तेस्रो, नागरिक समाज, सञ्चारमाध्यम र शैक्षिक क्षेत्रले निरन्तर निगरानी र विमर्श गर्नुपर्छ। स्वतन्त्र मिडियाले समानुपातिक उम्मेदवारहरूको पृष्ठभूमि, समुदायसँगको जडान र योग्यता सम्बन्धमा खबरदारी गर्नुपर्छ। नागरिक समाजसम्बद्ध संस्थाले निर्वाचनको समयमा मात्र नभई निरन्तर रूपमा दबाब समूहको रूपमा काम गर्नुपर्छ।

चौथो, राजनीतिक दलहरूले समावेशितालाई बाध्यता होइन, राष्ट्रिय एकताको आधारका रूपमा स्वीकार गर्नुपर्छ। दलहरूभित्रै समावेशिताको संस्कृति विकास गर्नुपर्छ। दलको निर्णय प्रक्रियामा विविध समुदायको प्रतिनिधित्व हुनुपर्छ। दीर्घकालीन रणनीतिका रूपमा दलहरूले समुदायस्तरबाटै नेतृत्व विकास गर्ने कार्यक्रम सुरु गर्नुपर्छ।

पाँचौं, यससम्बन्धी कानुनमा सुधार गर्नुपर्छ। निर्वाचनसम्बन्धी कानुन तथा मापदण्ड अझ स्पष्ट र कार्यान्वयनयोग्य बनाउनुपर्छ। उम्मेदवारको पृष्ठभूमि प्रमाणित गर्ने प्रक्रिया कडाइसाथ लागू गर्नुपर्छ। समुदायले नै आफ्नो प्रतिनिधि चयन गर्ने प्रावधान सुनिश्चित गर्नुपर्छ।

समानुपातिक समावेशी व्यवस्थाको अवमूल्यन केवल निर्वाचन प्रणालीको कमजोरी होइन, यो नेपाली लोकतन्त्रकै गम्भीर चुनौती हो। संविधानले स्थापना गर्न खोजेको समावेशी लोकतन्त्रको आदर्श र व्यावहारिक राजनीतिबिचको यो खाडलले नेपालको लोकतान्त्रिक परिपक्वतामा गम्भीर प्रश्न उठाउँछ। समयमै आत्मसमीक्षा र सुधार गर्न सके मात्र संविधानको मर्म जोगिन सक्छ। यसका लागि संवैधानिक प्रतिबद्धताप्रतिको पुनर्संकल्प, राजनीतिक इच्छाशक्ति र जनताको जागरुकता अनिवार्य छ।

---

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका प्रवक्ता **डा. प्रकाश बुढाथोकी**लाई



स्वास्थ्य बिमामा धेरै समस्या देखिएका छन्, स्वास्थ्य मन्त्रालयले कसरी तिनको समाधान खोज्दै छ ?

स्वास्थ्य बिमाको सेवा मात्रै होइन, त्यसको प्याकेज र सफ्टवेयरमा पनि समस्या देखिन्छ। यसलाई सुधार्न हामीले अध्ययन गरिरहेका छौं। अन्य देशका बिमा मोडल पनि हेरेका छौं। सरकारको सामाजिक सुरक्षा कोषसँग पनि स्वास्थ्य बिमालाई कसरी व्यवस्थित पार्ने भनेर छलफल भएको छ। कैयौं मानिसले बिरामी भएपछि मात्रै बिमा गर्ने तर निको भएपछि बिमा नवीकरण नगर्ने गरेको गुनासो आइरहेको छ। त्यस्तै, ३५ सय तिरेपछि वा बिमा गरेपछि जसरी पनि एक लाखको सेवा लिनुपर्छ भन्ने मान्यता पनि सेवाग्राहीमा देखिएको छ। यसबाहेक बिमालाई बलियो बनाउन हामीले सांगठनिक क्षेत्रलाई समेट्न खोजिरहेका छौं।

स्वास्थ्य बिमा भद्रगोल हुनुको कारण के होला ?

पहिलो कुरा त संविधानअनुसार आधारभूत स्वास्थ्य त स्थानीय तहले दिनुपर्छ। त्योभन्दा माथिको सेवा मात्र माथिल्लो तहको सरकारले दिने हो। तर, स्थानीय तहले दायित्व पूरा गरेका छैनन्। जसको भार स्वास्थ्य बिमामाथि परेको छ। त्यस्तै बिमाको अर्को समस्या भनेको 'फेक क्लेम' हो। बिमा कार्यक्रममा आबद्ध अस्पतालले जस्तो विवरण पठाउँछन्, त्यस्तै बिमा बोर्डले स्वीकार गर्दैन। त्यो सिस्टमले पनि लिँदैन। अस्पतालले खर्च यति गरेको तर घटाएर दियो भनेर गुनासो गर्नुहुन्छ। बिमामा भएको अपरादर्शिता हटाउन हामीले सबै रोगको स्ट्यान्डर्ड ट्रिटमेन्ट प्रोटोकल बनाउँदै छौं, जसमा बिमा पारदर्शी र सहज हुनेछ।


टिचिङ अस्पतालले स्वास्थ्य बिमामा घाटा भएको भन्दै १ माघदेखि स्वास्थ्य बिमा सेवा रोक्ने भनेको छ, यसको समाधान कसरी खोज्दै हुनुहुन्छ ?

अस्पतालले त्यसरी बिमा कार्यक्रम रोक्दा सेवाग्राहीलाई पूर्ण रूपमा घाटा पर्छ, त्यसो गर्न पाइँदैन। हामीले अर्थ मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा बिमाको भुक्तानीका लागि बजेट पठाउन अपिल गरिसकेका छौं। अब हामीले बिमालाई सहज बनाउन 'रियल टाइम भेरिफिकेसन सिस्टम'समेत ल्याउँदै छौं। त्यसपछि एक सातामै भुक्तानी हुने नियम ल्याइनेछ।

प्रेरक प्रसंग

नेहरूको चर्चिललाई जवाफ

स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू सन् १९५० मा लन्डन भ्रमणमा थिए। त्यहाँको एउटा समारोहमा उनको भेट ब्रिटेनका पूर्वप्रधानमन्त्री सर विन्स्टन चर्चिलसँग भयो। चर्चिल नेहरूका कटु आलोचक थिए। असहमतिका बाबजुद भेटमा दुवै नेताले खुलेर कुरा गरे। बहसकै क्रममा चर्चिलले नेहरूसित सोधे, 'महामहिम, तपाईं त भारतमा अंग्रेजको शासनकालमा जेल पनि बस्नुभयो हगि ? साँच्ची तपाईंले अंग्रेजहरूको जेलमा कति वर्ष बिताउनुभयो ? तपाईंलाई भन्न अप्ठ्यारो हुँदैन भने यसबारे केही बताउनुस् न।'



चर्चिलको प्रश्न सुनेपछि नेहरूले सहज ढंगमा जवाफ दिए, 'हो, जेल त लामै समय बसियो नि ! लगभग १० वर्ष बसियो।' नेहरूको जवाफ सुनेपछि चर्चिलले अलि व्यंग्यभावमा भने, 'हामीले तपाईंमाथि त्यस्तो व्यवहार गरेको सम्झेर अहिले तपाईंलाई हामीमाथि घृणा लागिरहेको होला हगि।' उनको त्यस्तो प्रश्न सुनेर नेहरूले सहज ढंगमा जवाफ दिए, 'त्यस्तो होइन। हामीले एउटा यस्ता नेता (महात्मा गान्धी)को मार्गनिर्देशनमा काम गर्‍यौं, जसले हामीलाई दुइटा कुरा सिकाएका छन्, पहिलो, कसैसँग नडराउनू र दोस्रो, कसैलाई घृणा नगर्नू। त्यसैले, हामी त्यतिबेला तपाईंहरूसँग डराउँदैनथ्यौं र अहिले विगत सम्झेर तपाईंहरूलाई घृणा पनि गर्दैनौं।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

काङ्ग्रेसमा दुई धार

नेपाली काङ्ग्रेसको विशेष महाधिवेशनमा देशभरबाट उत्साहजनक सहभागिता भयो। गगन र विश्वप्रकाशले पदका लागि नभएर पार्टीलाई मजबुत बनाउन यो महाधिवेशन आयोजना गरिएको दाबी गरेका छन्। यतिबेला शेखर कोइराला भने महाधिवेशन आह्वानकर्ता महामन्त्रीद्वयको पक्षमा देखिएनन्। हिजोसम्म हस्ताक्षर अभियान चलाएका कोइराला एकाएक हराउनुले उनको उद्देश्यमाथि नै शंका उत्पन्न गर्नेछ।

नेपाली काङ्ग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको आँट र बहुमत महाधिवेशन प्रतिनिधिको साथले नै यो अधिवेशन यति भव्य भएको हो। पार्टीमा रूपान्तरणको खाँचो छ। तर, शेरबहादुर देउवा, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार र कार्यवाहक सभापति पूर्णबहादुर खड्का यसको प्रतिरोध गरिरहेका छन्। जेन-जी आन्दोलनपछि सक्रिय राजनीतिबाट सन्न्यास लिने बताएका देउवा फेरि सक्रिय छन्। राजनीतिबाट अवकाश गर्दा देउवाको बहिर्गमन सम्मानजनक हुने थियो। समयको मागलाई आत्मसात गर्नुपर्छ, सधैं मेरो गोरुको बाह्रै टक्का भन्नुको अर्थ छैन।

शेरबहादुर देउवा अहिले प्रतिद्वन्द्वी दल एमालेका नेता केपी शर्मा ओलीको उत्साहटमा हौसिएका थिए होलान्। तर, अब पनि सत्तामा पुग्ने दिवा सपना त्याग्नुपर्छ। यसैमा देश, जनता र तपाईं सबैको हित हुन्छ। देउवाले आफ्नो पार्टीका बहुसंख्यक केन्द्रीय सदस्यको भावना बुझेर पुस्तान्तरणमा सहयोगी भूमिका खेल्नुपर्ने हो।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

सजिलो छैन इरानमा प्रदर्शनबाट राजतन्त्र फर्काउन

इरानमा प्रदर्शनकारीले लगाएको राजतन्त्रवादी नारा पहलवी वंशप्रतिको प्रेमको घोषणा होइन, इस्लामिक गणतन्त्रप्रतिको घृणाको घोषणा हो



देश/विदेश

● प्याट्रिक विन्टोर

इरानीहरू अहिले सडकमा उत्रिएका छन्। इरानका पदच्युत राजाका निवार्सित छोरा रेजा पहलवीका समर्थक भने इरानको सडकमा निस्केको भिड पहलवीकै आह्वानको प्रतिक्रिया भएको दाबी गर्दै छन्। उनीहरू यसलाई पहलवीको नेतृत्वप्रतिको आमअनुमोदन भन्दै उनले जितिसकेकोमा जोड दिँदै छन्। यद्यपि, इरानमा अहिलेको इस्लामिक गणतन्त्रको विकल्प टुंगिसकेको विषय भने होइन। पहलवीका सथर्मक र पश्चिमा टेलिभिजन च्यानलहरू पछिल्लो प्रदर्शनमा केहीले शाहको फिर्तीको माग गरेका प्लेकार्ड बोकेको र नारा लागेको तथ्यलाई जोड दिइरहेका छन्। तर, वास्तविकता भने त्यति सरल छैन।

यसपटक सडकमा उत्रिएकाहरूले ४७ वर्षदेखि इरानमा शासन गरिरहेको खामेनीको धार्मिक शासनकै अन्त्यको माग गरेको सही हो। तर, प्रदर्शनकारीको मुख्य माग राजतन्त्रको फिर्ती भने छैन। उता, अन्तर्राष्ट्रिय रूपमा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहलवीलाई समर्थन नगर्नुलाई महत्त्वपूर्ण रूपले हेर्नुपर्छ।

पहलवीले इरानीलाई सडकमा उत्रन आह्वान गरेपछि ट्रम्पलाई भेट्ने प्रयास गरेको तर भेट्ने समय नपाएको उनकै समूहले बताएको छ। जसरी ट्रम्पले भेनेजुएलाकी विपक्षी नेतृ मारिया कोरिना मचाडोको उम्मेदवारीलाई समर्थन गर्न हतार गरेनन्, त्यसैगरी उनले पहलवीबारे पनि उत्तिकै सतर्कता देखाएका छन्। यस संयमतामा सम्भवतः अमेरिका अर्को गृहयुद्धमा फस्न सक्ने डरले काम गरेको हुन सक्छ। इरानीहरू भ्रष्टाचार, दमन र मुद्रास्फीति अन्त्य हुनुपर्ने मागमा एक छन्। त्यसबाहेक स्पष्ट राजनीति मार्गदिशाको अभाव र आन्दोलनमा स्पष्ट नेतृत्व नदेखिँदा पहलवीले अवसर छोप्ने प्रयास गरेका छन्। कम्तीमा राजावादी समूहमा उनको नामवरिपरि एक समूह पहिले गोलबन्द छ। तिनले दशकौंदेखि इरानमा राजतन्त्र फर्कनुपर्ने अभियान सानै स्तरमा भए पनि चलाउँदै आएका छन्।

इरानलाई धर्मनिरपेक्ष भविष्यमा डोऱ्याउन सक्ने सक्षम मानिएका नर्गिस मोहम्मदी र मुस्तफा ताजजादेहजस्ता अनुहार वर्षौंदेखि जेलमै छन्। यसैले, एकजना इरानीले 'इरान अहिले घोषणापत्रविहीन राजनीति युगमा बाँचिरहेको' बताए। पछिल्लो आन्दोलनपछि सरकारको एक हिस्सामा डर फैलिएको छ। तर, देशका सर्वोच्च नेतालाई प्रभावित बनाएकोजस्तो देखिँदैन। ट्रम्पले पहलवीसँग दूरी कामय गर्न देखाएको सावधानीपछाडि उनले इरानको सरकारभित्रकै एक समूहसँग सम्झौताको प्रयास गरिरहेको हुन सक्ने आशंकालाई बल दिएको छ। अमेरिका र इरानबिचको परम्परागत मध्यस्थकर्ता ओमानका अधिकारी यस सप्ताहन्तमा तेहरान पुग्दै छन्। यस भ्रमणका क्रममा त्यस दिशामा पहल हुन सक्छ।

'अहिले इरानमा पहलवीको पक्षमा उठेका नारा खासमा राजतन्त्र फिर्तीको आह्वान होइन, यो त अहिलेको मृत अवस्थाबाट जसरी पनि उम्कन खोजिएको मात्र हो। जब समाजसँग अगाडि बढ्ने कुनै बाटो हुँदैन, तब समाज पछि हट्छ, जुन कुरा रुचिबाट नभएर बाध्यताबाट प्रेरित हुन्छ। यो एक थकित राजनीतिक पर्यावरणको हतास प्रतिक्रिया मात्र हो,' एक इरानीले गार्जियनसँग भने। दशकौं इरानी समाजलाई 'पर्खन' भनियो। र, उसले पर्खियो पनि। यसलाई सबै कुरा ठिक हुनेछ भनिएको थियो। तर, केही



पनि ठिक भएन। इरानी समाजलाई स्थिति थप खराब हुन सक्दैन, हुनेजति खराब भइसकेको छ भनिएको थियो। तर, दिन-प्रतिदिन स्थिति खराब भयो। त्यसपछि समाजसँग कुनै विकल्प नरहेको बताइयो। ट्याक्कै त्यही क्षणमा सडकले विकल्प सिर्जना गऱ्यो।

अर्थात्, राजतन्त्रवादी नारा पहलवीप्रतिको प्रेमको घोषणा नभएर इस्लामिक गणतन्त्रप्रतिको घृणाको घोषणा हो। सबैजना विगत वा अधुरा वाचामै अल्झिरहेका छन्। जब क्षितिजमा केही देखिँदैन, समाजले पछाडि फर्केर हेर्छ, किनभने अगाडि हेर्नलाई केही नदेखिएपछि विकल्प नै त्यही बाँकी रहन्छ।

उता, इरानी लेखक संघले 'बाह्य रूपमा लादिएका समाधान'प्रति सावधानी अपनाउन आह्वान गरेको छ। 'स्वतन्त्रता आकाशबाट सिकारी शक्तिहरूले हान्ने बम र क्षेप्यास्त्रबाट आउँदैन। स्वदेशी र विदेशी शोषकबाट आफ्नो स्वतन्त्रता कायम राख्दै, यथास्थितिविरुद्ध उठेका सबैले न त काल्पनिक विगतको पुनरावृत्ति पर्खन्छन्, न त नक्कली सुधारकहरू ने पर्खिन्छन्,' इरानी लेखक संघले एक विज्ञप्ति जारी गर्दै सावधान गर्न खोजेको छ। पहलवीहरू लामो समयदेखि इरानका वामपन्थीको घृणाका पात्र रहँदै आएका छन्। इरानका सबैभन्दा प्रमुख मजदुर युनियन 'सिन्डिकेट वर्कर्स अफ तेहरान' र 'सबअर्ब्स बस कम्पनी'ले बुधबार एक विज्ञप्ति जारी गर्दै पुरानो र अधिनायकवादी शक्तिको पुनरोत्थानको विरोध गर्ने बताएको छ।

तेहरान विश्वविद्यालयका राजनीतिशास्त्रका अवकाशप्राप्त प्राध्यापक अहमद नघिबजादेहले खासमा अहिलेको विवाद राजतन्त्र ल्याउनेभन्दा राज्यमा धर्मको भूमिकाको विषयमा भएको बताए। यसको समाधान प्राविधिकभन्दा पनि ऐतिहासिक हुने बताए। युरोन्युजसँगको कुराकानीमा उनले भने, 'खासमा इरानमा अहिले जे भइरहेको छ, त्यो युरोपमा इतिहासमा देखिएकै धर्म र राज्यबिचको विभाजनको विवाद हो। यहाँ पनि युरोपमा जस्तै धर्म र राज्यबिचको द्वन्द्वमा राज्य विजयी हुन सक्छ।'

लेखक गार्जियनका कूटनीतिक बिटका सम्पादक हुन्।
- गार्जियनबाट

ट्राफिक प्रहरीको सराहनीय काम

ट्राफिक प्रहरी वृत्त नयाँ बसपार्कले काठमाडौंभित्र चल्ने राइड-सेयरिङ मोटरसाइकल चालकसँग अन्तर्क्रिया तथा सचेतना कार्यक्रम सम्पन्न गरेछ। 'दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह २०८२' अन्तर्गत सोमबार त्यस्तो कार्यक्रम गरिएको रहेछ। यो एक उदाहरणीय काम हो। पछिल्लो समय राइड सेयरिङ मोटरसाइकल उपत्यकाभित्र सार्वजनिक यातायातको महत्त्वपूर्ण माध्यम बनिसकेको छ। यसलाई अनदेखा गर्नु भनेको त्यसमा संलग्न ठुलो समूहलाई कानुनी माध्यममा ल्याउने अवसर गुमाउनु हो। सडक सुरक्षाका लागि राइड सेयरिङ सेवा दिइरहेकाहरूलाई पूर्ण रूपमा प्रशिक्षित गर्नुपर्छ।

● **रोशन खड्का**, ओखलढुंगा

एन्फाको सधैंको किचलो

उच्च अदालत पाटनले 'अखिल नेपाल फुटबल संघ (एन्फा)'को यही २८ माघमा झापामा हुने भनिएको चुनावी साधारणसभाका सबै प्रक्रिया रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। यो घटनाले फेरि नेपालमा फुटबलको अधोगतिको कारणमाथि प्रकाश पारेको छ। कुनै समय नेपालमा फुटबललाई एक आशालाग्दो खेलका रूपमा हेरिन्थ्यो। तर, नेपाली फुटबलको नियामक संस्था एन्फा सधैं कुनै न कुनै विवादमा फसिरहँदा खेलमै असर पर्न गयो। आज क्रिकेट क्षेत्र धेरै अगाडि बढ्दा फुटबल भने अगाडि होइन, पछाडि गइरहेको छ।

● **पूजन ढकाल**, रामनगर, बारा

पानीमाथिको ओभानो

नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सोमबार पार्टी गतिविधिमा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्न निर्देशन दिएर जग हँसाए। भृकुटीमण्डपमा विशेष महाधिवेशन चलिरहँदा खड्काको विज्ञप्ति आउनु र त्यसमा एकता कायम राख्न अपिल गरिनुले त्यसको संकेत कोतर्फ छ भनेर सजिलै बुझ्न सकिन्छ। तर, काङ्ग्रेसको एकता प्रभावित हुने काम कसले गऱ्यो ? आज काङ्ग्रेस जुन अवस्थामा छ, त्यसको पूर्ण जिम्मेवार पूर्णबहादुर छन्। त्यसैले, उनी पानीमाथिको ओभानो बन्नुको कुनै तुक छैन।

● **रमा राउत**, रुकुम

नाइजेरियाका स्कुले बालबालिका सधैं असुरक्षित

बढ्दो विद्यार्थी अपहरणका कारण उत्तरी र मध्य-नाइजेरियाका धेरै क्षेत्रका विद्यालयमा छात्रछात्राको उपस्थितिमा व्यापक गिरावट आएको छ

आतंकवाद र फिरौतीका लागि अपहरणमा पर्ने डरले नाइजेरियाली विद्यार्थीको पढाइ लामो समयदेखि अवरुद्ध छ। यदि अभिभावकले नयाँ वर्षमा आफ्ना बच्चालाई विद्यालय फर्कन अनुमति दिने हो भने पर्याप्त सुरक्षा पूर्वाधार, स्पष्ट सञ्चार प्रोटोकल र प्रभावकारी पूर्वचेतावनी प्रणाली आवश्यक पर्नेछ।

नोभेम्बरमा विद्यालयबाट अपहरण गरिएका सयौं नाइजेरियाली बालबालिका अझै पनि कैदमा छन् वा बेपत्ता छन्। हालै १०० जना विद्यार्थीको उद्धारले पनि आत्मविश्वास पुनर्स्थापित गर्न खासै काम गरेको छैन। विद्यालय बन्द भएका कारण वा अभिभावकले आफ्ना बालबालिकालाई घरमा राखेका कारण उत्तरी र मध्य-नाइजेरियाका धेरै क्षेत्रमा विद्यालयमा उपस्थिति घटेको छ। यो कुनै आश्चर्यको कुरा होइन। २०२४ मा जारी युनिसेफको सुरक्षित विद्यालय अनुगमन प्रतिवेदनका लागि न्यूनतम मापदण्डले हालै पत्ता लगायो कि दश नाइजेरियाली राज्यमा अनुगमन गरिएका विद्यालयमध्ये केवल १७ प्रतिशतले कम्तीमा ७० प्रतिशत आधारभूत मापदण्ड लागू गरिरहेका थिए।



● गोर्डन ब्राउन

संयुक्त अधिराज्यका पूर्वप्रधानमन्त्री गोर्डन ब्राउन विश्व स्वास्थ्य संगठनका विश्वव्यापी स्वास्थ्य वित्तपोषणका राजदूत हुन्

जनवरीको मध्यमा अर्को स्कुल सत्र सुरु हुनुभन्दा पहिले यो अवस्थालाई समाधान गर्नुपर्छ। त्यस उद्देश्यका लागि नाइजेरियाली सरकार र अन्तर्राष्ट्रिय कोषदाताहरूले स्कुल-सुरक्षा प्रस्तावको एक शृंखला प्रस्तुत गरिएको छ। फिल्डमा खटिएको युनिसेफको टोली, सेफ स्कुल इनिसियटिभ अर्थात् सुरक्षित स्कुल पहललाई आर्थिक सहयोग गर्ने व्यवसायी नेता र स्थानीय तथा राष्ट्रिय प्रशासकद्वारा प्रस्ताव तयार पारिएको थियो।

नाइजेरियाको शिक्षा प्रणाली विद्यालयमा हुने गरेको न्यून भर्ना दरसँग निकै संघर्ष गरिरहेको छ। अपहरणका घटना धेरै हुने राज्यमा समस्या तीव्र छ। २०२३ को एमआइसिएस-इएजिएलई नाइजेरिया एजुकेसन फ्याक्ट सिट्सका अनुसार केब्बीमा ६७ प्रतिशत केटी र ६२ प्रतिशत केटा (जहाँ हालै २५ विद्यार्थी अपहरण गरिएका थिए) प्राथमिक विद्यालयमा भर्ना भएका छैनन्। माध्यमिक विद्यालयमा भर्ना दर प्रायः अपरिवर्तित छ। स्कुलबाहिर रहेका लाखौं प्राथमिक विद्यालय जाने उमेरका बालबालिकामध्ये धेरैले त्साड्या र इस्लामिया विद्यालयमा अनौपचारिक इस्लामिक शिक्षा प्राप्त गर्छन्। केब्बीका तीन र चार वर्षका बालबालिकामध्ये केवल चार प्रतिशतले प्रारम्भिक बाल्यकाल शिक्षामा भाग लिन्छन्, जबकि काट्सिनामा १० प्रतिशत, जिगावामा १६ प्रतिशत र कादुना (अन्य उत्तरी राज्य) मा ३२ प्रतिशत यस्तो शिक्षामा सहभागी छन्।



वर्षौंदेखि संघीय तथा राज्य शिक्षा मन्त्रालयहरू र राष्ट्रिय सुरक्षित विद्यालय प्रतिक्रिया समन्वय केन्द्रले स्थानीय र अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा समुदाय र विद्यालयको क्षमता विकास गर्न महत्त्वपूर्ण प्रयास गरेका छन्। यसले आतंककारी मात्र नभई डाँकुहरूको गिरोहको पनि प्रतिरोध गर्न सक्छन्, जसले अब अपहरण गरिएका बालबालिकाको फिर्ताको लागि माग गरिएको फिरौतीलाई पैसा कमाउने व्यक्तिको रूपमा हेर्छन्। सुरक्षा उपायमा विद्यालयमा आधारित व्यवस्थापन समिति र शिक्षकलाई सुरक्षा प्रक्रियामा तालिम दिने, अलार्म र बार लगाउने र सम्भावित खतराको पहिचान, न्यूनीकरण र प्रतिक्रिया योजना विकास गर्न समुदायमा आधारित स्टेयरिङ समितिमार्फत दूरसञ्चार लिंक सिर्जना गर्ने समावेश छ।

आतंकवादले गर्दा धेरै नाइजेरियाली विद्यार्थीको पढाइ अवरुद्ध छ। सशस्त्र गिरोह अब फेरि कहिल्यै शक्तिशाली हुनेछैनन् भन्ने सुनिश्चितता गर्दै सरकारले जोखिम क्षेत्रका विद्यालयलाई सुरक्षित ढंगले सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ

तर, यदि अभिभावकले नयाँ वर्षमा आफ्ना बच्चालाई कक्षाकोठामा फिर्ता पठाउने हो भने थप परिधिको बार र सीमा पर्खाल खडा गरेर, क्यामेरा र अन्य निगरानी उपकरण स्थापना गरेर र सुरक्षित प्रवेश विन्दु र आपत्कालीन निकास पहिचान गरेर कमजोर विद्यालयको सुरक्षा पूर्वाधार स्तरोन्नति गर्न तत्काल आवश्यक छ। केही अवस्थामा अलार्म प्रणालीजस्ता आधारभूत प्रावधान पनि आवश्यक पर्छ।

यी परिवर्तन विद्यालय, स्थानीय अधिकारी र सुरक्षा एजेन्सीबिच स्पष्ट सञ्चार प्रोटोकलको विकास र कार्यान्वयनद्वारा पूरक हुनुपर्छ। शिक्षकलाई निकासी प्रक्रियामा तालिम दिने र आक्रमणको सामना गर्दा कसरी उत्तम प्रतिक्रिया दिने भन्नेबारे मार्गदर्शन प्रदान गर्ने कार्यक्रमलाई पुनर्जीवित गर्न पनि आवश्यक हुनेछ।

यदि अपहरण जारी रह्यो भने एकान्त वा उच्च जोखिम भएका विद्यालयमा भर्ना भएका विद्यार्थीलाई सुरक्षित मानिएका विद्यालयमा स्थानान्तरण गर्नुपर्ने अवस्था आउन सक्छ। जहाँ शिक्षण पुनः सुरु गर्न सकिँदैन, त्यहाँ अनलाइन वा रेडियो पाठ सुरु गर्न आवश्यक हुन सक्छ। न त हामी बालबालिकामा कक्षाकोठाको समय गुमाउनुको गहिरो प्रभावलाई कम आकलन गर्न सक्छौं। निश्चय पनि आघातको सामना गर्न मद्दत चाहिन्छ।

तर, सर्वोच्च प्राथमिकता भनेको विद्यालयमा र विद्यालयनजिकै सुदृढ सुरक्षा प्रदान गर्नु हो। संघीय र राज्य शिक्षा मन्त्रालयसँगको साझेदारीमा युनिसेफले २.६ मिलियन डलरको सहयोग कार्यक्रम प्रस्ताव गरेको छ, जुन हाल प्रकाशित छैन। तर, सम्बन्धित सरोकारवालालाई साझा गरिएको छ। पहिलो कार्य अपहरणबाट प्रभावित विद्यार्थी र शिक्षक, साथै उनीहरूका परिवारको मनो-सामाजिक आवश्यकता पूरा गर्नु हुनेछ। दोस्रो कार्य भनेको नाइजेरिया लर्निङ पासपोर्टमार्फत स्कुल बन्दबाट पीडित बालबालिकाका लागि सिकाइको निरन्तरता प्रदान गर्नु हो, जुन मोबाइल र अफलाइन क्षमता भएको अनलाइन इ-लर्निङ प्लेटफर्म हो। तेस्रो कार्य भनेको विद्यालयको सुरक्षा स्तर निर्धारण गर्न शिक्षा मन्त्रालयलाई द्रुत मूल्यांकन उपकरणले सुसज्जित गर्नु हुनेछ।

तर, सबैभन्दा तत्काल आवश्यकता भनेको कोषदाताहरूले जनवरीमा नाइजेरियाली बालबालिका सुरक्षित रूपमा विद्यालय फर्कन सकून् भनेर पर्याप्त सुरक्षा उपाय सुनिश्चित गर्नु हो। अपेक्षाकृत सीमित वित्तपोषणका साथ हामी संघीय र राज्य सरकारलाई प्रारम्भिक चेतावनी प्रणाली लागू गर्न, उत्तरी नाइजेरियाका सबैभन्दा जोखिममा रहेका विद्यालयका लागि कार्ययोजना सिर्जना गर्न र संकटको समयमा उच्च गति सञ्चारका लागि इन्टरनेट राउटर समावेश गर्ने सुरक्षित-विद्यालय कीट वितरण गर्न आवश्यक प्राविधिक र लजिस्टिक सहयोग प्रदान गर्न सक्छौं।

पछिल्ला अपहरणका घटनाले हामीलाई सम्झाउँछन् कि आतंकवादले गर्दा धेरै नाइजेरियाली विद्यार्थीको पढाइ अवरुद्ध छ। सशस्त्र गिरोह अब फेरि कहिल्यै शक्तिशाली हुनेछैनन् भन्ने सुनिश्चितता गर्दै सरकारले जोखिम क्षेत्रका विद्यालयलाई सुरक्षित ढंगले सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ। त्यसपछि मात्र प्रत्येक बालबालिकाले राम्रो र निर्बाध शिक्षा प्राप्त गर्ने मौका पाउन सक्छन्।

प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् १९१५ : इटलीमा शक्तिशाली भूकम्प। भूकम्पमा परेर कम्तीमा ३० हजारजनाको मृत्यु। भूकम्पबाट राजधानी रोमबाट १०० किलोमिटर पूर्वमा रहेको एभेजानो सहर सबैभन्दा बढी प्रभावित।

सन् १९३७ : संयुक्त राज्य अमेरिकाले अमेरिकीलाई स्पेनको गृहयुद्धमा सेवा गर्न प्रतिबन्ध लगायो।

सन् १९७६ : फकल्यान्ड टापुहरूको विवादलाई लिएर अर्जेन्टिनाले बेलायती दूतलाई देश निकाला गऱ्यो।

सन् १९८० : अफगानिस्तानमा सोभियत धम्कीलाई 'काउन्टर' दिन अमेरिकाद्वारा पाकिस्तानलाई दुईवर्षे सहयोग योजना घोषणा।

सन् २००० : अमेरिकाका धनाढ्य बिल गेट्सद्वारा माइक्रोसफ्टको सिइओबाट राजीनामा। गेट्सले अर्का धनाढ्य पाउल एलनसँग मिलेर सन् १९७५ मा माइक्रोसफ्ट स्थापना गरेका थिए।

सन् २०२१ : पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पमाथि महाभियोग। सन् २०२० को राष्ट्रपति निर्वाचनमा जोन बाइडेनसँग पराजित भएपछि उनका समर्थकले मतपरिणाम अस्वीकार गर्दै क्यापिटोल भवनमा हुलदंगा मच्चाएका थिए।

अस्ट्रेलियाको डढेलोमा ३०० घर जले

सिड्नी/ अस्ट्रेलियामा लागेको डढेलोमा एकजनाको मृत्यु दक्षिण-पूर्वी अस्ट्रेलियामा लागेको डढेलोमा एकजनाको मृत्यु भएको छ भने तीन सय घर जलेका छन्। भिक्टोरिया र न्यु साउथ वेल्सका धेरै स्थानमा केही दिनदेखि आगो लागेको छ। भिक्टोरियामा आपतकालीन अवस्था घोषणा गरिएको छ किनकि हजारौं अग्नि नियन्त्रक र ७० भन्दा बढी विमानलाई आगो निभाउन परिचालन गरिएको छ। एक दर्जनभन्दा बढी समुदायका बासिन्दालाई आफ्नो घर छोड्न सल्लाह दिइएको छ। धेरै तातो, सुक्खा र हावाका कारण आगलागी धेरै हप्तासम्म बढ्न सक्ने अधिकारीले बताएका छन्।



भिक्टोरियाकी प्रधानमन्त्री ज्यासिन्टा एलनले राज्यभर ३० वटा सक्रिय आगलागीका घटना भएको बताइन्, जसमध्ये १० वटामा ठुलो क्षति भएको छ। आइतबारसम्म राज्यभर ३,५०,००० हेक्टर जमिनको जंगल जलेको उनले बताइन्। 'हामी राज्यमा अझै केही दिन आगो लाग्ने देख्नेछौं र त्यसैले हामी लामो समयसम्म यो सबैभन्दा खराब अवस्थाबाट गुज्रिरहेका छैनौं,' उनले अस्ट्रेलियाली सञ्चारमाध्यमलाई भनिन्, 'अहिले त्यहाँ आगो लाग्ने क्रम जारी छ जसले घर र सम्पत्तिलाई जोखिममा पारिरहेको छ।'

राज्यको राजधानी मेलबर्नबाट लगभग ११० किलोमिटर (७० वर्ग माइल) उत्तरमा रहेको लड्वुड सहरनजिकैको गोबरगाउँमा मानव अवशेष फेला परेको प्रहरीले जनाएको छ। पीडितको अझै पहिचान हुन सकेको छैन। मेलबर्नसहित भिक्टोरियाका धेरै क्षेत्रमा डढेलोको धुँवाले वायु गुणस्तरमा असर गरिरहेको छ। अधिकारीहरूले २०१९-२०२० मा टर्कीजत्रो क्षेत्रलाई ध्वस्त पार्ने र ३३ जनाको ज्यान लिने आगलागीपछि अस्ट्रेलियाको दक्षिण-पूर्वमा लागेको यो सबैभन्दा खराब आगलागी भएको बताएका छन्।

सबैभन्दा बढी प्रभावित ठाउँमध्ये एक भिक्टोरियाको मध्य हाइल्यान्ड्समा रहेको सानो सहर हार्कोर्ट हो, जहाँ अग्निनियन्त्रक टायरोन राइसले आगलागीमा आफ्नै घर गुमाए। उनी एउटा झाडीको आगो निभाउन बाहिर निस्किरहेका वेला आफ्नै घर आगोले निलेको देखे।

ट्रम्प भेनेजुएलाको कार्यवाहक राष्ट्रपति !

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूलाई भेनेजुएलाको कार्यवाहक राष्ट्रपति उल्लेख गरिएको तस्बिर सामाजिक सञ्जालमा पोस्ट गरेका छन्। राष्ट्रपति ट्रम्पले आफ्नै ट्रुथ सोसलमा उक्त तस्बिर पोस्ट गरेका हुन्। ट्रम्पले सोमबार विकिपिडियाको स्क्रिनसटजस्तो देखिने तस्बिर पोस्ट गरेका हुन्। उक्त पोस्टमा अमेरिकी नेताको आधिकारिक तस्बिर र त्यसपछि पदको विवरण लेखिएको छ। तस्बिरमुनि अमेरिकाको ४५औं र ४७औं बहालवाला राष्ट्रपति लेखिएको छ। अमेरिकी राष्ट्रपतिमा २० जनवरी र भेनेजुएलाको कार्यवाहक राष्ट्रपतिको रूपमा २०२६ जनवरी उल्लेख छ। कुनै क्याप्सनविना पोस्ट गरिएको उक्त तस्बिरलाई धेरैले सेयरसमेत गरेका छन्। उक्त पोस्ट भेनेजुएलामा हालैका घटनाक्रमपछि ट्रम्पलाई उक्त भूमिकामा प्रस्तुत गर्न तस्बिरलाई डिजिटल रूपमा परिवर्तित गरिएको हुन सक्ने केही सञ्चार माध्यमले उल्लेख गरेका छन्। भेनेजुएलामा अमेरिकी हस्तक्षेपपछि बढेको तनावबिच यो तस्बिर सार्वजनिक भएको हो।





अमेरिकाले जनवरी ३ मा भेनेजुएलाविरुद्ध ठुलो मात्रामा हमला गऱ्यो र भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो र उनकी श्रीमतीलाई जबर्जस्ती नियन्त्रणमा लिएको थियो। त्यसपछि, ट्रम्पले एक पत्रकार सम्मेलनमा अमेरिकाले भेनेजुएलामाथि शासन गर्ने दाबी गरेका छन्। मदुरोलाई लागुऔषध कारोबार र आतंवादसम्बन्धी मुद्दामा हाल न्युयोर्कको एक कारागारमा राखिएको छ।

सिन्दूर बचत तथा ऋण सहकारी संस्था
टोखा-०४, धापासी

ऋण चुक्ता गर्नआउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८२/०९/२९

यस सिन्दूर बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट विभिन्न प्रयोजनका लागि ऋण लिएका देहायका ऋणीहरूले लामो समयसम्म फोन तथा अन्य माध्यमबाट ताकेता गर्दा समेत सम्पर्कमा नआउने र ऋणको साँवा तथा ब्याज चुक्ता नगरेकाले तीन पुस्ते सहित यो विवरण सार्वजनिक गरिएको छ। यस बमोजिम आफुले लिएको ऋणको साँवा,ब्याज तथा हर्जना तत्काल बुझाउनु हुन अनुरोध गरिन्छ। अन्यथा कानून बमोजिम आवश्यक कारवाही अगाडी बढाउने व्योहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। सूचनामा तोकिएको म्यादभित्र संस्थालाई तिर्ने, बुझाउनुपर्ने सम्पूण रकम नबुझाएमा सहकारी ऐन नियमावली बमोजिम ऋणीको हकभोग लाग्ने जायजेथाबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

क्र. स	ऋणीको नाम र ठेगाना	ना.प्र.नं. जिल्ला, जारी मिति	तीन पुस्ते बाबु/ससुरा बाजे/श्रीमान	फोटो	जमानी कर्ताको नाम र ठेगाना र फोटो
१.	**उमा रायमाझी** नायर नमतलेस गा.वि.स ०१, पाल्पा	८७६०८, पाल्पा २०५८-०६-०५	बाबु- मीन बहादुर रायमाझी बाजे- राम बहादुर रायमाझी		**राधा शर्मा** पुतलीबजार न.पा ०४, स्याङजा
२	**राधा शर्मा** पुतलीबजार न.पा.०४, स्याङजा	स्याङजा पुतलीबजार न.पा .	बाबु- गुरुप्रसाद शर्मा बाजे- नेत्र नारायण शर्मा		**ज्योति प्रसाद शर्मा** पुतलीबजार न.पा ०४, स्याङजा
३	**सकुन्तला शमशेर ज.ब.रा.** खड्गभञ्ज्याङ्ग गा.वि.स ०७, नुवाकोट	४०४१३ नुवाकोट	बाबु- बिर जँग शाह बजे- नरेन्द्र जँग शाह		**अरुणा शाह** बिदुर न.पा ०४, नुवाकोट 
४	**माधवी पोखरेल खत्री** भगवती गा.वि.स ०४, म्याग्दी	४३३०४७/५९९ म्याग्दी २०६३-११-१२	बाबु- कर्ण बहादुर खत्री बाजे- मुलुक सिँह खत्री		**चिरन्जीवी प्रसाद खत्री** भगवती गा.वि.स ०४,म्याग्दी
५	**लेखत रनपहेली (दर्जी)** मारेकटहरे गा.वि.स १, धनकुटा	२८३ धनकुटा २०५९-११-०६	बाबु- कुल बहादुर रनपहेली बाजे- अमृत रनपहेली		**टेक बहादुर वि.क** धनकुटा
६	**नविन भट्टराई,** सोराभाडा गा.वि.स ०२, मोरङ	१०४१८/२२५ मोरङ २०५७-०८-०९	बाबु- बलराम शर्मा भट्टराई बाजे- प्रेमदास शर्मा भट्टराई		**भगवती बस्नेत** धरान उ.म.न.पा १५, सुनुरी
७	**राम प्रसाद गुरुङ्ग** मच्चोक गा.वि.स ०७ गोरखा	७८०६९ गोर्खा २०५७-०४-२३	बाबु- आइतमान गुरुङ बाजे- पदम सिँह गुरुङ		**दिपक गुरुङ्ग** पोखरा उ.म.न.पा १३, कास्की
८	**बाल कुमारी माझी** रानीबास ०१, सिन्धुली	२०-०१-६९-००५६६ सिन्धुली २०६९-०७-२१	बाबु- कृष्णबहादुर देवकोटा बाजे- कटकबहादुर देवकोटा		**राजकुमार माझी** रानीबास गा.वि.स ०१, सिन्धुली
९	**सरु राई** बेलकोट गडि ०५, नुवाकोट	९६४-२८६३५ बेलकोटगढी न.पा. ०५, नुवाकोट	बाबु- शम्भु कूवर बाजे- कृष्ण कूवर		**ओम कुमारी ठाडा मगर** सिन्धुली गोलन्जोर गा.पा. ०४, सिन्धुली

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Terai Madhesh Groundwater Irrigation Program

Jawalakhel, Lalitpur

Notice of Tender Publication

Date of First publication : 2082/09/29 (13th January 2026)

This is to notify to all concerned that online Invitation for Bids is published for the following works.

S.N.	Name of Works	IFB No.
1.	Construction of Pump House, MS Pipe Fittings, Distribution System and Electrification Works of Khushmadi Deep Tubewell Irrigation Project, Gaushala-1, Ramnagar, Mahottari District	TMGIP/NCB/Works/Mahottari-02/082-83
2.	Construction of Pump House, MS Pipe Fittings, Distribution System and Electrification Works of Sansarimai Deep Tubewell, Kshireshwornath-3, Pokhariya, Dhanusha District	TMGIP/NCB/Works/Dhanusha-02/082-83
3.	Construction of Pump House, MS Pipe Fittings, Distribution System and Electrification Works of Maa Jalapa Deep Tubewell Irrigation Project, Rajgadh-6, Inarwa, Saptari District	TMGIP/NCB/Works/Saptari-03/082-83
4.	Construction of Pump House, MS Pipe Fittings, Distribution System and Electrification Works of Manik Deep Tubewell Irrigation Project, Lahan-24, Manikdaha, Siraha District	TMGIP/NCB/Works/Siraha-03/082-83

on 2082/09/29 in e-GP system ***(https://bolpatra.gov.np/egp)*** *of Government of Nepal. Bidders Can Bid Electronically Only. For further details Bidders are requested to visit the office of* ***Terai Madhesh Groundwater Irrigation Program***, ***Jawalakhel, Lalitpur*** *or PPMO's website* ***https://bolpatra.gov.np/egp.***

Program Coordinator

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २९ पुस ०८२

नेप्से पुनर्संरचनासम्बन्धी प्रतिवेदन अर्थ मन्त्रालयमा

नेप्सेमा रणनीतिक साझेदार भित्र्याउन सुझाव

नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)को पुनर्संरचनासम्बन्धी अध्ययन समितिले अर्थमन्त्री रामेश्वर खनालसमक्ष अध्ययन प्रतिवेदन पेस गरेको छ। २ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले नेप्सेको पुनर्संरचना गर्न आवश्यक अध्ययन गरी सुझाव पेस गर्न प्रकाशजंग थापाको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरेको थियो। सोही समितिले सोमबार प्रतिवेदन बुझाएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए।

उनका अनुसार अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने-नगर्ने विषयमा हालसम्म कुनै निर्णय भइसकेको छैन। 'अध्ययन समितिले प्रतिवेदन बुझाएको हो, यसलाई कसरी सार्वजनिक गर्ने भन्ने विषयमा छलफल हुन बाँकी छ,' पाण्डेयले भने।

अध्ययन प्रतिवेदनमा नेप्सेको सुधारका लागि रणनीतिक साझेदार भित्र्याउनुपर्ने सुझाव दिइएको समितिका सदस्य तथा नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरीले जानकारी दिए। उनका अनुसार बंगलादेश र पाकिस्तानजस्ता मुलुकमा ४० प्रतिशतसम्म रणनीतिक साझेदार भित्र्याएर स्टक एक्सचेन्जको पुनर्संरचना गरिएको अभ्यास अध्ययन गर्दै सोही आधारमा नेपालका लागि सुझाव तयार गरिएको छ।

'हामीले नेप्सेको पुँजी संरचना, स्वामित्व ढाँचा र सञ्चालक समितिको संरचनाबारे पनि सुझाव दिएका छौं,' गिरीले भने, 'नेप्से सञ्चालक समितिमा विज्ञ सदस्य अनिवार्य हुनुपर्ने सिफारिस गरिएको छ। अर्थमन्त्रीज्यूले अध्ययन गरेर प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयनतर्फ लैजाने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।'

नेप्सेको पुनर्संरचनाबारे अध्ययन गरिएको यो पहिलोपटक भने होइन। यसअघि गरिएका अध्ययनहरूले पनि रणनीतिक साझेदार भित्र्याउनुपर्ने सुझाव दिँदै आएका छन्। नेप्से सञ्चालक समितिको २४ वैशाख ०८० मा बसेको बैठकले धितोपत्र बजार पुनर्संरचनासम्बन्धी संक्षिप्त प्रतिवेदन पारित गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेस गरेको थियो। उक्त प्रतिवेदन अध्ययनपछि अर्थ मन्त्रालयले विस्तृत अध्ययन गरी सुझावसहित प्रतिवेदन पेस गर्न निर्देशन दिएको थियो। तर, नेप्सेले विस्तृत प्रतिवेदन बुझाएपछि पनि त्यसमा लामो समयसम्म कुनै निर्णय भएको थिएन। त्यतिवेलाको अध्ययन प्रतिवेदनले कुनै पनि कम्पनी वा संस्थालाई ५ प्रतिशतभन्दा बढी सेयर स्वामित्व दिन नहुने सुझाव दिएको थियो। प्रारम्भिक चरणमा सर्वसाधारणलाई ३० प्रतिशत सेयर र संस्थागत सुशासन भएका संस्थालाई अधिकतम ५ प्रतिशत सेयर दिएर नेप्सेको पुनर्संरचना गर्न सिफारिस गरिएको थियो।

नेपालमा स्टक एक्सचेन्ज सञ्चालन विनियमावलीअनुसार सेयरधनीले अधिकतम १५ प्रतिशत सेयर मात्रै लिन पाउने व्यवस्था छ भने भारतमा यस्तो सीमा ५ प्रतिशत मात्र छ। कुनै एकल व्यक्ति वा संस्थाले एक्सचेन्जको निर्णय प्रक्रियामा प्रभाव पार्न नसकोस् भन्ने उद्देश्यले अधिकतम स्वामित्व सीमा ५ प्रतिशत कायम गर्न सकिने सुझाव अध्ययन प्रतिवेदनमा उल्लेख छ। यसै सन्दर्भमा, २८ मंसिर ०८० मा बसेको नेप्से सञ्चालक समितिको बैठकले आर्थिक वर्ष ०८०/८१ भित्र नेप्सेको प्राथमिक सेयर निष्कासन (आइपिओ) गरी चुक्ता पुँजी तीन अर्ब रुपैयाँ पुऱ्याउने निर्णय गरेको थियो।

एसियाकै ठुलो र पुरानो धितोपत्र बजार मानिने बम्बे स्टक एक्सचेन्ज (बिएसई)ले नेपालको धितोपत्र बजार सुधारका लागि आफ्नो सफ्टवेयर प्रयोग गर्न सुझाव दिँदै आएको छ। करिब ६ हजार कम्पनी सूचीकृत रहेको बिएसईको सफ्टवेयरमार्फत सेयर, मुद्रा, ऋणपत्र तथा डेरिभेटिभ्स कारोबारसमेत गर्न सकिने व्यवस्था छ।

नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर शिवराज श्रेष्ठ संयोजक रहेको 'मुद्रा तथा पुँजी बजारमा देखिएका प्रवृत्तिहरूको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीको स्रोत व्यवस्थापन समितिको प्रतिवेदन, २०७५' ले नेप्से पुनर्संरचना गर्नुपर्ने सुझाव दिएको थियो। संसद्को अर्थ समितिले तत्कालीन सांसद रामकुमारी झाँक्रीको संयोजकत्वमा गठन गरेको पुँजी बजार र मुद्रा बजारसम्बन्धी अध्ययन उपसमितिले तयार गरेको अध्ययन प्रतिवेदनले नेप्सेमा विदेशी रणनीतिक साझेदार भित्र्याउनुपर्नेदेखि स्वामित्व परिवर्तन गर्नुपर्ने सुझाव दिएको छ।



■ विस्तार हुँदै नेपाल-भारत अन्तरदेशीय अनलाइन भुक्तानी

१५ महिनामा चार अर्ब ५३ करोडको कारोबार



■ नागरिकस्तरमा सहजै अपनाइएको देखिन्छ



● **गुरुप्रसाद पौडेल**, प्रवक्ता, राष्ट्र बैंक

नेपाल र भारत दुई देशबिचको अनलाइन कारोबार नागरिकस्तरमा सहजै अपनाइएको देखिन्छ। प्रविधिले पनि साथ दिएको देखिन्छ। तर, दुई देशको सरकारी निकायस्तरमा पनि यसलाई प्रयोगमा ल्याउन सके बल्ल सार्थकता पाउँछ। प्राविधिक हिसाबले केन्द्रीय बैंक सहजीकरणमा तयार छ। केन्द्रीय बैंकले यसलाई थप विस्तारका लागि नीतिगत व्यवस्था गर्दै लैजाने तयारी गरेको छ। नेपालमा भित्रिने पर्यटक र अन्तर्राष्ट्रिय व्यापारमा भारतकै वर्चस्व रहेकाले पनि भारत र अरू देशसँग हुने यस्तो कारोबारमा फरक नीतिगत व्यवस्था आवश्यक छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल-भारतबिचको अन्तरदेशीय अनलाइन कारोबार विस्तार हुन थालेको छ। भारतीय पर्यटकले नेपालमा सीमापार अनलाइन कारोबार (क्रसबोर्डर क्युआर पेमेन्ट)मार्फत चार अर्ब ५३ करोड ९० लाखबराबरको कारोबार गरेका छन्। यो केन्द्रीय बैंकले सार्वजनिक गरेको ०८१ असोजदेखि ०८२ मंसिरसम्मको तथ्यांक हो।

क्रसबोर्डर क्युआर कारोबारमा देखिएको यो वृद्धिले पर्यटन, सीमावर्ती व्यापार र डिजिटल भुक्तानी औपचारिक माध्यममा बढ्न थालेको बुझिएको छ। विशेष गरी भारतसँगको सीमा क्षेत्रमा क्युआरमार्फत भुक्तानी बढ्दै जानु नेपालमा डिजिटल अर्थतन्त्र विस्तारको संकेत पनि हो।

अहिले नेपाल-भारतबिचको अन्तरदेशीय अनलाइन कारोबार क्युआर माध्यमबाट मात्रै सञ्चालनमा रहेको र परीक्षणकालकै अवस्थामा रहेको केन्द्रीय बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले जानकारी दिए। उनले भने, 'दुई देशबिचको यो कारोबार नागरिकस्तरमा सहजै अपनाइएको देखिन्छ। प्रविधिले पनि साथ दिएको देखिन्छ। तर, दुई देशको सरकारी निकायस्तरमा पनि यसलाई प्रयोगमा ल्याउन सके बल्ल सार्थकता पाउँछ। प्राविधिक हिसाबले केन्द्रीय बैंक सहजीकरणमा तयार छ।'

केन्द्रीय बैंकले यसलाई थप विस्तारका लागि नीतिगत व्यवस्था गर्दै लैजाने तयारीमा रहेको पनि उनले जानकारी दिए। नेपालमा भित्रिने पर्यटक र अन्तर्राष्ट्रिय व्यापारमा भारतकै वर्चस्व रहेकाले पनि भारत र अरू देशसँग हुने यस्तो कारोबारमा फरक नीतिगत व्यवस्था आवश्यक पर्ने उनको भनाइ छ।

तथ्यांकअनुसार मंसिरमा मात्रै ४२ करोड ४० लाखको कारोबार भएको छ। हालसम्म सबैभन्दा बढी कारोबार भने गत असार महिनामा ४४ करोड ७० लाखको कारोबार भएको थियो।

नेपाल राष्ट्र बैंकअन्तर्गतको क्युआर प्रणालीमार्फत सुरु भएको क्रस-बोर्डर कारोबार असोज ०८१ मा ४३ हजार नौ सय ६ पटक हुँदा १३ करोड ९० लाख रुपैयाँको किनबेच भएको थियो। त्यसपछि कात्तिक र मंसिरमा कारोबार संख्या र रकम दुवै बढ्यो। गत वर्षको कात्तिकमा १५ करोड ६० लाख रुपैयाँ रहेको क्रसबोर्डर कारोबार मंसिरमा १९ करोड ३० लाख रुपैयाँ पुगेको थियो।

०८१ को पुसमा भने क्रस-बोर्डर क्युआर कारोबारले ठुलो फड्को मार्‍यो। सो महिनामा कारोबार संख्या ५७ प्रतिशतभन्दा बढीले बढेर ८९ हजार एक सय ८६ पुगेको थियो भने कारोबार रकम पनि ६२ प्रतिशतले बढेर ३१ करोड ४० लाख रुपैयाँ पुगेको थियो।

पुसपछि भने कारोबारमा गिरावट देखियो। ०८१ को माघमा कारोबार संख्या १७.४७ प्रतिशतले घटेर ७३ हजार ६ सय एकमा झऱ्यो भने कारोबार रकम पनि १७ प्रतिशतभन्दा बढी घटेर २६ करोड रुपैयाँमा सीमित रह्यो। फागुनमा कारोबार संख्या केही बढे पनि रकम भने २१ प्रतिशतले घटेर २० करोड ५० लाख रुपैयाँमा झरेको थियो।

०८१ सालको चैतदेखि भने क्रस-बोर्डर क्युआर कारोबार पुनः लयमा फर्किएको देखिन्छ। चैतमा कारोबार रकम २५ करोड २० लाख, वैशाखमा २९ करोड ७० लाख र जेठमा ४० करोड ३० लाख रुपैयाँ पुगेको थियो। जेठमा कारोबार संख्या एक लाख ५० हजार दुई सय २८ पुगेदै मासिक आधारमा करिब ३० प्रतिशत वृद्धि देखिएको थियो। असारमा कारोबार रकम ४४ करोड ७० लाख रुपैयाँ पुग्यो। यो हालसम्मकै उच्च मासिक कारोबार रकम हो।

■ क्रस-बोर्डर क्युआर कारोबार (महिनावारी विवरण)

महिना	कारोबार संख्या	कारोबार रकम (रु.)	मासिक कारोबार संख्या वृद्धिदर (%)	मासिक कारोबार रकम वृद्धिदर (%)
असोज ०८१	४३,९०६	१३९,०००,०००	-	-
कात्तिक ०८१	५०,४५५	१५६,०००,०००	१४.९२	१२.२३
मंसिर ०८१	५६,७१२	१९३,०००,०००	१२.४०	२३.७२
पुस ०८१	८९,१८६	३१४,०००,०००	५७.२६	६२.६९
माघ ०८१	७३,६०१	२६०,०००,०००	-१७.४७	-१७.२०
फागुन ०८१	८१,१७९	२०५,०००,०००	१०.३०	-२१.१५
चैत ०८१	१,०१,२८३	२५२,०००,०००	२४.७७	२२.९३
वैशाख ०८२	१,१६,१२९	२९७,०००,०००	१४.६६	१७.८६
जेठ ०८२	१,५०,२२८	४०३,०००,०००	२९.३६	३५.६९
असार ०८२	१,५५,३०४	४४७,०००,०००	३.३८	१०.९२
साउन ०८२	१,३३,१०७	३७३,०००,०००	-१४.२९	-१६.५५
भदौ ०८२	१,३५,३९२	३७६,०००,०००	१.७२	०.८०
असोज ०८२	१,०८,७१०	३१७,०००,०००	-१९.७१	-१५.६९
कात्तिक ०८२	१,४१,४५४	३८३,०००,०००	३०.१२	२०.८२
मंसिर ०८२	१,६०,५५३	४२४,०००,०००	१३.५०	१०.७०
कुल कारोबार रकम		४,५३९,०००,०००		

गण्डकी प्रदेश सरकार
उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय
जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
बेसिशहर, लमजुङ

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०९/२९

यस कार्यालयबाट मिति २०८२/०८/११ मा सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित तपशिल बमोजिमको निर्माण कार्यको लागि गरिएको बोलपत्र आवहान सम्बन्धी सूचना बमोजिम भन्ए मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्याङ्न गर्दा तपशिल बमोजिमको बोलपत्रदाताहरूले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम (छ) बमोजिम तपशिलमा उल्लेख भएको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

ठेक्का नं.	कार्य विवरण	प्राविधिक मूल्याकनमा छनौट भएका बोलपत्रदाताकरुको नाम तथा ठेगाना
NCB/03/ WRIDDOL/ RTIPS/2082/83	Main Canal Lining, Protection works, Repair & Maintenance of Irrigation Gates and Other Associated Structures at Rainas Tar Irrigation Project, Rainas Municipality1-7, Rainastar, Lamjung	1) krischal Construction Pvt. Ltd, Gorkha Municipality-8, Gorkha 2) PRAMAN - SN JV, Pokhara Lekhnath-05, kaski 3) Swatali -Delight - Khanda Devi JV, Kageshwari Manohara-6 4) Machhapuchre Nirman Sewa (P) Ltd, Sundarbazar-3, Lamjung 5) Shree Mahagauri Construction Pvt. Ltd., Chiti, Besishahar, Lamjung 6) KB - SN- SC JV, Bhaktapur, Madhyapur Thimi 7) Aakash Nirman Sewa, Melamchi, Sindhupalchok 8) Construct Nepal, Pokhara-17 ,Birauta 9) B.R.T-J.R.S-SHIVA SHAKTI JV, Banglachuli-4, Dang 10) Pandey -Eco JV, Bharatpur, Nepal 11) Prasad-Aruna-Prashidda JV, Bharatpur-5, Chitwan 12) Siddha Baba Nirman Sewa, Syangja, Nepal 13) Santosh nirman sewa, Lamjung, Nepal
आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान : २०८२/१०/०६, दिनको १२:०५ बजे, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, लमजुङ।		

डिभिजन प्रमुख

Malika Rural Municipality
Office of Rural Municipal Executive
Darbang, Myagdi
Gandaki Province, Nepal

Invitation for Online Bids (e-bid)

Date of Publication: 13th Jan, 2025 (2082/09/29)

Office of Rural Municipal Executive, Malika Rural Municipality, Darbang, Myagdi has allocated funds and intends to apply part funds to construct work of below mentioned contract.

Contract ID	Name of Project	Bid Security	Fee for Bid Documents
MRM/MGD/NCB/ WORKS/082/83-04	River Training work for Darbang bazar Protection work	NRs. 2,15,000/-	NRs. 3,000/-

1. Bidders can get further information from Office of Malika Rural Municipality, Darbang, Myagdi(069420022,Website:www.malikamunmyagdi.gov.np email:malikamunmyagdi@gmail.com) or visit PPMO's website: www.bolpatra.gov.np/egp and interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document (NRS 3000) in the following details :
   Account Holder: Malika Rural Municipality
   Account No: 0750110008400132
   Bank Name: Prabhu Bank Ltd.
   Branch Name: Darbang Branch
   Office Code: 80444504300
   Revenue Code: 14229
2. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Malika rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

सुपारी, केराउ र मरिचको आयात खुलाइयो

काठमाडौं/ सरकारले सञ्चालनमा रहेका तथा नयाँ उद्योगलाई औद्योगिक प्रयोजनका लागि सुपारी, केराउ र मरिचको आयात गर्न दिने भएको छ। सरकारले चालू आर्थिक वर्ष ०८२/८३ मा उत्पादनमूलक उद्योगको कच्चा पदार्थका रूपमा प्रयोग गर्ने गरी सुपारी, केराउ र मरिचको आयात गर्न अनुमति दिने भएको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सोमबार राजपत्रमा सूचना प्रकाशन गर्दै कच्चा पदार्थका रूपमा ती वस्तु आयात गर्न अनुमति दिने जानकारी गराएको हो। सरकारले निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को व्यवस्थाअनुसार यी वस्तुको आयातमा बन्देज लगाउँदै आएको थियो। तर, औद्योगिक प्रयोजनका लागि भने हरेक आर्थिक वर्ष यी वस्तुको आयात खुला गरिने गरिएको छ।

गण्डकी र कोशी प्रदेशबिच पर्यटन प्रवर्द्धनमा सहकार्य

कास्की/ गण्डकी प्रदेश र कोशी प्रदेश सरकारबिच पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने गरी समझदारी भएको छ। पोखरामा सोमबार दुई प्रदेशका प्रतिनिधिको उपस्थितिमा आयोजना गरिएको अन्तरप्रदेश पर्यटन प्रवर्द्धन तथा अन्तर्क्रिया कार्यक्रमपछि समझदारीपत्रमा हस्ताक्षर गरिएको हो।

गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल र कोशीका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीको उपस्थितिमा गण्डकी प्रदेशका तर्फबाट उद्योग तथा पर्यटन मन्त्रालयका निमित्त सचिव टीकाराम पौडेल र कोशीका तर्फबाट पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा. इन्द्रप्रसाद सापकोटाले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्।

मुग्लिनदेखि आँबुखैरेनीसम्म मर्स्याङ्दीको बायाँ किनारमा समानान्तर सडक बन्ने



साबिकको सडक विस्तार सम्भव नहुने भएपछि सरकारले समानान्तर सडक निर्माणका लागि रेखांकन गरी ३० मिटर सीमा तोक्यो

नयाँ पत्रिका

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडकखण्डको मुग्लिनदेखि आँबुखैरेनीसम्म मर्स्याङ्दी नदीपारि समानान्तर सडक बन्ने भएको छ। सरकारले मुग्लिन-आँबुखैरेनीसम्मको हालको सडक विस्तार गर्न असम्भव भएपछि पारिपट्टि समानान्तर सडक बनाउने भएको हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सोमबार राजपत्रमा सूचना प्रकाशन गर्दै उक्त सडकको सीमा निर्धारण गरेको हो। हालको सडकलाई भने एकतर्फी बनाउने सरकारको योजना छ। मुग्लिनदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजारको पारिपट्टि त्रिशूली किनार (गोरखातर्फ)देखि मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युतगृहको पारिपट्टिसम्म थप सडकको रेखांकन गरेको हो।

'मुग्लिन-पोखरा सडकअन्तर्गत मुग्लिनदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजारको पारिपट्टि त्रिशूली किनार (गोरखातर्फ)देखि मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युतगृहको पारिपट्टिसम्म थप सडकको रेखांकन गरी उक्त सडकको केन्द्र रेखादेखि दायाँ-बायाँ दुवैतिर १५-१५ मिटर गरी जम्मा ३० मिटर सडकको सीमा (राइट अफ वे) तोक्ने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ,' रापत्रमा प्रकाशित सूचनामा उल्लेख छ।

मुग्लिन-पोखरा सडक विस्तारले अन्तिम रूप लिइरहेको छ। तर, यो सडकअन्तर्गत मुग्लिन-आँबुखैरेनी खण्ड करिब साढे नौ किलोमिटर सडक भने विस्तारमा समस्या देखिएको छ। यही सडकखण्डमा मर्स्याङ्दी जलविद्युत् आयोजना पर्ने तथा भौगोलिक बनावटसमेत जटिल भएका कारण पारिपट्टि समानान्तर सडक बनाउने सरकारी तयारी छ। मर्स्याङ्दी नदीपारि वारिपारि गरी करिब साढे आठ किलोमिटर सडक बन्नेछ। मर्स्याङ्दी र त्रिशूलीमा दुई नयाँ पुलसमेत बन्नेछन्।

२०० र ५०० का भारु खुला गर्ने निर्णय कार्यान्वयनमा आउँदै

बैंक तथा वित्तीय संस्थालगायतको हकमा औपचारिक सूचना निकाल्ने तयारीमा राष्ट्र बैंक

नयाँ पत्रिका



नेपाल-भारतबिच दुई सय र पाँच सयका भारतीय नोट ल्याउन र लैजान दिने गरी सरकारी निर्णय भएको एक महिनापछि कार्यान्वयनमा आएको छ। २९ मंसिरको मन्त्रिपरिषद्ले २५ हजार भारुसम्मको सीमामा दुई सय र पाँच सयका भारु नोट भारत-नेपालबिच ल्याउन-लैजान दिने निर्णय गरेको थियो। त्यसलाई कार्यान्वयन ल्याउने गरी सोमबार राजपत्रमा सूचना प्रकाशन गरिएको हो। अब यसकै आधारमा नेपाल प्रहरीलगायतका निकायले आवश्यक कारबाही अघि बढाउन सक्नेछन्। बैंक तथा वित्तीय संस्थालगायतको हकमा राष्ट्र बैंकले थप एक औपचारिक सूचना भने निकाल्नुपर्नेछ। राजपत्रमा सूचना प्रकाशन भएसँगै आवश्यक निर्णय गर्ने तयारीमा राष्ट्र बैंक छ। यसअघि नेपालमा एक सयसम्मका भारु नोट मात्रै ल्याउन र लैजान पाउने व्यवस्था थियो। तर, भारतमा सयमाथि २००, ५०० र २००० का नोट पनि छन्, जुन नोट भारतीय रिजर्भ बैंकको निर्णयपछि नेपालमा ल्याउन र यहाँबाट भारत लैजान पनि प्रतिबन्ध लगाइएको थियो। तर, भारतले २८ नोभेम्बर अर्थात् १२ मंसिरमा आफ्नो राजपत्रमा सूचना सार्वजनिक गर्दै एक सयमाथिका भारु नोट नेपाल लैजान र नेपालदेखि ल्याउन दिने निर्णय गरेको थियो। त्यसपछि भारतीय रिजर्भ बैंकले विदेशी विनिमय व्यवस्थापन नियमावली २०१५ संशोधन गर्दै ठुला दरका नोट पनि नेपाल-भारत ल्याउन-लैजान पाउने व्यवस्था गरेको थियो। लगत्तै नेपाल सरकारले पनि २९ मंसिरमा २०० र ५०० का भारु नोट भारतबाट ल्याउन र भारत लैजान दिने गरी निर्णय गरेको थियो। त्यसलाई कार्यान्वयन गर्न राजपत्रमा सूचना प्रकाशन गरेसँगै अब १००, २०० र ५०० का भारु नेपालबाट भारत लैजान र भारतबाट नेपाल ल्याउन पाइनेछ। त्यसमा २५ हजार भारुसम्मको सीमा छ। यो व्यवस्था सटही सुविधामा मात्रै लागू हुनेछ। आमसर्वसाधारणले चलनचल्तीमा भने प्रयोग गर्न पाउनेछैनन्।

नबिल बैंकको अध्यक्षमा निर्वाण

काठमाडौं/ नबिल बैंक लिमिटेडको अध्यक्षमा निर्वाण चौधरी चयन भएका छन् । सोमबार सम्पन्न बैंकको ४१औं वार्षिक साधारणसभाले अध्यक्षमा चौधरीलाई चयन गरेको हो । उपेन्द्रप्रसाद पौडेलको अध्यक्षतामा भएको साधारणसभाले बोनस सेयर र नगद गरी कुल १२.५० प्रतिशत लाभांश पनि पारित गरेको छ । साधारणसभाले संस्थापक सेयरधनीतर्फबाट सञ्चालक समितिमा संस्थापक सेयरधनी समूहको प्रतिनिधित्व गर्ने सञ्चालक पदमा अनिलकेशरी शाहलाई निर्विरोध निर्वाचित गरेको छ ।

यसैसाथ निर्वतनमा अध्यक्ष पौडेलले सफलतापूर्वक आफ्नो दुई कार्यकाल सम्पन्न गरेको समेत बैंकले जनाएको छ । उनको नेतृत्वमा बैंकले दिगो बैंकिङमा उल्लेखनीय



उपलब्धि हासिल गरेको छ । उनले विशेष गरी टिम निर्माण, डिजिटल रूपान्तरणको सुदृढीकरण, दिगो बैंकिङ, नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिपका साथै मर्जर सफल बनाउनसमेत भूमिका निर्वाह गरेका थिए ।

बैंकले देशभर दुई सय ६८ शाखा सञ्जालसहित तीन सय २१ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ ।

डिप्रोक्स लघुवित्तको १५ प्रतिशत लाभांश पारित

काठमाडौं/ डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको २४औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष दीपक खनालको अध्यक्षतामा बसेको सभाले सेयरधनीलाई वितरण गर्ने भनिएको १० प्रतिशत बोनस सेयर र ५ प्रतिशत नगद लाभांश पारित गरिएको छ ।



कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) शेषरमण आचार्यले स्वागत मन्तव्य राखेका थिए भने सभा सञ्चालन कम्पनी सचिव ज्ञानेन्द्र अर्यालले गरेका थिए । निर्वाचनमा संस्थापकतर्फ नेपाल बैंकका प्रदीपकुमार पाठक निर्विरोध चयन भएका छन् भने सर्वसाधारणतर्फ शिवप्रसाद भट्टराई, आयुषी सापकोटा र पुष्करनाथ भण्डारी निर्विरोध निर्वाचित भए ।

सानिमा बैंक नेपाल पेमा आबद्ध



काठमाडौं/ सानिमा बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच एनपिएस (नेसनल कार्ड स्विच)अन्तर्गत डोमेस्टिक कार्ड स्किम नेपाल पे कार्डको प्रमुख सदस्यताका लागि सम्झौता भएको छ ।

सम्झौताअनुसार एनपिएस (नेसनल कार्ड स्विच)लाई डोमेस्टिक कार्ड प्रयोग भई गरिने कारोबारहरूको राउटिङ र सेटलमेन्टमा अन्तरसञ्चालन सुनिश्चितताका लागि केन्द्रीय भुक्तानी पूर्वाधारको रूपमा स्थापना गरिएको बैंकले जनाएको छ । यससम्बन्धी सम्झौतापत्रमा सानिमा बैंकका तर्फबाट प्रमुख निक्षेप अधिकृत हेमराज सञ्ज्याल र एनसिएचएलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका छन् ।

सम्झौतापश्चात् एनपिएस-एनसिएसमा बैंकको स्विच इन्टिग्रेसन गरिसकेपछि सानिमा बैंकले आफ्ना ग्राहकलाई नेपाल पे कार्ड जारी गर्न तथा नेपाल पेको कारोबार प्राप्त गर्न सक्नेछ । एनसिएचएलका अनुसार हालसम्म ३३ वटा बैंक वित्तीय संस्था प्रिन्सिपल मेम्बरका रूपमा यो प्रणालीमा आबद्ध भइसकेका छन् । जसमध्ये १२ वटा संस्थाले लाभ अपरेसन सुरु गरिसकेका छन् ।

एनसिएचएलले हालै नेपाल पे कार्डको व्यावसायिक रोलआउट सुरु गरिसकेको छ । साथै, अन्तर्राष्ट्रिय नेटवर्क डिस्कभरसँगको सहकार्यमा नेपाल पे कार्ड विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको छ ।

नेपाल बैंकका ग्राहकलाई ओम हस्पिटलमा १५ प्रतिशतसम्म छुट



काठमाडौं/ नेपाल बैंक लिमिटेड र ओम हस्पिटल एन्ड रिसर्च सेन्टरबिच सम्झौता भएको छ । बैंकमा कार्यरत कर्मचारी, कर्मचारीका परिवार र बैंकमा खाता रहेका ग्राहकलाई काठमाडौं चाबहिलमा रहेको ओम हस्पिटलमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको हो । सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख वित्त अधिकृत दीपेन्द्रराज काफ्ले र ओम हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार बैंकका कर्मचारी, कर्मचारीका परिवार र बैंकमा खाता रहेका ग्राहकलाई अस्पतालको विविध उपचार सेवामा लाग्ने शुल्कमा बिल रकमको पाँचदेखि १५ प्रतिशतसम्म छुट हुनेछ ।

एलजीद्वारा विश्वकप योजनाको दोस्रो चरणका विजेता घोषणा

काठमाडौं/ एलजी नेपालले आइसिसी टी-२० विश्वकप यात्राको दोस्रो चरणका विजेता घोषणा गरेको छ । कम्पनीले फेब्रुअरी ७ देखि भारत र श्रीलंकामा हुन लागिरहेको विश्वकप क्रिकेटलक्षित योजनाका विजेता घोषणा गरेको हो । विश्वस्तरीय अन्तर्राष्ट्रिय क्रिकेटको रोमाञ्चकलाई एकसाथ जोड्न कम्पनीले २९ मंसिरदेखि यो अभियान सुरु गरेको थियो ।

दोस्रो चरणमा कम्पनीले देशभरबाट चारजना भाग्यशाली विजेता छनोट गरेको छ । विजेता बन्नेमा काठमाडौं, चाबहिलका धीरज बस्नेत, विराटनगरका प्रमिला तिम्सिना, वालिङका माधव न्यौपाने र प्युठानका ग्यामुराम न्यौपाने रहेका छन् । कम्पनीका अनुसार विजेताले वानखेडे स्टेडियम मुम्बईमा हुने नेपालको कुनै एउटा खेल प्रत्यक्ष हेर्न पाउनेछन्, जसमा चार रात पाँच दिनको प्याकेज रहेको छ । यसको सबै खर्च कम्पनीले व्यहोर्ने जनाएको छ । साथै, कम्पनीले अझै पनि एलजीका सामान खरिद गरी विजेता बन्न सकिने जनाएको छ ।



एभरेष्ट बैंकको मंगलबजार विस्तारित काउन्टर समायोजन हुने सम्बन्धी सूचना

यस बैंकको ललितपुर स्थित मंगलबजार विस्तारित काउन्टर मिति २०८३ बैशाख ०२ (15 April 2026) देखि बैंकको ललितपुर स्थित पुल्चोक शाखामा समायोजन भई कारोबार संचालन गर्न लागेकोले मंगलबजार विस्तारित काउन्टरका सम्पूर्ण ग्राहक महानुभावहरुले बैंकको पुल्चोक शाखाबाट सम्पूर्ण बैंकिङ्ग सेवा लिन सकिने जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
दिगो, दरिलो र विश्वासिलो

केन्द्रिय कार्यालय
लाजिम्पाट, काठमाडौं
फोन नं. ०१-४५४३३७७

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

सामुदायिक पुस्तकालय सवलीकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने बारे सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२९

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **'सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रम'** सञ्चालन हुने भएको हुँदा **"सामुदायिक पुस्तकालय सवलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची-१ बमोजिम तोकिएको ढाँचामा आवेदन र कागजातहरु** संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/१०/१३ सम्म) यस कार्यालयमा प्रस्ताव पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक पुस्तकालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र कार्यविधिको दफा ४ बमोजिमका शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयको वेवसाइट **https://sdokavre.bagamati.gov.np/** हेर्न सकिनेछ ।

कार्यालय प्रमुख

झरना बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचोक,मध्यपुर थिमि–४,भक्तपुर फोन नं. ०१-५०४३५४३
ईमेल : saccosjharana@gmail.com

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ३५(पैतिस) दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२९

यस सहकारी संस्थाबाट सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पति धित्तो जमानतमा राखी तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले बिभिन्न मितिमा बिभिन्न शिर्षक अन्तर्गत लिनु भएको कर्जाको सांवा ब्याज तथा हर्जाना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरी मिति २०८२।०३।१८ गते नयाँ पत्रिकामा ऋणीलाई कर्जा तिर्न/बुझाउन आउने बारे ३५ दिने सुचना प्रकाशित गरी सकेकोमा सो समय भित्र पनि ऋणीहरूले कर्जाको साँवा ब्याज र हर्जाना समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण लेना रकम बुझाउन आउनु हुन ऋणीहरूलाई अनुरोध गरिएको छ । उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्रि गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराइन्छ । यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६औं दिनका दिन तथा सो दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम बढाबढबाट सो घर/जग्गा बिक्रि गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्रि गर्दा समेत संस्थाको लेना रकम साँवा ब्याज र हर्जाना अपुग भएमा ऋणीको अन्य सम्पति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका/भएका चल अचल सम्पतिबाट असुलउपर गरिने व्यहोरा सबैलाई जानकारी गराइन्छ । यसै सुचनालाई आधार मानी सो घर/जग्गा लिलाम बढाबढबाट खरिद गर्नलिने इच्छुक सर्वसाधाण/संस्थालाई समेत यो सुचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धित्तो(सुरक्षण)विवरण
१	कर्जा नं.:ए.जि.एल. ०१-४२५ **नाम : कविराज अधिकारी** बुबाको नाम: उद्धव बहादुर अधिकारी बाजेको नाम:सोम बहादुर अधिकारी	भक्तपुर जिल्ला साविक बालकोट ८ हाल सुर्यविनायक न.पा.वडा नं.३ स्थित कि.नं. ३२८५ र ३२८८ क्षेत्रफल क्रमशः ०-८-१-१ र ०-०-२-० को घर/जग्गा, सो घरले चर्चेको लिगलगापात समेत
२	कर्जा नं.: ए.जि.एल. ०१-४२७ **नाम : कपिलदेव अधिकारी** बुबाको नाम: उद्धव बहादुर अधिकारी बाजेको नाम:सोम बहादुर अधिकारी	भक्तपुर जिल्ला साविक बालकोट ८ हाल सुर्यविनायक न.पा.वडा नं.३ स्थित कि.नं. ३२८५ र ३२८८ क्षेत्रफल क्रमशः ०-८-१-१ र ०-०-२-० को घर/जग्गा, सो घरले चर्चेको लिगलगापात समेत
३	कर्जा नं.: ए.जि.एल. ०१-४२६ **नाम : रिता बुढाथोकी** पतिको नाम: कपिलदेव अधिकारी ससुराको नाम: उद्धव बहादुर अधिकारी	भक्तपुर जिल्ला साविक बालकोट ८ हाल सुर्यविनायक न.पा.वडा नं.३ स्थित कि.नं. ३२८५ र ३२८८ क्षेत्रफल क्रमशः ०-८-१-१ र ०-०-२-० को घर/जग्गा, सो घरले चर्चेको लिगलगापात समेत
४	कर्जा नं.: ए.जि.एल. ०१-४२८ **नाम : मौसमी थापा** पतिको नाम: कविराज अधिकारी ससुराको नाम: उद्धव बहादुर अधिकारी	भक्तपुर जिल्ला साविक बालकोट ८ हाल सुर्यविनायक न.पा.वडा नं.३ स्थित कि.नं. ३२८५ र ३२८८ क्षेत्रफल क्रमशः ०-८-१-१ र ०-०-२-० को घर/जग्गा, सो घरले चर्चेको लिगलगापात समेत

१) धित्तो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले कबुल गरेको अंकको १०% प्रतिशत हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ ।

२) लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिनभित्र बाँकी रकम बुझाई नामसारी/दा.खा.गर्नु पर्नेछ । नामसारी/दा. खा. गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ ।

३) तोकेको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढाबढ गरिनेछ ।

४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ ।

५) लिलाम बिक्रि हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ ।

६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको बिनियम,कर्जा लगानी तथा असुली नीति अनुसार बिक्रि गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा संस्थाले उक्त धित्तोमा रहेको घर जग्गाको स्वामित्व आफुमा लिन सक्नेछ ।

७) लिलाम बिक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ । धित्तो नामसरी/दा. खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ ।

८) संस्था सुरक्षणमा रहेको धित्तोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजकोद एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३६औं दिन दिनको ११ बजे देखि दिनको ३ बजे सम्म हुनेछ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०९/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१०/१३ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुने सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुने कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/प्रोप्राईटर/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
१) ऋणी: शाह ईन्टरप्राइजेज दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय, बीरगंज, पर्सा प्रा.फ.र.नं.: ३६८९४/०७५/७६ दर्ता मिति :२०७५/०४/१३ पान नं. ६०८०९६७८२ ठेगाना : सखुवा प्रसौनी - ५, महुवन, पर्सा **प्रोप्राइटर/जमानतकर्ताको नाम: सरोज देवी साह** पतिको नाम : सुनिल कुमार प्रसाद तेली ससुराको नाम : जयगोविन्द साह तेली ठेगाना : महुवन-३, पर्सा ना.प्र.नं.: ३४-०१-७२-०२९१९, जारी मितिः २०७२-०३-२९ जारी गर्ने कार्यालय : जि.प्र.का., पर्सा **कर्जा लिएको शाखा : बीरगंज, पर्सा**	**क) नाम : सुनिल कुमार प्रसाद तेली** बाबुको नाम : जयगोविन्द साह तेली बाजेको नाम : रामटहल साह तेली ठेगाना : महुवन-३, पर्सा ना.प्र.नं. : ५७९४१५६९ जारी मिति : २०५५-०६-०८ जारी गर्ने कार्यालयः जि.प्र.का., पर्सा **ख) नाम : सलोनी कुमारी** बाबुको नाम : सुनिल कुमार प्रसाद तेली बाजेको नाम : जयगोविन्द साह तेली ठेगाना : सखुवा प्रसौनी-५, पर्सा ना.प्र.नं. : ३४-०१-७६-०८५८७ जारी मिति : २०७६-०८-०१ जारी गर्ने कार्यालयः जि.प्र.का., पर्सा
सुरक्षणमा रहेको धितोको विवरणः १. श्री मालपोत कार्यालय पर्सामा सरोज देवी साहको नाममा दर्ता कायम रहेको महुवन-५, पर्सा स्थित कित्ता नं.१२०० को क्षेत्रफल १६९३.१५ वर्ग मि. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत । २. श्री मालपोत कार्यालय पर्सामा सुनिल कुमार प्रसाद तेलीको नाममा दर्ता कायम रहेको महुवन-६, पर्सा स्थित कित्ता नं.७८ को क्षेत्रफल ३६४०.२५ वर्ग मि. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	

ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
२) ऋणी: ध्रुव टेलर्स दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति, मन्थली, रामेछाप प्रा.फ.र.नं. : ३३३८/०७६/०७७, दर्ता मिति : २०७६/०७/२६ ठेगाना : मन्थली न.पा.-१, रामेछाप पान नं. ६१२४४२८४३ **प्रोप्राईटर/जमानतकर्ताको नामः ध्रुव नेपाली** बाबुको नाम : इन्द्रबहादुर दमाई बाजेको नाम : सन्त बहादुर दमाई ठेगानाः पकरबास-०९, रामेछाप हालको ठेगाना : मन्थली न.पा.-०१, रामेछाप ना.प्र.नं.: २१ २११०३३/१६२६०, जारी मितिः २०६७/०१/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप **कर्जा लिएको शाखा : मन्थली, रामेछाप**	**क) नाम : सर्मिला नेपाली** बुवाको नाम : बादी दमाई पतिको नाम : ध्रुव नेपाली ससुराको नाम : इन्द्रबहादुर दमाई ठेगाना : पकरबास-०९, रामेछाप हालको ठेगाना : मन्थली न.पा.-०१, रामेछाप ना.प्र.नं.: २१-०१-६९-३६५३३ जारी गर्ने कार्यालयः जि.प्र.का. ,रामेछाप जारी मिति : २०६९/१२/०२
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय मन्थली, रामेछापमा सर्मिला नेपाली को नाममा दर्ता कायम रहेको रामेछाप जिल्ला, सुनारपानी-०८/८८ स्थित कि.नं. १२ को क्षेत्रफल ५०८.७४ व.मी. तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
३) ऋणी: परमेश्वर एग्रो इन्टरप्राइजेज प्रा.फ.र.नं. : ३४६५५/०७३/७४ दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय, विरगंज, पर्सा दर्ता मिति :२०७३/०५/३० ठेगाना : बीरगंज-२०,अलौ, पर्सा पान नं. ६०५१७८०३० **प्रोप्राइटर/जमानतकर्ताको नाम : परमेश्वर प्रसाद यादव** बाबुको नाम : कृष्णदेव प्रसाद अहिर बाजेको नाम : अलख राउत अहिर ठेगाना : अलौ-०७,पर्सा हाल : विरगंज-१७, पर्सा ना.प्र.नं.: ००५६३१४४ जारी गर्ने कार्यालय : जि.प्र.का., पर्सा जारी मिति : २०६१/१२/०९ **कर्जा लिएको शाखा कार्यालय : बीरगंज, पर्सा**	**क) नाम : रिना देवी यादव** बाबुको नाम : हरि नारायण अहिर पतिको नामः परमेश्वर प्रसाद यादव ससुराको नाम : कृष्णदेव प्रसाद अहिर ठेगाना : अलौ-०७, पर्सा हाल : विरगंज-१७, पर्सा ना.प्र.नं. : ३४-०१-७०-१४२९५ जारी गर्ने कार्यालय : जि.प्र.का., पर्सा जारी मिति : २०७०/१२/३० **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय बीरगंज,पर्सा मा परमेश्वर प्रसाद यादवको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, अलौ वडा नं. ७ स्थित कि.नं. ८३० को क्षेत्रफल ६२६.४१ वर्ग मिटरको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुने हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुने ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुने पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुने ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

Bateshwor Rural Municipality
Office of Rural Municipal Executive
Bateshwor, Dhanusha
Madhesh Pradesh, Nepal

Invitation for electronic bids

Date of publication: 2082-09-29 (13 January 2026)

1. Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com, 9854060412, 9840090472
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office ofBateshwor Rural Municipality Office of Rural Municipal Executive Bateshwor, Dhanush or may visit PPMO website www.gov.np/egp

S. N.	Contract ID No:-	Descriptions of works	Bid validity period	Estimated Amount with VAT & PS	Bid bond Amount	Non refundable fee	Remarks
1	**BRM/NCB/W/ 03/2082/083**	Gaupalika Agaadi Samudayik Bhawan Nirman, Bateshwor RM-4	90 days	Rs. ***29,99,925.88***	Rs75,000.00	Rs. 3,000.00	

Chief Administrative Officer

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार २९ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एन्फाको निर्वाचन प्रक्रिया अघि नबढाउन उच्चको अन्तरिम आदेश

एन्फा निर्वाचनका लागि उम्मेदवारी दर्तालगायतका कुनै कार्य तत्काल अघि नबढाउन उच्च अदालत पाटनले दियो अन्तरिम आदेश

रमेश सुवेदी/नयाँ पत्रिका

उच्च अदालत पाटनले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई आगामी २८ माघमा झापामा गर्ने भनिएको चुनावी साधारणसभाका सबै प्रक्रिया रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। उच्च अदालत पाटनका न्यायाधीश कृपासुर कार्कीको एकल इजलासले आगामी ६ माघमा दुवै पक्षलाई छलफलका लागि उपस्थित हुन आदेश दिएको छ। छलफलअघिसम्म एन्फालाई निर्वाचनका सबै प्रक्रिया स्थगन गर्न भनिएको छ।

यसअघि राष्ट्रिय खेलकुद परिषद्ले विधान संशोधन गरेर मात्र निर्वाचन गर्न निर्देशन दिए पनि एन्फाले निर्वाचन कार्यतालिका प्रकाशन गर्दै निर्वाचन प्रक्रिया अघि बढाएको थियो। २५ पुसमा गोर्खा जिल्लाका एन्फाका प्रतिनिधि अमित खत्रीले निर्वाचन रोक्न अदालत रिट राखेका थिए। खत्रीले अघिल्लो चार वर्षका लागि मात्र म्यान्डेट पाएका पुरानै प्रतिनिधिले आगामी चार वर्षका लागि गरिने निर्वाचनमा पनि प्रतिनिधित्व गर्दा आफ्नो अधिकार हनन भएको भन्दै तहगत निर्वाचनपछि मात्र केन्द्रको चुनाव हुनुपर्ने जिकिरका साथ केन्द्रीय निर्वाचनको प्रक्रिया रोक्न माग गर्दै मुद्दा दायर गरेका थिए।

खत्रीकै रिटमाथि सुनवाई गर्दै न्यायाधीश कार्कीको एकल इजलासले एन्फा निर्वाचन रोक्न अन्तरिम आदेश दिइएको हो। 'उम्मेदवारी दर्ता फाराम बुझ्नेलगायत निर्वाचनसम्बन्धीको अन्य कुनै पनि कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा भनिएको छ।

मुद्दाको छिनोफानो तथा अन्तरिम आदेश माग गरेपछि अदालतले दुवै पक्षलाई आफैं वा कानुनबमोजिमको प्रतिनिधिलाई छलफलमा बोलाएको हो। 'अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा, प्रस्तुत निवेदनको विषयवस्तुको बारेमा दुवै पक्षको छलफल सुनी अन्तरिम आदेशको सम्बन्धमा निर्णय गर्न उपयुक्त हुने भएकाले ६ माघमा अन्तरिम आदेश छलफलका लागि पेसी राखिएको छ,' आदेशमा उल्लेख छ।

पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फाको कार्यकाल आगामी ४ असारमा पूरा हुँदै छ। नेतृत्वको संस्थापन पक्षले कार्यसमितिका धेरैजसो सदस्यले असन्तुष्टि जनाए पनि २८ माघमा चुनावी साधारणसभा गर्ने निर्णय गरेको थियो। उपाध्यक्ष विराटजंग शाहीदेखि सदस्य रूपेश अधिकारीलगायतले जिल्ला र प्रदेशको निर्वाचनपछि मात्रै केन्द्रको निर्वाचन हुनुपर्ने माग कार्यसमितिको बैठकमा राखेका थिए। तर, अध्यक्ष नेम्वाङले बहुमत सदस्यको मत भन्दै 'अर्ली निर्वाचन' को समय र स्थान घोषणा गरे। उच्च अदालतको आदेशपछि एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाले संस्थापन पक्षको चुनाव गर्ने षड्यन्त्र असफल भएको प्रतिक्रिया दिएका छन्। 'प्रक्रिया, विधानविपरीत हुने निर्वाचनले नेपाली फुटबलको प्रशासन ध्वस्त गर्ने नियोजित षडयन्त्र असफल भएको छ,' शेर्पाले भने। एन्फाको निर्वाचन समितिका सदस्यसचिव लोकेन्द्र ओलीले २५ पुसमा निर्वाचन तालिका प्रकाशन गरेका थिए।

यसअघि राखेपले एन्फाले स्वीकृतिका लागि निवेदन दिए पनि स्वीकृति नदिई विधान संशोधन गरेर मात्र निर्वाचन प्रक्रिया अघि बढाउन भनेको थियो। तर, एन्फाले ३ माघभित्र उम्मेदवारी पेस गर्ने कार्यतालिका प्रकाशन गऱ्यो। विभिन्न प्रक्रिया पार गरेपछि १८ माघमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने एन्फाले जनाएको थियो।



सिन्धुपाल्चोकमा लाग्यो ताला

एन्फाकै निर्वाचनलाई लिएर जिल्ला फुटबल संघ सिन्धुपाल्चोकमा ताला लागेको छ। उपाध्यक्ष गणेश लामाको नेतृत्वमा कार्यसमितिका १० सदस्यले लामोसाँघुमा रहेको कार्यालयमा ताला लगाएको हो। उनीहरूले अध्यक्ष अमृतमान श्रेष्ठले कार्यसमितिमा कुनै छलफल नगरी नै प्रतिनिधि छनोट गरेर निर्वाचनमा सहभागी भएको भन्दै ताला लगाएका पत्रमा उल्लेख गरेका छन्। 'अध्यक्ष अमृतमान श्रेष्ठले कार्यसमितिमा कुनै छलफल, सहमति र निर्णय नगरी प्रतिनिधि छनोट गरेर निर्वाचनमा सहभागी भएको हुँदा तत्काल उक्त निर्णय मान्य नहुने र सो कार्यको घोर भर्त्सना र विरोध गर्दछौं,' पत्रमा भनिएको छ।

११ बुँदा सच्याएर निर्वाचन गर्न राखेपको निर्देशन

संस्थापन पक्षको निर्णयमा असन्तुष्टि जनाउँदै उपाध्यक्ष शाहीलगायतका पदाधिकारी राष्ट्रिय खेलकुद परिषद् (राखेप) पुगेका थिए। उनीहरूले विधानअनुसार निर्वाचन प्रक्रिया अगाडि नबढेको र अदालतको नजिर पनि नरहेको आधारसहित राखेपका सदस्यसचिव रामचरित्र मेहतासमक्ष उजुरी राखेका थए। त्यसपछि राखेपले एन्फा विधानका विभिन्न ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न निर्देशन दिएको थियो। राखेपको निर्देशनसमेत नमानेर एन्फा संस्थापन पक्षले सार्वजनिक सूचना जारी गर्दै निर्वाचन प्रक्रिया अगाडि बढाएको थियो। त्यसपछि गोरखाका प्रतिनिधि खत्री अदालत पुगेका थिए।

उनले राखेपका अध्यक्षसमेत रहेका खेलकुदमन्त्री बब्लु गुप्ता, राखेपका सदस्यसचिव मेहता, अखिल नेपाल फुटबल संघ, एन्फाका अध्यक्ष नेम्वाङ र महासचिव किरण राईलाई विपक्षी बनाएर रिट दायर गरेका थिए। एन्फाले ३ माघभित्र उम्मेदवारी पेस गर्ने कार्यतालिका प्रकाशन गरेको थियो। विभिन्न प्रक्रिया पार गरेपछि १८ माघमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र २८ माघमा निर्वाचन हुने तालिका एन्फाको छ।

एन्फाले यसपटक जिल्ला र प्रदेशको निर्वाचन नगरी कार्यकाल सकिनु चार महिनाअघि केन्द्रीय समितिको मात्र निर्वाचन गर्न लागेको हो। एन्फाले विभिन्न जिल्लासहित क्लबलाई मताधिकारप्राप्त प्रतिनिधि पठाउन पत्राचार गरिसकेको छ। यसअघि खेलकुद परिषद्का संघ-संस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राईले एन्फालाई पत्राचार गर्दै तहगत निर्वाचन तथा प्रचलित नियम र विधानबमोजिम गर्न भनेका थिए।

बार्सिलोनाले जित्यो १६औँपटक स्पेनिस सुपर कप



बार्सिलोनाले रोमाञ्चक फाइनलमा रियल म्याड्रिडलाई २-३ गोलले हराउँदै समग्रमा १६औँ र लगातार दोस्रोपटक उचाल्यो स्पेनिस सुपर कप

एजेन्सी

बार्सिलोनाले १६औँपटक स्पेनिस सुपर कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। बार्सिलोनाले आइतबार राति साउदी अरबको जेद्दामा रंगशालामा भएको रोमाञ्चक फाइनलमा चिरपरिचित प्रतिद्वन्द्वी रियल म्याड्रिडलाई २-३ गोलले हराउँदै समग्रमा १६औँ र लगातार दोस्रोपटक स्पेनिस सुपर कपको उपाधि जितेको हो। गत संस्करणमा पनि बार्सिलोनाले रियल म्याड्रिडलाई नै हराउँदै ट्रफी हात पारेको हो। सन् २०११ पछि बार्सिलोनाले लगातार दोस्रोपटक सुपर कप जितेको हो।

बार्सिलोनाले उपाधि रक्षा गर्ने क्रममा ब्राजिलियन राफिन्हाले महत्त्वपूर्ण दुई गोल गरेका थिए। उनले अग्रता र विजयी गोल गरेका हुन्। मध्यान्तरअघिको इन्जुरी समय रोमाञ्चकतालै भरिँदा तीन गोल भएका थिए। खेलको ३६औँ मिनेटमा राफिन्हाले बार्सिलोनालाई १-० को अग्रता दिलाएका थिए। पहिलो हाफको इन्जुरी समयमा भिनिसियस जुनियरले रियल म्याड्रिडलाई १-१ को बराबरीमा पुऱ्याएका थिए।

बार्सिलोनाले रियल म्याड्रिड सम्हालिन नपाउँदै पहिलो हाफको इन्जुरी समयकै चौथो मिनेटमा २-१ को अग्रता बनायो। रोबर्ट लेवान्डोस्कीले पेड्रोको पासमा बार्सिलोनालाई २-१ को अग्रता दिलाएका हुन्। त्यहीँ इन्जुरी समयकै छैटौँ मिनेटमा गोन्जालो ग्रासियाले रियल म्याड्रिडलाई २-२ को बराबरीमा ल्याए। उनले एकल प्रयासमा गोल गरेका हुन्। खेलको ७३औँ मिनेटमा ब्राजिलियन स्ट्राइकर राफिन्हाले बार्सिलोनालाई ३-२ को अग्रता दिलाए। खेलमा थप गोलद नहुँदा उनकै निर्णायक गोलमा बार्सिलोना उपाधि रक्षा गऱ्यो।

खेलमा रियल म्याड्रिडका केलियन एम्बाप्पेविरुद्ध ट्याकल गरेपछि फ्रेन्की डी जोङले रातो कार्ड पाउँदै मैदान छाडेका थिए। घुँडाको चोटबाट निको भएपछि मैदानमा छिरेका एम्बाप्पे वैकल्पिक खेलाडीका रूपमा थिए। खेलको अन्त्यतिर दुवै टोलीले गोलका केही अवसर गुमाउँदा खेल रोमाञ्चक बनेको थियो। अल्भारो करेरास र राउल एसेन्सियोका प्रहारलाई बार्सिलोनाका गोलरक्षक जोआन गार्सियाले बचाए।

एल क्लासिकोमा रियल म्याड्रिड अगाडि

विश्व फुटबलमा बार्सिलोना र रियल म्याड्रिडबिचको प्रतिस्पर्धालाई 'एल क्लासिको' भनिन्छ। अहिलेसम्मको तथ्यांकअनुसार एल क्लासिकोको भिडन्तमा रियल म्याड्रिड धेरैपटक विजयी भएको छ। यी दुई टोलीबिच दुई सय ६३ पटक प्रतिस्पर्धा भएका छन्। जसमा रियल म्याड्रिडले १०६ चोटी एल क्लासिको आफ्नो पक्षमा राखेको छ। बार्सिलोनाले एक सय पाँचपटक रियल म्याड्रिडलाई हराएको छ। रियल म्याड्रिड र बार्सिलोनाबिच ५२ खेल 'ड्र' भएका छन्।

किंग अब्दुल्लाह सिटी रंगशालामा बार्सिलोनाले बल पोसेसन बलियो बनाएको थियो। रियल म्याड्रिडले सुरुदेखि नै रक्षात्मक रणनीति अपनाएको थियो। भिनिसियस जुनियरको गोलसँगै रियल म्याड्रिडले बार्सिलोनाविरुद्ध खेलमा पकड बनाउने प्रयास गरेको थियो। तर, बार्सिलोनाको सटिक खेलअगाडि रियल म्याड्रिडको केही लागेन।

लगातार १० खेलमा विजयी

बार्सिलोना उत्कृष्ट फर्ममा छ। गत वर्षको २६ अक्टोबरमा बार्सिलोना रियल म्याड्रिडसँग एल क्लोसिकोमै पराजित भएको थियो। यसअघि गत वर्षकै नोभेम्बरमा युरोपियन च्याम्पियन्स लिगमा चेल्सीसँग पराजित भएको थियो। समग्रमा बार्सिलोना लगातार १० खेलमा अपराजित छ। स्पेनिस ला लिगामा बार्सिलोनाले शीर्ष स्थानमा रियल म्याड्रिडमाथिको अग्रता कायमै राखेको छ।

रियल म्याड्रिड र बार्सिलोनाबिच लगातार चार खेल भएको हो। जसमध्ये तीनमा बार्सिलोना विजयी रह्यो। जसमा बार्सिलोनाले दुईपटक सुपर कप र कोपा डे रेयमा रियल म्याड्रिडलाई हराएको छ। सावी अलोन्सोको प्रशिक्षणमा रियल म्याड्रिडले गत वर्षको एल क्यासिकोमा बार्सिलोनालाई एकपटक मात्र पराजित गरेको थियो।

खेल संक्षेप

चाँदबागको सहज जित

काठमाडौं/ द चाँदबाग स्कुलले पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा सोमबार जित हात पारेको छ। चाँदबागले हिमालीलाई २८-२० ले पराजित गऱ्यो। चाँदबागको जितमा अमौलिका खड्काले १० स्कोरको योगदान गरिन्। अकोए खेलमा साबिक विजेता रिब्सले बालदीक्षा सदनलाई २४-१५ ले हरायो। प्रतियोगिताको सिनियर पुरुषमा बालदीक्षा सदनले आयोजक केएमसी 'बी'लाई २९-१५ को स्कोरमा हराएको छ। सेवा सदनले ग्रिन लन्समाथि २६-२० को जित निकाल्यो। भिएस निकेतनले नेपाल सेन्ट्रललाई २९-१७ र गोल्डेनपिकले काठमाडौं जेभियर्स पब्लिकलाई ६०-४५ ले पाखा लगाए।

फाइनलमा मकालु

संखुवासभा/ खाँदबारी रंगशालामा चलिरहेको तेस्रो तीनपोखरी कप पुरुष फुटबल प्रतियोगितामा मकालु फ्रेन्ड्स क्लब फाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको सोमबार भएको सेमिफाइनलमा मकालुले चुलाचुली स्पोर्टिङ क्लब दमकलाई २-० ले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। मकालुले मंगलबार सेकाहा क्लब र शीतलपाटी क्लबबिचको विजेताविरुद्ध उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको विजेताले दुई लाख ५१ हजार र उपविजेताले एक लाख २१ हजार रुपैयाँ पाउनेछन्। यसैगरी, विधागत उत्कृष्ट खेलाडी पनि पुरस्कृत हुनेछन्।

टेबलटेनिसलाई वडा ६ को सहयोग

काठमाडौं/ ललितपुर महानगरपालिका वडा ६ ले ललितपुर जिल्ला टेबलटेनिस संघलाई सहयोगस्वरूप खेल सामग्री प्रदान गरेको छ। वडाले चार थान रोल म्याट, सात सेट बोर्ड, २६ थान लाइट र अन्य सामग्री प्रदान गरेको हो। ललितपुर जिल्ला टेबलटेनिसका सदस्यले निकेश जोशीले १० लाखबराबरको टेबलटेनिस सामग्री प्राप्त भएको बताए। वडा ६ का अध्यक्ष रूपेन्द्रराज शाक्यले ललितपुर जिल्ला टेबलटेनिसका अध्यक्ष आशिष अवालेले सामग्री हस्तान्तरण गरेका छन्।

पान्दोलुङ च्याम्पियन

ताप्लेजुङ/ पान्दोलुङ माध्यमिक विद्यालय नाल्बुले सोमबार विद्यालयस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उपाधि हात पारेको छ। च्याम्पियन पान्दोलुङले सर्वाधिक १३ स्वर्ण, ६ रजत र सात कांस्य पदक जित्यो। उपविजेता पृथ्वी माबि खाम्बुलले समान सात स्वर्ण, रजत र चार कांस्य पदक जितेको छ। ६ स्वर्ण, चार रजत र चारै कांस्य पदकसहित लक्ष्मी माबि तेस्रो भयो। चौथो भएको त्रिभुवन माबि थुकीले चौथो स्थान रक्षा गरेको छ। सूर्यदेवी माबि सान्थाक्राले १ स्वर्ण, ६ रजत र २ कांस्य पदक जित्दै पाँचौं स्थान हात पारेको छ। अन्तरविद्यालयस्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीलाई आगामी अन्तरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको तयारीका लागि मेरिडेन गाउँपालिकाले बन्द प्रशिक्षणमा राख्ने जनाएको छ।

यलम्बर कप माघमा

काठमाडौं/ नखिपोट युवा क्लबको आयोजना चौथो यलम्बर कप राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिता १४ माघदेखि हुने भएको छ। प्रतियोगिता चार डबल्स र एक एकल स्पर्धा समावेश रहेको सोमबार आयोजक क्लबका अध्यक्ष इन्द्रजित लिम्बूले जानकारी गराए। पुरुष डबल्स 'ए' डिभिजन र 'बी' डिभिजन, यू-१७ पुरुष एकल, महिला डबल्स र भेट्रान ४५ वर्षमाथि पुरुष डबल्समा प्रतिस्पर्धा हुनेछन्। पुरुष डबल्स 'ए'मा शीर्ष २० वरीयताका खेलाडीले सहभागी हुन पाउनेछैनन्। नेपाल ब्याडमिन्टन संघसँग छलफल गरी पुरुष डबल्स 'बी' क्याटेगोरीमा सहभागी हुन पाउने खेलाडीको टुंगो लगाइने आयोजकले जनाएको छ।

बुद्धिचालमा शुभांगको गतिलो चाल

काठमाडौं/ रातो बंगला स्कुलका शुभांग प्रधानले हिमालयन च्यालेन्जर्स फिडे रेटिङ क्लासिकल बुद्धिचाल प्रतियोगितामा लगातार दोस्रो जित हात पारेका छन्। उनले सोमबार अभिक रेग्मीलाई हराएका हुन्। आठ वर्षीय शुभांग क्लासिकल, च्यापिड र ब्लिजकै फिडे रेटिङप्राप्त सबभन्दा कान्छो खेलाडी हुन्। १४९१ रेटेड शुभांगले प्रतिस्पर्धात्मक खेलमा सिद्धार्थ वनस्थलीका अभिकलाई सहजै हराए। पहिलो दिन अभियान राईलाई पराजित गरेका शुभांगले तेस्रो चरणमा मंगलबार सेन्ट जेभियर्स कलेजका अभिक शाहविरुद्ध खेल्नेछन्। हिमालयन चेस एकेडेमीको आयोजना भइरहेको हिमालयन च्यालेन्जर्समा शुभांगसहित शीर्ष वरीयताका अभिक शाह, सजल न्यौपाने र सात्विकमान तुलाधर विजयी भए। दोस्रो दिनको खेल समाप्तिसम्म सातजना खेलाडीले समान ६ अंक बटुलेका छन्। प्रतियोगितामा २८ स्कुल र कलेजका ६ महिला र २४ पुरुष गरी ३० जना खेलाडी सहभागी छन्।



१०औँ पोखरा स्पोर्टस् अवार्ड आगामी १८ वैशाखमा

कास्कीमा रोहितराज पराजुली

१०औँ पोखरा स्पोर्टस् अवार्ड आगामी वर्षको १८ वैशाखमा हुने भएको छ। आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको सोमबार बसेको कार्यसमिति बैठकले अवार्डको मिति तय गरेको हो। मञ्चका अध्यक्ष एमबी आस्था मगरले अवार्डमा गण्डकी प्रदेशको खेलकुद विकासमा योगदान पुऱ्याएका खेलाडी, प्रशिक्षक, खेलकुद संस्था, पत्रकार गरी विभिन्न सात विधामा अवार्ड हुने बताए। लाइफ टाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल संघ-संस्था, वर्ष उत्कृष्ट पत्रकारिता अवार्ड वितरण गरिने अध्यक्ष मगरले जानकारी दिए। अवार्डअन्तर्गत लाइफटाइम अचिभमेन्ट अवार्ड पाउनेले चाँदीको करुवा पाउनेछन्। वर्ष खेलाडी पुरुष र महिलाले स्कुटर हात पार्नेछन्। वर्ष उत्कृष्ट उदीयमान खेलाडी, प्रशिक्षक, पत्रकार र खेलकुद संघ-संस्था वा क्लबले ३५ हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ।

प्रत्येक विधामा समान तीनजना मनोनयन गरिने छ। वर्ष खेलाडी पुरुष, महिला, उदीयमान खेलाडी र उत्कृष्ट प्रशिक्षक विधामा समान तीनजनालाई मनोनयन गरिने मञ्चका महासचिव परशुराम शर्माले बताए। यसै तीनजनाबाट एक उत्कृष्ट बन्नेछन्। प्रदेशका ११ जिल्लामा रहेका र गएको एक वर्षभरि उत्कृष्ट प्रदर्शन गरेका खेलाडीबाटै छनोट हुनेछन्। अवार्डका लागि प्रदेश खेलकुद परिषद् गण्डकी र पोखरा महानगरपालिकाको विशेष सहयोग रहनेछ।

बुबा र छोरा एकै टोलीमा

अफगानिस्तानका क्रिकेटर मोहमद नाबीले बंगलादेश प्रिमियर लिगमा छोरा हसनसँगै नोखाली एक्सप्रेसबाट प्रतिस्पर्धा गरेका छन्। टी-२० फ्रेन्चाइज लिगमा बुबा र छोरा एकै टोलीबाट खेलेको यो पहिलो अवसर हो।

एजेन्सी

बंगलादेश प्रिमियर लिग (टी-२० फ्रेन्चाइज)मा रेकर्ड बनेको छ। अफगानिस्तानका क्रिकेटर मोहमद नाबी र उनका छोरा हसन इसाखीले एकै टोलीबाट खेल्नै दुर्लभ रेकर्ड राखेका हुन्। क्रिकेट इतिहासमा अहिलेसम्म बुबा र छोरा एकै टोलीबाट प्रतिस्पर्धा गरेको पहिलोपटक हो। फ्रेन्चाइज टोली नोखाली एक्सप्रेसमा यस सिजनका लागि नाबी र हसन आबद्ध भएका हुन्। लिगको २२ औँ खेलमा दुवैले ढाका क्यापिटल्सविरुद्ध मैदान उत्रिँदा इतिहास बन्यो। महत्त्वपूर्ण पक्ष के रह्यो भने नाबीले नै आफ्ना छोरा हसनलाई डेब्यु क्याप प्रदान गरेका थिए।

बंगलादेश प्रिमियर लिगमा आफ्नो डेब्यु खेलमै हसनले म्यान अफ दी म्याचको ट्रफीसमेत हात पारे। ढाका क्यापिटल्सविरुद्ध ब्याटिङ गरेको एक्सप्रेसका लागि हसनले ६० बलमा ९२ रनको योगदान दिए। सो खेलमा ढाका क्यापिटल्स ४१ रनले पराजित भएको भएको थियो। हसनले सात चौका र पाँच छक्का प्रहार गरे।

हसनको प्रदर्शनमा नाबी दंग

बंगलादेश प्रिमियर लिगमा डेब्यु खेलमै आफ्ना छोरा हसनले उत्कृष्ट प्रदर्शन गरेपछि बुबा नाबी दंग छन्। उनले क्रिजमा छोरासँगै ब्याटिङ गरिरहँदा सामान्य रूपमा लिएको बताएका छन्। 'समाजको नजरमा हामी बुबा र छोरा हौं तर वास्तविकमा भने हामी साथीजस्तै हौं,' नाबीले खेलपछि भनेका छन्, 'ब्याटिङको क्रममा मैले उसलाई केही पनि भनिनँ।' हसनलाई प्रारम्भिक क्रिकेटको पाठ नाबीले नै दिएका हुन्। प्रशिक्षणको क्रममा हसनले आफूलाई कहिले पनि निराश नबनाएको नाबीको भनाइ छ। 'पक्कै पनि छोरा हसनको पहिलो गुरु म हुँ,' उनले भने, 'सधैं माथिल्लो स्तरमा क्रिकेट खेल्ने भन्थे आज छोराको सपना पूरा भएको छ।' १९ वर्षीया हसनले ढाका क्यापिटल्सविरुद्ध उत्कृष्ट स्ट्रोक लगाउँदा अच्चम्म लागेको नाबीले बताए।

छोरासँगै खेल्ने नाबीको सपना पूरा

नाबीले कुनै पनि फ्रेन्चाइज लिगमा छोरा हसनसँगै ब्याटिङ गर्ने सपना बुनेका थिए। उनको सपना छिट्टै पूरा भयो पनि। नाबी भन्छन्, 'वास्तवमा म आज निकै खुसी छु। वर्षौंदेखि छोरासँगै क्रिकेट खेल्ने सपना पूरा भएको छ। व्यावसायिक क्रिकेटका लागि उसलाई सानैदेखि तयार गरेको थिएँ।' प्रतिस्पर्धाको अघिल्लो दिन बुबा र छोराबिच ९० मिनेट छलफल चलेको थियो। डेब्युको अवसर पाउँदा कसरी खेल्ने र आफूलाई कसरी नियन्त्रणमा राख्ने भन्ने नाबीले छोरालाई टिप्स दिएका थिए। 'हामीबिच डेढ घण्टा छलफल भएको थियो। बंगलादेशको पिचबारे राम्रो जानकारी भएका कारण अवस्थाअनुसार खेल्न सिकाएँ,' नाबीले भने, 'डेब्यु खेलमै हसनले उत्कृष्ट खेल प्रदर्शन गरेको देख्दा म भाव विह्वल भएँ।'

तीन बलको अन्तरमा बुबा र छोरा आउट

पहिलो ब्याटिङ गरेको नोखाली एक्सप्रेसले २० ओभरमा सात विकेट गुमाएर १८४ रन बनाएको थियो। प्रत्युत्तरमा ढाका क्यापिटल्स १८.२ ओभरमा १४३ रनमा अलआउट भएको थियो। नोखाली एक्सप्रेसको ब्याटिङमा बुबा नाबी र छोरा हसनले चौथो विकेटका लागि साझेदारीसमेत गरे।

उनीहरूबिच ५३ रनको साझेदारी भएको थियो। नाबीले १३ बलमा १७ रनको योगदान दिँदा दुई चौका प्रहार गरेका थिए। संयोग कस्तो रह्यो भने उनीहरू केवल तीन बलको अन्तरमा पेभेलियन फर्केका थिए। इनिङ्सको १७.६ ओभरमा नाबी र १८.२ ओभरमा हसन आउट भएका थिए। हसन आउट हुँदा एक्सप्रेस १७२-५ को अवस्थामा थियो। बलिङ क्रममा नाबीले चार ओभरमा २३ रन खर्चेर दुई विकेट हात पारे।



छोरा हसन इसाखीसँग छलफल गर्दै मोहमद नाबी (दायाँ)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com